# मत्तीको सुसमाचार

### येशूको परिवारिक इतिहास

*(लूका ३:२३-३८)*

**१** यो येशू ख्रीष्टको परिवारिक इतिहास हो। उहाँ दाऊदको परिवारबाट आउनु भयो। दाऊद अब्राहामको परिवारका हुन्।

२ अब्राहाम इसहाकका पिता थिए।
इसहाक याकूबका पिता थिए।
याकूब यहूदा र उनका
दाज्यू-भाइहरूका पिता थिए।
३ यहूदा पेरेज र जाराका पिता थिए
(तिनीहरूकी आमा तामार थिइन्।)
पेरेज हेस्रोनका पिता थिए।
हेस्रोन आरामका पिता थिए।
४ आराम अमिनादाबका पिता थिए।
अमिनादाब नास्सोनका पिता थिए।
नास्सोन सल्मोनका पिता थिए।
५ सल्मोन बोअजका पिता थिए।
(बोअजकी आमा राहाब थिइन्।)
बोअज ओबेदका पिता थिए।
(ओबेदकी आमा रूथ थिइन्)।
ओबेद यस्सीका पिता थिए।
६ यस्सी राजा दाऊदका पिता थिए।
दाऊद सुलेमानका पिता थिए।
(सुलेमानकी आमा उरियाकी पत्नी थिइन्।)
७ सुलेमान रोओबामका पिता थिए।
रोओबाम अबियाका पिता थिए।
अबिया आसाफका पिता थिए।
८ आसाफ योसाफातका पिता थिए।
योसाफात योरामका पिता थिए।
योराम ओजियाका पिता थिए।
९ ओजिया योआथामका पिता थिए।
योआथाम आहाजका पिता थिए।
आहाज एजेकियाका पिता थिए।
१० एजेकिया मनस्सेका पिता थिए।
मनस्से आमोसका पिता थिए।
आमोस योसियाका पिता थिए।
११ योसिया येकोनिया र उसका
भाइहरूका पिता थिए।
(यो त्यसै समयको कुरा हो जुनबेला यहूदीहरूलाई
दासका रूपमा बेबिलोनमा लगिएका थिए।)
१२ तिनीहरूलाई बेबिलोनमा लगिएपछि:
येकोनियास शालतिएलका पिता थिए,
शालतिएल जरूबाबेलका पिता थिए।
१३ जरूबाबेल अबिउदका पिता थिए।
अबिउद एलियाकिमका पिता थिए।
एलियाकिम आजोरका पिता थिए।
१४ आजोर सादोकका पिता थिए।
सादोक आखिमका पिता थिए।
आखिम एलिउदका पिता थिए।
१५ एलिउद एलियाजरका पिता थिए।
एलियाजर मत्थानका पिता थिए।
मत्थान याकूबका पिता थिए।
१६ याकूब यूसुफका पिता थिए।
यूसुफ मरियमको लोग्ने थिए
अनि मरियमबाट ख्रीष्ट
यशूको जन्म भयो।

१७यसरी अब्राहामदेखि दाऊदसम्म चौध पुस्ताहरू थिए। दाऊदको समयदेखि मानिसहरूलाई बेबिलोन पुर्‍याइने बेलासम्म चौध पुस्ताहरू थिए। अनि यहूदीहरूलाई बेबिलोनमा लगिएदेखि ख्रीष्टसम्म चौध पुस्ताहरू थिए।

### येशू ख्रीष्टको जन्म

*(लूका २:१-७)*

१८येशू ख्रीष्टकी आमा मरियमको मगनी यूसुफसँग भएको थियो। तर तिनीहरूको विवाह हुनु भन्दा अघिनै मरियम पवित्र अत्माको शक्तिद्वारा गर्भवती भएकी थिइन। १९मरियमका पति, यूसुफ एक धार्मिक मानिस थिए। उनले मरियमलाई विवाह हुनु अघि मानिसहरूका माझमा लज्जित बनाउन चाँहदैन थिए। यसकारण उनी गोप्य प्रकारले मरियमलाई त्याग्ने पक्षमा थिए।

२०तर जब यूसुफले यसो गर्ने विचार लिए, परमप्रभुका एउटा दूत सपनामा तिनीकहाँ आए। दूतले भने, "यूसुफ, दाऊदको पुत्र, मरियमलाई आफ्नी पत्नीको रूपमा ग्रहण गर्न तिमी डराउनु पर्दैन। उनको गर्भमा भएको नानी पवित्र आत्माबाट भएको हो। २१उनले एउटा पुत्रको जन्म दिनेछिन्। तिमीले उहाँको नाउँ येशू राख्नू। उनलाई त्यो नाउँ दिनु, किनभने, उहाँले नै आफ्ना मानिसहरूलाई तिनीहरूका पापहरूबाट उद्धार गर्नुहुनेछ।
२२अगमवक्ताद्वारा परमप्रभुले बोल्नु भएको वचन पूरा

होस् भनेर यी सबै हुन आएका हुन्: २३"कन्या
गर्भवती हुनेछिन्, र एउटा पुत्र जन्माउने छिन्, तिनीहरूले
उहाँको नाउँ इम्मानुएल राख्नेछन्।"* (इम्मानुएलको
अर्थ हो "परमेश्वर हामीहरूसित हुनुहुन्छ।")
२४जब यूसुफ निद्राबाट ब्यूँझे; परमप्रभुका दूतले
तिनलाई जे भनेका थिए त्यही गरे। यूसुफले मरियमलाई
विवाह गरे। २५तर मरियमले पुत्र नजन्माउञ्जेलसम्म
यूसुफले तिनीसित सहवास गरेनन् अनि यूसुफले पुत्रको
नाउँ येशू राखिदिए।

### ज्योतिषीहरू येशूलाई भेटन् आउँछन्

२ यहूदिया भन्ने ठाउँको बेतलेहेम शहरमा येशूको
जन्म भएको थियो। हेरोद राजा भएकोबेलामा
उहाँको जन्म भएको थियो। जब येशूको जन्म भयो
केही ज्योतिषीहरू पूर्वबाट यरूशलेममा आए। २ती
ज्योतिषीहरूले मानिसहरूलाई यसोभनी सोधे, "यहूदीहरूका
राजा भएर जन्मेका उहाँ कहाँ हुनुहुन्छ? हामीले उहाँको
तारा पूर्वमा देख्यौं जसले उहाँ जन्मेको संकेत दिएको
छ। हामीले पूर्वी आकाशमा तारा उदय हुँदै गरेको
देख्यौं। हामी उहाँको आराधना गर्न आएका छौं।"
३जब राजा हेरोदले यहूदीहरूका यी नयाँ राजाको
बारेमा सुने। हेरोद यस घटनाबाट चिन्तित भए।
यसकारण यरूशलेमका सबै बासिन्दाहरूलाई पनि यो
समाचारले चिन्तित तुल्यायो। ४हेरोदले सबै मुख्य यहूदी
पूजाहारीहरू र जनताका शास्त्रीहरूको एउटा सभा
बोलाए। उनले तिनीहरूलाई सोधे, "ख्रीष्टको जन्म
कहाँ हुनेहो?" ५तिनीहरूले जवाफ दिए, "यहूदीयाको
बेतलेहेम शहरमा; अगमवक्ताद्वारा यस विषयमा लेखिएको
छ:
६'ए बेतलेहेम, यहूदाको मुलुक, तँ यहूदाका
शासकहरूका माझ महान छस्। हो, तँबाट एकजना
शासक आउनेछन् जो मेरो मानिस, इस्राएलको रखवाल
गर्नेछन्।'" *मीका ५:२*

७त्यसपछि हेरोदले पूर्वका ती ज्योतिषीहरूलाई गुप्तमा
बोलाए। हेरोदले तिनीहरूबाट पहिलो पल्ट तारा देखा
परेको समय ठीकसँग पत्ता लगाए। ८त्यसपछि हेरोदले
ती ज्योतिषीहरूलाई बेतलेहेममा पठाए। हेरोदले
तिनीहरूलाई भने "जाऊ र बालकको बारेमा ठीकसँग
पत्ता लगाओ। जब त्यो बालकलाई भेट्टाउनेछौ, तब
मलाई खबर गर, र म पनि गएर तिनको आराधना
गर्नेछु।" ९राजाका सबै कुरा सुने र ज्योतिषीहरू गए।
जुन-तारा तिनीहरूले पूर्वमा देखेका थिए, फेरि त्यही
तारा तिनीहरूले देखे। ज्योतिषीहरूले तारालाई पछ्याउन
थाले। त्यो तारा सानो बालक भएको ठाउँमा नपुगुञ्जेल
तिनीहरूको अघि-अघि गयो र त्यही अड़ियो। १०तारा
देखेर ज्योतिषीहरू अत्यन्तै खुशी भए। ११तिनीहरू
बालक भएको घरभित्र गए। त्यहाँ सानो बालकलाई
आफ्नो आमा मरियमसँग देखे। तिनीहरूले शिर झुकाएर
बालकलाई दण्डवत र आराधना गरे। बालकलाई
ल्याइदिएका उपहारहरू तिनीहरूले खोले र उनलाई
सुन, धूप र मूर्रका भेटी झुकाएर चढ़ाए। १२तर
परमेश्वरले तिनीहरूलाई सपनामा चेताउनी दिनुभयो।
परमेश्वरले तिनीहरूलाई "हेरोदकहाँ फर्केर नजाऊ"
भनी चेताउनी दिनुभयो। त्यसपछि तिनीहरू अर्कै बाटो
भएर आफ्ना निजदेशमा फर्किए।

### मातापितासँग येशू मिश्रदेशमा

१३ज्योतिषीहरू गएपछि, परमप्रभुको एउटा दूत सपनामा
यूसुफकहाँ देखा परे। दूतले भने, "उठ, साना बालक
र उहाँकी आमालाई साथमा लिएर मिश्रदेशमा जाऊ।
हेरोदले साना बालकहरूलाई खोज्न लागिरहेकोछ। उसले
सानो बालकलाई मार्न चाहन्छ। मैले नभनेसम्म तिमी
त्यहीं बस्नु।"
१४अनि यूसुफ उठेर सानो बालक र उनकी आमालाई
साथमा लिएर त्यसै बखत मिश्रदेश तर्फ लागे। तिनीहरूले
रातीनै घर छोड़े। १५हेरोदको मृत्यु नभएसम्म यूसुफ
मिश्रदेशमा नै बसे। अगमवक्ताद्वारा परमेश्वरले भन्नु
भएको वचन यसरी पूरा भयो। परमेश्वरले भन्नुभयो,
"मैले आफ्नो पुत्रलाई मिश्र देशबाट बोलाएँ।"*

### बेतलेहेममा हेरोदद्वारा स-साना बालकहरूको हत्या

१६ज्योतिषीहरूबाट हेरोदले धोका पाएको थाहा पाएपछि
तिनी साह्रै रिसाए। अनि बेतलेहेम र त्यसका छेउछाउमा
भेट्टाएका सबै स-साना बालकहरूलाई मार्ने आदेश
दिए। ज्योतिषीहरूबाटै हेरोदले बालक जन्मेको समय
पत्ता लगाएका थिए। त्यस बेलादेखि अहिलेसम्म दुइ
वर्षको अवधि बितेको थियो। अनि हेरोदले दुइ वर्ष र
त्यसदेखि मुनिका सबै बालकहरूलाई मार्न लगाएका
थिए। १७तब यर्मिया अगमवक्ताद्वारा परमेश्वरले
भन्नुभएको वचन सत्य भयो:
१८"रामामा एउटा स्वर सुनियो, रूवाबासी र अलाप-
विलापको, राहेलले आफ्ना बालकहरूको लागि विलाप
गरिरहेकी थिइन; शान्त बन्न तिनले अस्वीकार गरिन्
किनकि, तिनका बालकहरू अब जीवित थिएनन्।"
*यर्मिया ३१:१५*

### यूसुफ र मरियम मिश्रदेशबाट फर्कन्छन्

१९हेरोद मरेपछि, परमप्रभुका एकजना दूत यूसुफकहाँ
सपनामा देखा परे। यो घटना त्यसबेला भयो जब यूसुफ

---

**"कन्या ... राख्नेछन्"** यशैया ७:१४

**"मैले ... बोलाएँ"** होशे ११:१

मिश्रदेशमा नै थिए। २०स्वर्गदूतले यसो भने, “उठ, साना बालक र उहाँकी आमालाई लिएर इस्राएल जाऊ। बालकलाई मार्न चाहने ती मानिस अहिले मरिसकेका छन्।”

२१त्यसपछि यूसुफ उठे, बालक र उहाँकी आमालाई लिएर इस्राएल तर्फ आए। २२तर यूसुफले यहूदियामा त्यसबेला अर्खिलाउस राजा भएको कुरो सुने। आफ्ना बाबु हेरोदको मृत्युपछि अर्खिलाउस राजा भए। यसकारण यूसुफ त्यहाँ जान डराए। सपनामा पनि तिनलाई चेताउनी भयो। त्यसपछि तिनले त्यो ठाउँ छाड़े अनि गालीलको इलाकामा गए। २३यूसुफ नासरत भन्ने ठाउँमा पुगे र त्यही बस्न थाले। यसरी अगमवक्ताद्वारा बोलिएको वचन सत्य भयो। परमेश्वरले भन्नुभएको थियो कि “ख्रीष्टलाई नासरी* भनिनेछ।”

## बप्तिस्मा दिने यूहन्नाको कार्य

*(मर्कूस १:१-८; लूका ३:१-६, १५-१७; यूहन्ना १:१९-२८)*

३ त्यही समयमा बप्तिस्मा दिने यूहन्ना देखापरे। अनि यहूदियाको मरुभूमिमा प्रचार गर्न थाले। २तिनले भने, “पश्चाताप गर, आफ्नो हृदय र रहन-सहन परिवर्त्तन गर, किनभने स्वर्गको राज्य चाड़ै आउन लागेको छ।” ३बप्तिस्मा दिने यूहन्ना उही हुन् जसको विषयमा यशैया अगमवक्ताद्वारा यसो भनिएको थियो। यशैयाले भनेका थिए:

“मरुभूमिमा एकजना कराइरहेछन्, ‘परमप्रभुको बाटो तयार पार; उहाँका मार्गहरू सोझ्याऊ।’”

*यशैया ४०:३*

४यूहन्नाको लुगा ऊँटको रौंको थियो। तिनको कम्मरमा छालाको पेटी थियो। तिनको आहार सलह र वन-मह थियो। ५यूहन्नाको सन्देश सुन्न मानिसहरू एकत्र भए। यरूशलेम र सारा यहूदिया र यर्दन नदी वरिपरि सबै भागका मानिसहरू तिनीहरूकहाँ गए। ६आफ्नो पाप स्वीकार गरे पछि मानिसहरू आए अनि यूहन्ना द्वारा यर्दन नदीमा बप्तिस्मा लिए।

७धेरै फरिसीहरू र सदुकीहरू यूहन्नाकहाँ बप्तिस्मा लिनका निम्ति आए। जब यूहन्नाले तिनीहरूलाई देखे तिनले भने, “हे सर्पका सन्तान हो, आउन लागेको परमेश्वरको क्रोधबाट भाग्न कसले तिमीहरूलाई चेताउनी दियो? ८तिमीहरू यस्तो काम गर जसबाट, तिमीहरूको हृदय र रहन-सहन साँच्चै परिवर्त्तन भएको बुझिनेछ। ९अनि ‘अब्राहाम नै हाम्रा पिता हुनुहुन्छ’ भन्ने कुरा आपसमा विचार नगर। म तिमीहरूलाई भन्दछु, परमेश्वरले यी ढुङ्गाबाट अब्राहामका लागि सन्तान प्रदान गर्न सक्नुहुन्छ। १०अनि अहिलेनै रूखहरूको फेदमा बञ्चरो परेको छ। असल फल नफलाउने सबै रूखहरूलाई काटेर ढालिनेछ अनि आगोमा फालिनेछ।

११“म चाहिँ तिमीहरूले पश्चाताप गऱ्यौ भनी देखाउनका निम्ति पानीद्वारा बप्तिस्मा गरिदिन्छु। तर मपछि आउने एक जना मभन्दा शक्तिशाली हुनुहुन्छ, जसको जुत्ताको फित्ता खोल्ने लायकको म छैन, उहाँले नै तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ। १२उहाँले अन्न र भूसलाई अलग पार्न निफन्ने नाङ्लो आफ्नो हातमा लिनु भएकोछ, उहाँले गहुँ संग्रह गरी आफ्नो गहुँ भकारीमा जम्मा गर्नुहुनेछ। अनि भूस जति ननिभ्ने आगोमा जलाउनुहुनेछ।”

## यूहन्नाद्वारा येशूको बप्तिस्मा

*(मर्कूस १:९-११; लूका ३:२१-२२)*

१३त्यसैबेला येशू गालील भएर यर्दन नदीमा आउनुभयो। येशू यूहन्नाद्वारा बप्तिस्मा लिनका निम्ति यूहन्नाकहाँ आउनुभयो। १४तर यूहन्नाले उनी येशूलाई बप्तिस्मा दिनु योग्यको छैनन-भन्ने कोशिश गरे उनले सोधे, “तपाईं मकहाँ बप्तिस्मा लिन किन आउनुभयो? म आफैले तपाईंबाट बप्तिस्मा लिनु पर्ने हो।”

१५येशूले भन्नुभयो, “अहिलेलाई यस्तै हुनदेऊ। हामीले यसरीनै सही कुरा गर्नु पर्छ।” त्यसपछि यूहन्ना येशूलाई बप्तिस्मा दिन राजी भए।

१६त्यसपछि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनु भयो। स्वर्ग उहाँको निम्ति उघ्रियो अनि परमेश्वरको आत्मा ढुकुर जस्तै आफूमाथि आइरहेको देख्नु भयो। १७तब स्वर्गबाट यो वाणी आएको सुनियो। वाणीले यसो भन्यो, “यिनी मेरो प्यारो पुत्र हुन् र म यिनीसँग अत्यन्त प्रसन्न छु।”

## येशूको निम्ति कठिन परीक्षा

*(मर्कूस १:१२-१३; लूका ४:१-१३)*

४ यसपछि आत्माले येशूलाई मरुभूमिमा लगेर गयो। दुष्टात्माद्वारा परीक्षा गर्नको निम्ति त्यहाँ लगिएको थियो। २चालीस दिन र चालीस रात येशूले केही खानु भएन। यसपछि उहाँ भोकाउनु भयो। ३शैतान येशू कहाँ परीक्षा गर्नलाई आयो र भन्यो, “यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरू रोटी होऊन् भनी आज्ञा दिनुहोस्।”

४जवाफमा येशूले भन्नुभयो, “धर्मशास्त्रमा यस्तो लेखिएको छ:

‘मानिस रोटी खाएर मात्र बाँच्दैन, परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्दछ।’” *व्यवस्था ८:३*

५त्यसपछि शैतानले येशूलाई पवित्र शहर यरूशलेममा लग्यो। त्यो दुष्टात्माले येशूलाई मन्दिरको गजूरमाथि

---

**नासरी** नासरी शहरको एकजना व्यक्ति, सम्भवत नाउँ “हाँगा” अथवा “शाखा”। हेर्नोस यशैया ११:१

राख्यो। ६शैतानले भन्यो, “यदि तपाईं परमेश्वरका पुत्र
हुनुहुन्छ भने, यहाँबाट तल हाम फाल्नुहोस्। किनभने
धर्मशास्त्रमा यस्तो लेखिएको छ:

‘परमेश्वरले तपाईंको निम्ति स्वर्गदूतहरूलाई खटाउनु
हुनेछ, अनि तिनीहरूले तपाईंलाई हात-हातमा उचाल्नेछन्,
जसद्वारा, तपाईंको खुट्टाहरू ढुङ्गामा बजारिने छैनन्।’”
*भजनसंग्रह ९१:११-१२*

७येशूले जवाफ दिनुभयो, “धर्मशास्त्रमा यस्तो पनि
लेखिएको छ:

‘तैंले परमप्रभु आफ्नो परमेश्वरलाई परीक्षा नगर्नू।’”
*व्यवस्था ६:१६*

८त्यसपछि शैतानले येशूलाई एउटा अति अल्गो
पर्वतमा पुर्‍यायो। उसले येशूलाई संसारका सबै राज्यहरू,
त्यहाँ भएका वैभव देखायो। ९शैतानले भन्यो, “यदि
तपाईंले घोप्टो परेर मलाई दण्डवत् गर्नुभयो भने यी
सब थोक म तपाईंलाई दिनेछु।”

१०येशूले शैतानलाई भन्नुभयो, “म देखि टाढा
भइहाल, शैतान। धर्मशास्त्रमा यस्तो लेखिएको छ,

‘तैंले परमप्रभु आफ्नो परमेश्वरलाई दण्डवत् गर्नु पर्छ
अनि उहाँकै मात्र सेवा गर्न पर्छ।’” *व्यवस्था ६:१३*

११त्यसपछि शैतानले येशूलाई छोड़िदियो। त्यसपछि
केही स्वर्गदूतहरू येशूकहाँ आएर उहाँको सेवा-टहल
गरे।

## गालिलमा येशू आफ्नो काम शुरु गर्दै

*(मर्कूस १:१४-१५; लूका ४:१४-१५)*

१२येशूले यूहन्ना थुनामा परे भन्ने कुरा सुन्नु भयो।
त्यसपछि उहाँ गालील तर्फ लाग्नुभयो। १३येशू नासरतमा
बस्नु भएन। उहाँ गालिल झीलको नजिकको कर्फनहुम
नगरमा बस्नु भयो। कर्फनहुम जबुलून अनि नप्तालीका
क्षेत्रमा पर्छ। १४येशूले यशैया अगमवक्ताद्वारा बोलिएको
यिनै वचनलाई पूरा गर्नका निम्ति यसो गर्नु
भयो,

१५“जबुलूनको मुलुक र नप्तालीको मुलुक, यर्दन
नदीपारि समुद्रको किनार गालील, गैर-यहूदीहरूको
मुलुक-

१६जहाँका मानिसहरू अन्धकारमा थिए, तिनीहरूले
एउटा ठूलो ज्योति देखे: विहान झैं अँध्यारो मुलुकमा
बस्नेहरूको निम्ति ज्योति उदायो। मुलुक चिहान जस्तै
ठाउँमा बाँच्न परेको थियो।” *यशैया ९:१-२*

१७यसै बेलादेखि येशूले प्रचार गर्न थाल्नुभयो।
उहाँले भन्नलाग्नुभयो, “तिमीहरू पश्चत्ताप गर अनि
आफ्नो रहन-सहन परिवर्त्तन गर, किनभने, स्वर्गको
राज्य नजिक आइपुगेको छ।”

## येशू केही चेलाहरू चुन्नु हुन्छ

*(मर्कूस १:१६-२०; लूका ५:१-११)*

१८गालील झीलका छेउ भएर येशू हिँड़िरहनु भएको
थियो। उहाँले दुइजना दाज्यू-भाइलाई देख्नुभयो पत्रुस
भनिने शिमोन र तिनको भाइ अन्द्रियास दुवै दाज्यू-भाइ
माछामार्ने जलहारी थिए। अनि तिनीहरूले समुद्रमा जाल
हानेर माछा मार्दै थिए। १९येशूले भन्नुभयो, “मेरो पछि
लाग र म तिमीहरूलाई मानिसहरूका जलहारी बनाउनेछु।”
२०शिमोन र अन्द्रियास दुवैले आफ्नो जालहरू त्यति नै
बेला छाड़िदिए र येशूको पछिलागे।

२१गालील झील भएर येशू हिँड़दै जानुभयो। उहाँले
अरू दुइजना दाज्यू-भाइलाई देख्नुभयो, याकूब र
यूहन्ना ती जब्दीका छोराहरू थिए। तिनीहरूले जाल
बुन्दै गरेका देख्नु भयो। येशूले ती दुइ दाज्यू-भाइलाई
पनि बोलाउनु भयो। २२तिनीहरूले पनि तुरन्तै आफ्नो
डुङ्गा र आफ्नो बाबुलाई छोड़ेर येशूको पछि लागे।

## येशूको उपदेश र मानिसहरूको चंगाई

*(लूका ६:१७-१९)*

२३येशूले गालीलका सबै ठाउँहरूमा यात्रा गर्नुभयो।
उहाँले तिनीहरूको सभाघरहरूमा सिकाउन लाग्नुभयो
अनि स्वर्गको राज्यको बारेमा सुसमाचार प्रचार गर्नुभयो।
उहाँले मानिसहरूमा भएका हरेक किसिमका रोग र
शारीरिक कमजोरीहरूलाई निको पार्नुभयो।

२४उहाँको कीर्ति सिरियाभरि फिँजियो, अनि
मानिसहरूले शारीरिक रूपले रोगी भएका सबै रोगीहरूलाई
उहाँकहाँ ल्याउन थाले। ती रोगी मानिसहरू अनेक
प्रकारका रोग र कष्टले पीड़ित थिए। कतिजना
मानिसहरू एकदमै नराम्रा रोगले पीड़ित थिए भने
कतिजना भूत-प्रेत र पिशाच लागेकाहरू थिए। कतिजना
छारेरोग लागेकाहरू र कतिजना पक्षवात भएकाहरू
थिए। येशूले तिनीहरू सबैलाई निको पार्नुभयो। २५धेरै-धेरै
मानिसहरूले उहाँलाई पछ्याउन लागे। ती मानिसहरू
गालील, डेकापोलिस* यरूशलेम, यहूदिया तथा यर्दन
नदी पारिका अन्य इलाकाबाट आएकाहरू थिए।

## येशूद्वारा मानिसहरूलाई शिक्षा

*(लूका ६:२०-२३)*

५ येशूले त्यहाँ भएका धेरै मानिसहरूलाई देख्नु
भयो। येशू डाँडामा उक्लेर बस्नुभयो। उहाँका
चेलाहरू पनि उहाँको नजिक आएका थिए। २उहाँले
तिनीहरूलाई सिकाउन थाल्नुभयो। उहाँले भन्नुभयो,

---

**डोकापोलिस** दशश शहर गलीलको पूर्ण इलाका जहाँ
पहिलो दशवाट मुख्य शहरहरू थिए।

३“ती मानिसहरू धन्य हुन् जसले आफूलाई आत्मिक
रूपले दरीद्र छौ भनी बुझेका छन्, किनभने स्वर्गको
राज्य तिनीहरूकै हो।
४धन्य शोक गर्नेहरू, किनभने परमेश्वरले तिनीहरूलाई
सान्त्वना दिनुहुनेछ।
५धन्य विनम्र हुनेहरू, किनभने तिनीहरूले पृथ्वीको
अधिकार पाउनेछन्।
६धन्य धार्मिकताका निम्ति भोकाउने र तिर्खाउनेहरू,
किनभने परमेश्वरले तिनीहरूलाई तृप्त पार्नु हुनेछ।
७धन्य अरू प्रति दया देखाउनेहरू किनभने तिनीहरूले
दया पाउनेछन्।
८धन्य हृदयमा शुद्ध हुनेहरू, किनभने तिनीहरूले
परमेश्वरलाई देख्नेछन्।
९धन्य शान्ति मेल-मिलाप गराउनेहरू, किनभने
परमेश्वरले तिनीहरूलाई आफ्ना पुत्र भन्नुहुनेछ।
१०धन्य धार्मिकताको निम्ति सताइएकाहरू, किनभने
स्वर्गको राज्य तिनीहरूकै हुनेछ।
११“धन्य हौ तिमीहरू जब मानिसहरूले तिमीहरूको
निन्दा गर्नेछन् र खेदो गर्नेछन्। झूटो बोलेर हरेक
किसिमका दुष्ट कुरा गरेर तिमीहरूको खेदो गर्नेछन्,
किनभने तिमीहरू मेरा चेलाहरू हौ। १२सुखी र खुशी
बन। स्वर्गमा तिमीहरूलाई ठूलो इनाम मिल्नेछ। किनभने
तिमीहरूका अघिका अगमवक्ताहरूलाई तिनीहरूले यसरी
नै व्यवहार गरेका थिए।

## तिमीहरू पृथ्वीका नून र ज्योति जस्तै हौ

*(मर्कूस ९:५०; लूका १४:३४-३५)*

१३“तिमीहरू पृथ्वीका नून हौ। यदि नूनको स्वाद नै
छैन भने, फेरि त्यसलाई नुनिलो केले पार्ने र? यदि
नूनमा नूनको स्वाद नै छैन भने त्यो ताफालिन र
मानिसका खुट्टाले कुल्चनबाहेक अरू केही कामको
हुँदैन। १४तिमीहरू संसारका ज्योति हौ जसले संसारलाई
उज्यालो पार्छ। डाँड़ामा बसालिएको नगर अदृष्य रहन
सक्तैन। १५त्यसरीनै मानिसहरूले बत्ती बालेर पाथीमुनि
राख्दैनन्। त्यसको सट्टामा तिनीहरूले त्यसलाई सामदानमा
राख्छन्। यसरी घरमा भएका सबै मानिसहरूले उज्यालो
पाउने छन्। १६त्यसै गरी, अरूका निम्ति तिमीहरू पनि
उज्यालो बनिदिनु पर्छ। तिमीहरूले गरेका सुकर्महरू
मानिसहरूले देख्नेछन् र स्वर्गमा बस्नु हुने तिमीहरूका
पिताका महिमा गर्नेछन्।

## येशू अनि पुरानो नियमको लेखाई

१७“म मोशाको व्यवस्था अथवा अगमवक्ताहरूद्वारा
लेखिएको अगमवाणी रद्द गर्न आएको भन्ने नसम्झ,
रद्द गर्न होइन, तर पूरा गर्न म आएको हुँ। १८म
साँचो भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी बितेर जाँदैन,
व्यवस्थाको हरेक कुरा पूरा हुनेछ सबै कुरा पूरा
नहोउञ्जेल कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा
एउटा बिन्दु पनि हटाइने छैन। १९हरेक मानिसले प्रत्येक
आदेश पालन गर्नैपर्छ चाहे त्यो आदेश सामान्य नै किन
नहोस्। यदि कुनै मानिसले एउटा पनि आदेश पालन
गर्न चाँहदैन अनि अरूलाई पनि आदेश पालन नगर्नु
भनी सिकाउँछ भने स्वर्गको राज्यमा त्यो सबैभन्दा तुच्छ
ठहरिनेछ। तर जसले आदेश पालन गर्छ अनि अरूलाई
पनि आदेश पालन गर्न सिकाउँछ, त्यो नै स्वर्गको
राज्यमा ठूलो कहलाइनेछ। २०म भन्दछु धर्मशास्त्री र
फरिसीहरूको भन्दा तिमीहरूले राम्रो काम गर्नु पर्छ।
यदि तिमीहरूले तिनीहरूलाई उछिन्न सकेनौ भने तिमीहरूले
स्वर्गको राज्यमा प्रवेश गर्न सक्नेछैनौ।

## येशूद्वारा रीस बारे शिक्षा

२१“तिमीहरूले सुनेका छौ, प्राचीन समयकाहरूलाई
यसो भनिएको थियो, ‘कसैको हत्या नगर्।* जसले
हत्या गर्छ, त्यो व्यवस्था समक्ष उभिनु पर्नेछ।’ २२तर
म तिमीहरूलाई भन्दछु, कोही अन्य मानिससित नरिसाओ।
सबैजना तिम्रा भाइ हुन्। यदि तिमी अरू मानिससँग
रिसाउँछौ भने, तिमी इन्साफको निम्ति खड़ा हुनु पर्नेछ।
यदि तिमीले अर्को मानिससित नराम्रा कुरा गर्‍यौ भने
तिमी यहूदीहरूको महासभाको समक्ष उभिनु पर्नेछ।
यदि अर्को मानिसलाई ‘मूर्ख’ भन्छौ भने तिमी नरकको
आगोमा फालिइनु पर्नेछ।
२३“जब तिमीले परमेश्वरलाई भेटी चढ़ाउछौ त्यसबेला
तिमी अरूहरूलाई पनि सम्झ। यदि तिमीले वेदीमा
भेटी चढ़ाउँदा तिम्रो विरुद्धमा तिम्रो भाइको हृदयमा
केही छ भन्ने सम्झ्यौ भने, २४त्यही वेदीको छेउमा
तिम्रो भेटी छोड़। पहिला तिमी फर्केर जाऊ अनि त्यो
मानिससित मिलाप गर। त्यसपछि आफ्नो भेटी वेदीमा
चढ़ाऊ। २५यदि तिम्रो विरोधीले तिमीलाई न्यायालयमा
लाँदैछ भने उसित मिलाप गरिहाल। न्यायालय पुग्नु
अघिनै तिमीले यसो गर। यदि तिमी उसको साथी बन्न
असफल भयौ भने उसले तिमीलाई न्यायाधीशको
हातमा सुम्पिदेला, न्यायाधीशले तिमीलाई प्रहरीको हातमा
सुम्पिदेलान् अनि तिमीलाई झ्यालखानामा थुनिदिनेछ।
२६म तिमीलाई भन्दछु कि तिमीले ऋणको अन्तिम
पैसा नतिरुञ्जेल तिमी त्यहाँबाट कुनै तरिकाले उम्कने
छैनौ।

## येशूद्वारा व्यभिचार बारे शिक्षा

२७“तिमीहरूले यसो भनेको सुनेकाछौ, ‘व्यभिचारको
पापबाट अलग बस।’* २८तर म तिमीहरूलाई भन्दछु,

---

**‘कसैको हत्या नगर’** प्रस्थान २०:१३; व्यवस्था ५:१७

**‘व्यभिचारको … बस’** प्रस्थान २०:१४; व्यवस्था ५:१८

जसले स्त्रीलाई खराब इच्छाले हेर्दछ, त्यसले अघिबाटै
उसित त्यसको हृदयमा व्यभिचार गरिसकेको हुन्छ।
२९यदि तिम्रो दाहिने आँखाले तिमीलाई बाधा पुर्‍याउँछ
भने, त्यसलाई निकालेर फालिदेऊ। किनभने तिम्रो
सम्पूर्ण शरीर नरकमा पर्नु भन्दा बरु तिम्रा अङ्गहरूमध्ये
एउटा नष्ट हुनु तिम्रो निम्ति हितकारी हुनेछ। ३०यदि
तिम्रो दाहिने हातले तिमीलाई पाप गराउँछ भने त्यसलाई
काटेर फालिदेऊ। किनभने तिम्रो सम्पूर्ण शरीर नरकमा
जानु भन्दा बरू तिम्रा अङ्गहरूमध्ये एउटा नष्ट हुनु
तिम्रो निम्ति हितकारी हुनेछ।

## येशूद्वारा सम्बन्ध बिच्छेद बारे शिक्षा

*(मत्ती १९:९; मर्कूस १०:११-१२; लूका १६:१८)*

३१"यसलाई यसप्रकारले भनिएको छ, 'जसले आफ्नी
पत्नीलाई त्याग गर्ला, त्यसले उसलाई त्यागपत्र लेखी
देओस्।'* ३२तर म तिमीहरूलाई भन्दछु, जसले आफ्नी
पत्नीलाई व्यभिचारको कारणबाहेक अन्य कारणले
त्याग गर्ला, उसलाई त्यसले व्यभिचारिणी तुल्याउँछ, र
जसले त्याग गरिएकोसित विवाह गर्ला, त्यसले पनि
व्यभिचार गर्नेछ।

## येशूद्वारा शपथ बारे शिक्षा

३३"फेरि तिमीहरूले सुनेकाछौ, कि हाम्रा प्राचीन
समयका पुर्खाहरूलाई यसो भनिएको थियो, 'जब तिमी
शपथ खान्छौ, त्यो प्रतिज्ञा नतोड़। परमेश्वरको निम्ति
आफ्नो प्रतिज्ञा पूरा गर।'* ३४तर म तिमीहरूलाई
भन्दछु, स्वर्गको नाउँमा कसम वा प्रतिज्ञा खाँदै नखाऊ,
किनभने स्वर्ग परमेश्वरको सिंहासन हो। ३५पृथ्वीको
नाममा पनि कसम नखाऊ, किनभने पृथ्वी परमेश्वरको
पाउदान हो। यरूशलेमको नाउँमा कसम नखाऊ,
किनभने त्यो महाराजाको शहर हो। ३६अनि आफ्नो
शिरको कसम पनि नखाऊ, किनभने तिमी आफ्नो
शिरको एउटा केशलाई पनि सेतो वा कालो तुल्याउन
सक्दैनौ। ३७यदि तिमी 'हो' भने 'हो' भन 'होइन' भने
'होइन' भन। यस भन्दा बढ़ता चाहिँ दुष्ट-तर्फबाट
भएको हो।

## येशूद्वारा बद्ला लिने बारे शिक्षा

*(लूका ६:२९:३०)*

३८"तिमीहरूले सुनेकाछौ, यसो भनिएको थियो,
'आँखाको बदला आँखा, र 'दाँतको बदला दाँत।'*
३९तर म तिमीहरूलाई भन्दछु, 'दुष्टको सामना नगर्।
यदि कसैले तिम्रो दाहिने गालामा चट्काइदियो भने
त्यसलाई देब्रे गाला पनि फर्काइदेओ। ४०यदि कसैले
मुद्दा चलाएर तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई
तिम्रो खाष्टो पनि दिइहाल। ४१यदि कसैले तिमीलाई
एक माइलसम्म जबरजस्त हिँड़न लगाउँछ भने उसित
दुइमाइलसम्म जाऊ। ४२यदि कसैले तिमीसित केही
माग्छ भने त्यो दिइहाल। कुनै व्यक्तिले कर्जा लिन
चाहेमा पनि केही दिन अस्वीकार नगर।

## सबैलाई प्रेम गर

*(लूका ६:२७-२८; ३२:३६)*

४३"तिमीहरूले यसो भनिएको सुनेकाछौ, 'तिम्रो
छिमेकीलाई प्रेम गर र तिम्रो शत्रुलाई घृणा गर।'*
४४तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम
गर, तिमीहरूलाई खेदो गर्नेहरूको निम्ति प्रार्थना गर।
४५यदि तिमीले यसो गर्‍यौ भने तिमी स्वर्गको पिताका
साँचो पुत्र हुनेछौ। किनभने उहाँले दुष्ट र सज्जन
दुवैका निम्ति घाम लगाइदिनुहुन्छ। अनि धर्मी र
अधर्मीहरूको निम्ति वृष्टि पठाइदिनुहुन्छ। ४६यदि
तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने
तिमीहरूले कुनै इनाम पाउने छैनौ। महसूल उठाउनेहरूले
पनि त्यसै गर्छन। ४७अनि यदि तिमीहरू आफ्ना
साथी-भाइहरूलाई मात्र अभिवादन गर्छौ भने अरू
मानिसहरूसँग असल ठहर्नेछैनौ। अरू परमेश्वरलाई
नजान्ने मानिसहरू पनि आफ्ना साथीभाइहरूसँग असल
नै हुन्छन्। ४८यसैकारणले तिमीहरू सिद्ध होऊ, जसरी
तिमीहरूका स्वर्गका पिता सिद्ध हुनुहुन्छ।

## येशूद्वारा दान दिने बारे शिक्षा

६ "होशियार बस, जब तिमीहरू राम्रो काम गर्छौ,
अरू मानिसहरूका उपस्थितिमा त्यस्ता देखावटीका
निम्ति काम नगर। यदि त्यसो गर्‍यौ भने स्वर्गमा
भएका तिम्रा पिताबाट तिमीहरूलाई केही इनाम
मिल्नेछैन।
२"जब तिमी दरीद्रहरूलाई सहायता दिन्छौ त्यसको
विज्ञापन नगर। कपटीहरूले जस्तो काम नगर। तिनीहरूले
अरूले देखुन भनेर दरीद्रलाई सहायता गर्न अघिबाटै
आफ्ना तुरही बजाउँछन्। तिनीहरूले सभाघरहरू र
गल्लीहरूमा यसो गर्छन्। मानिसहरूबाट प्रशंसा पाउनलाई
तिनीहरू यसो गर्दछन्। म तिमीहरूलाई साँचो भन्छु, यो
नै ती सबै इनामहरू हुन जो तिनीहरूले पाउने छन्।
३तर जब तिमी दरीद्रका निम्ति दान-पुण्य गर्दछौ,
एकदमै गुप्त रुपले गर। तिमीले के गर्न लागि रहेका
छौ भनेर कसैले चाल नपावोस्। ४तिम्रो दान-पुण्य गुप्त
रूपमा होस्। गुप्त रुपमा गरेका तिम्रो दान-पुण्य तिम्रा

---

**'जसले आफ्नो … लेखी देओस्'** व्यवस्था २४:१

**'जब तिमी … पूरा गर'** लेवी १९:१२; गन्ती ३०:२; व्यवस्था २३:२१

**'आँखाको … दाँत'** प्रस्थान २१:२४; लेवी २४:२०

**'तिम्रो … घृणा गर'** लेवी १९:१८

पिताले अवश्यै देख्नु हुनेछ। तब तिम्रा पिताले, जसले
गुप्तरूपमा के गरिएको छ देखनुभएको छ र उहाँले
तिमीलाई इनाम दिनुहुनेछ।

## येशूद्धारा प्रार्थना बारे शिक्षा

*(लूका ११:२-४)*

५"जब तिमी प्रार्थना गर्दछौ, तब कपटीहरूले जस्तो
नगर। कपटीहरू सभाघरहरूमा र गल्लीहरूमा उभिएर
अरूले देखून् भनी प्रार्थना गर्दछन्। म तिमीहरूलाई
साँचो भन्दछु, यी सबैको इनाम। तिनीहरूले पाइसकेका
छन्। ६जब तिमी प्रार्थना गर्दछौ, तिमी आफ्नो भित्री
कोठामा पसी ढोका बन्द गर। त्यसपछि तिमी आफ्ना
पितासित गुप्तमा प्रार्थना गर। गुप्तरूपमा गरेको सबै
कुरा तिम्रा पिताले देख्नु हुनेछ, र तिमीलाई उहाँले
इनाम दिनुहुनेछ।
७"जब तिमी प्रार्थना गर्दछौ, तब परमेश्वरलाई
नजान्ने अरु मानिसहरूले जस्तो व्यवहार नगर्। तिनीहरू
अर्थहीन कुरा गर्छन्। तिमीले त्यसप्रकारले प्रार्थना गर्नु
हुँदैन। तिनीहरूले सोँचेका हुन्छन् परमेश्वरले तिनीहरूका
कुरा सुन्नुहुनेछ भनी। ८त्यस्ता मानिसहरू जस्तो नहोऊ।
तिमीहरूले पितासंग माग्नुभन्दा अघि नै तिमीहरूलाई
कुन-कुन कुराको खाँचो छ, सो तिमीहरूका पिताले
जान्नुहुन्छ। ९यसैले जतिबेला तिमी प्रार्थना गर्दछौ,
त्यसबेला यसरी प्रार्थना गर:
'हे हाम्रा स्वर्गमा बस्नुहुने पिता, हामी प्रार्थना गर्दछौं
तपाईंको नाउँ सँधै पवित्र रहोस्।'
१०हामी प्रार्थना गर्दछौं, तपाईंको राज्य आवोस् अनि
तपाईंको इच्छा स्वर्गमा झैं यस पृथ्वीमा पूरा होस्।
११आज हामीलाई प्रत्येक दिन चाहिने भोजन दिनुहोस्।
१२हाम्रा अपराधहरू क्षमा गरिदिनुहोस्। जसरी हामीले
पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं।
१३हामीलाई परीक्षामा पर्न नदिनुहोस् तर हामीलाई
दुष्टबाट बँचाउनु होस्।*
१४यदि, तिमीहरूले तिनीहरूको कसूर क्षमा गर्‍यौ भने
तिमीहरूका स्वर्गमा बस्नुहुने पिताले पनि तिमीहरूलाई
क्षमा गर्नुहुनेछ। १५यदि तिमीहरूले मानिसहरूका दोष
क्षमा गरेनौ भने स्वर्गमा बस्नुहुने तिमीहरूका पिताले
पनि तिमीहरूका दोष क्षमा गर्नुहुनेछैन।

## येशूद्धारा उपवास बारे शिक्षा

१६"जब तिमीहरू उपवास बस्छौ, तब कपटीहरू
जस्ता उदासी नबन्। कपटीहरूले जस्तो आचरण नगर्।
आफू उपवास बसेको कुरा मानिसहरूलाई देखाउन
तिनीहरू आफ्नो मुखलाई अनौठो देखिने पार्छौं। म
तिमीहरूलाई साँचो भन्दछु, ती कपटीहरूले पाउने सबै
इनाम यही हो। तिनीहरूले इनाम पाइसकेकाछन्।
१७यसर्थ जब तिमीहरू उपवास बस्छौ, आफू राम्रो र
असल भएर बस। आफ्नो मुख धोऊ। १८तब मानिसहरूले
तिमीहरू उपवास बसिरहेकाछौ भन्ने कुरा थाहा नपाऊन
तर गुप्तमा भएका तिम्रा पिताले सबै कुराहरू देख्नुहुनेछ।
अनि उहाँले नै इनाम दिनुहुनेछ।

## धन-सम्पत्तिभन्दा परमेश्वर महान हनुहुन्छ

*(लूका १२:३३-३४; ११:३४-३६; १६:१३)*

१९"आफ्नो निम्ति पृथ्वीमा सम्पत्ति नथुपार। जहाँ
खीया र किराहरूले सम्पत्ति ध्वंस पारिदिनेछ। अनि
चोरहरूले पनि तिम्रो घर फोरेर त्यहाँको सम्पत्ति चोर्छन्।
२०तर आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार। स्वर्गमा
भएको धन-सम्पत्ति खीया र किराहरूले नष्ट पार्न
सक्दैन। चोरले पनि त्यहाँ पसेर चोर्न सक्दैन। २१कारण
जहाँ तिम्रो धन हुन्छ, त्यहीं तिम्रो मन पनि हुनेछ।
२२"तिम्रो शरीरको ज्योति आँखा हो। यदि तिम्रा
आँखाहरू निर्मल छन् भने, तिम्रा सारा शरीर उज्यालो
रहनेछ। २३तर यदि तिम्रा आँखा खराब छन् भने, तिम्रो
सम्पूर्ण शरीर अँध्यारो हुनेछ। यदि तिम्रो उज्यालो चाहिँ
अँध्यारो भयो भने, त्यो घनघोर अँध्यारो हुनेछ।
२४"कसैले पनि दुइ मालिकको सेवा एकै समयमा
गर्न सक्दैन। उसले एउटालाई घृणा र अर्कोलाई प्रेम
गर्नेछ। अथवा त्यो एउटासित झुक्नेछ, र अर्कोलाई
तुच्छ गन्नेछ। यसैले एउटै समयमा एकै साथमा
तिमीहरूले परमेश्वर र धनको चाकरी गर्न सक्दैनौ।

## परमेश्वरको राज्यमा पहिले आऊ

*(लूका १२:२२-३४)*

२५"यसैले म तिमीहरूलाई भन्दछु, बाँच्नलाई के
खानु पर्ने भन्ने विषयमा तिमीहरू चिन्तित हुनु हुँदैन।
तिमीलाई शरीरको निम्ति चाहिने वस्त्रका विषयमा
फिक्री नगर। खानेकुरा भन्दा जीवन धेरै मूल्यवान छ।
अनि लुगाफाटा भन्दा शरीर धेरै मूल्यवान छ।
२६आकाशका चरा चुरुङ्गीलाई हेर, तिनीहरूले नता
कहिले बीऊनै छर्छन्, न अन्नको फसल काट्छन् न
भकारीहरूमा बटुल्छन्। तर तिमीहरूका स्वर्गका पिताले
तिनीहरूलाई खुवाउनु हुन्छ। तर तिमीहरूलाई थाह छ
ती चराचरुङ्गीहरू भन्दा तिमीहरू बहुमूल्य छौ। २७फिक्री
मात्र गरेर कसैले पनि आफ्नो आयुमा केही समय
बढ़ाउन सक्दैन।
२८"अनि लुगाफाटाको निम्ति तिमीहरू किन फिक्री
गर्छौ? बँगैचाको फूलहरूको विचार गर, ती कसरी
बढ्दछन्। तिनीहरू न ता आफ्नो लागि परिश्रम गर्दछन्,
न ता वस्त्रका निम्ति धागो कात्दछन्। २९तर पनि म

---

**पद १३** केही ग्रीक प्रतिलिपिहरूमा पद १३ थपिएको छ: "सदा सर्वदाको निम्ति राज्यको लागि, पराक्रम अनि महिमा तपाईंकै हुन्। आमिन।"

तिमीहरूलाई भन्दछु, महान अनि धनी राजा सुलेमान
समेतले यी फूलहरू मध्ये एउटा जत्ति पनि सिँगारिएका
थिएनन्। ३०यस प्रकार परमेश्वरले जमीनमा झारपात
उमारेर सजाउँनु हुन्छ। ती आज देखिन्छ भोलि आगोमा
फ्याँकिनेछ र जलाइनेछन्। यसकारण परमेश्वरले नै
तिमीहरूलाई अझ राम्ररी लुगाफाटा पहिराइदिनु हुनेछैन
र? अल्पविश्वासी हो ३१यसर्थ फिक्री गर्दै यसो नभन,
'हामी के खाऔंला? वा हामी 'के लगाउँला? ३२परमेश्वरमा
विश्वास नगर्नेहरूले मात्रै यी कुराहरू पाउने इच्छा
गर्दछन्। यसकरण फिक्री नगर, किनभने स्वर्गमा बस्नुहुने
पिताले तिमीहरूलाई यी सबै थोकको आवश्यक छ
भनी जान्नुहुन्छ। ३३तिमीहरू अरू थोकभन्दा परमेश्वरको
राज्य र उहाँको धार्मिकताको विषयमा इच्छा गर। तब
उहाँले तिमीहरूलाई तिमीहरूले चाहेका यी जम्मै कुराहरू
दिनुहुनेछ, ३४जसद्वारा भोलिको निम्ति तिमीहरूले
त्यत्ति फिक्री गर्नु पर्ने छैन। प्रत्येक दिनमा आ-आफ्नै
समस्या हुन्छ। भोलिको दिनको पनि आफ्नै समस्याहरू
छ।

## येशूद्वारा निसाफ बारे शिक्षा

*(लूका ६:३७-३८; ४१-४२)*

७ "अरू प्रति निसाफ नगर, जस्तो कि परमेश्वरले
पनि तिमीहरूको निसाफ गर्नु हुनेछैन। २जुन नियम
उपयोग गरी तिनीहरू अरूको निसाफ गर्दछौ, उसैगरी
तिमीहरू पनि निसाफ गरिनेछौ। अनि जुन उपाय प्रयोग
गरी अरूलाई तिमीहरू क्षमा गर्नेछौ त्यही उपाय
उपयोग गरी तिमीहरूलाई क्षमा प्रदान गरिनेछ। ३किन
तिमी आफ्नो भाइको आँखामा भएको सानो कसिङ्गर
देख्छौ, तर तिम्रो आफ्नै आँखामा भएको ठूलो काठको
चोइटो भने देख्दैनौ। ४अथवा कसरी तिमीले तिम्रो
भाइलाई भन्नसक्छौ, 'मलाई तिम्रो आँखाबाट कसिङ्गर
निकाल्नदेऊ,' जब तिम्रो आफ्नै आँखामा त्यो काठको
ठूलो चोइटा रहेकोछ? ५ए कपटी हो! पहिले तिम्रो
आफ्नै आँखामा भएको त्यो ठूलो काठको चोइटो
निकाल त्यसपछि मात्र तिमीले आफ्नो भाइको आँखामा
भएको कसिङ्गर देख्नेछौ।
६"कुकुरहरूलाई पवित्र चीजहरू नदेऊ। तिनीहरूले
तिमीलाई झम्टने छन् अनि टुक्रा-टुक्रा पारी च्यात्नेछन्।
आफ्ना मोतीहरू सुँगुरका अगाड़ी नफाल। तिनीहरूले
केवल त्यसलाई कुल्चने छन्।

## जे चाहन्छौ परमेश्वरलाई माग

*(लूका ११:९-१३)*

७"माग, तब परमेश्वरले तिमीहरूलाई दिनुहुनेछ।
खोजी गर तब तिमीहरूले पाउनेछौ। ढक्ढकाऊ, तब
ढोका तिमीहरूको लागि उघ्रनेछ। ८साँचो हो, जसले
माग्दछ त्यसले पाउँदछ। जसले खोज्दछ उसले भेट्टाउँदछ।
अनि जसले ढक्ढकाउँछ उसको निम्ति ढोका खोलिनेछ।
९तिमीहरूमध्येको बाबु होला? यदि तिमीहरूको छोरोले
रोटी मागे, के तिमीहरू उसलाई ढुङ्गा दिन्छौ? अहँ!
१०अथवा, जब तिम्रो छोरोले माछा माग्छ भने के
तिमीले उसलाई साँप दिन्छौ? अहँ! ११तिमी परमेश्वर
झैं होइनौ-तिमी दुष्ट हौ र पनि तिमीहरूका छोरा-
छोरीहरूलाई असल कुराहरू दिन जान्दछौ। यसकारण
तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढ़ी
भरेर असल चीजहरू दिनु हुनुहुनेछ।

## प्रमुख नियम

१२"अरू मानिसहरूले तिमीहरूलाई जे जसो गरून्
भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूलाई
त्यसै गर। यहीनै मोशाको व्यवस्थाको अर्थ र
अगमवक्ताहरूको उपदेश हो।

## स्वर्ग र नर्कको बाटो

*(लूका १३:२४)*

१३"साँघुरो ढोकाबाट भित्र पस, जसले स्वर्ग तिर
पुर्‍याउँछ। नर्कमा जाने बाटो एकदमै सजिलो छ। अनि
ढोका पनि फराकिलो छ। धेरै मानिसहरू त्यसबाट भित्र
पस्दछन्। १४जीवनको बाटोमा लाने ढोका साँघुरो
हुन्छ। अनि बाटो अति कठिन छ। केवल केही
मानिसहरूले मात्र त्यो बाटो पैलाउन सक्छन्।

## अरूहरू जे गर्दछन् त्यो हेर्नु

*(लूका ६:४३-४४; १३:२५-२७)*

१५"झूटा अगमवक्ताहरूबाट होशियार बस। तिनीहरू
भेड़ाका भेषमा तिमीहरूकहाँ आउँछन्। तर वास्तावमा
तिनीहरू खतरनाक ब्वाँसाहरू झैं हुन्छन्। १६तिनीहरूले
गरेका कामहरूबाट तिनीहरूलाई चिन्न सकिन्छ। जसरी
मानिसले काँड़ाका बोटबाट अंगूर अथवा काँड़ादार
पोथ्राबाट नेभारा पाउन सकिँदैन। त्यसरी नै नराम्रा
मानिसहरूबाट राम्रा कामहरू हुँदैनन्। १७त्यसरी नै,
प्रत्येक असल रूखले राम्रो फल दिन्छ। अनि नराम्रो
रूखले नराम्रै फल दिन्छ। १८एउटा असल रूखले
खराब फल फलाउँदैन अनि नराम्रो रूखले कहिल्यै
असल फल फलाउँदैन।" १९असल फल दिन नसक्ने
प्रत्येक रूख काटेर ढालिन्छ र आगोमा फालिन्छ।
२०यसकारण तिनीहरूका कर्मबाट तिमीहरूले झूटा
अगमवक्ताहरूलाई चिन्नेछौ।
२१"मलाई प्रभु, प्रभु, भन्ने हरेक मानिस स्वर्गको
राज्यमा प्रवेश गर्न पाउनेछैन। तर जसले स्वर्गमा हुनुहुने
मेरो पिताको इच्छा पालन गर्छ। उसले स्वर्गको राज्यमा
प्रवेश गर्न पाउनेछ। २२अन्तिम दिनमा धेरैले मलाई
भन्नेछन्, 'तपाईं नै हाम्रा प्रभु हुनुहुन्छ। हामीले तपाईंकै
नाउँमा अगमवाणी बोल्यौ; अनि तपाईंकै नाउँमा हामीले

ती दुष्टहरूलाई निकाली पठायौं अनि अनेक अनौठा
चमत्कारहरू गर्‍यौं।' २३तब म तिनीहरूलाई स्पष्ट
रूपले भन्नेछु, 'तिमी त्यो पाप काम गर्नेहरू म देखि
टाढा होओ मैले तिमीहरूलाई कहिल्यै चिनेको
छैन।"

## बुद्धिमान र मूर्ख मानिसहरू

*(लूका ६:४७-४९)*

२४"हरेक मानिस जसले मैले भनेका यी कुराहरू
सुन्छ र पालन गर्छ उनै बुद्धिमान हो। बुद्धिमान
मानिसले आफ्नो घर चट्टानमाथि निर्माण गरेको छ।
२५त्यहाँ घनघोर पानी पर्‍यो अनि बाढ़ी आयो। तुफान
हुरीले त्यो घरलाई हान्यो। तर पनि त्यो घर ढलेन।
किनकि त्यो घर चट्टानमाथि निर्माण गरिएको थियो।
२६तर प्रत्येक मानिस जसले मेरा कुरा सुन्छ तर मेरो
अनुसरण गर्दैन, त्यो एउटा मूर्ख मानिस जस्तै हो।
उसले आफ्नो घर बालुवामाथि बनायो। २७अति
बृष्टिको कारणले बाढ़ी आयो, आँधीले घरलाई हान्यो
र त्यो ठूलो आवाज सहित ढल्यो।" २८येशूले उपदेश
दिनु भएको सुनेर मानिसहरू छक्क परे। २९किनभने
येशूले तिनीहरूका व्यवस्थाको शास्त्रीहरूले झैं सिकाउनु
भएन। तर अख्तियार भएको मानिसले जस्तो सिकाउनु
भयो।

## येशुद्वारा कुष्टरोगीलाई निको पार्नुभयो

*(मर्कूस १:४०-४५; लूका ५:१२-१६)*

८ येशू डाँड़ाबाट ओर्लनुभयो। असंख्य मानिसहरूले
उहाँलाई पछ्याए। २त्यसैबेला एउटा कुष्टरोगी उहाँ
छेउ आइपुग्यो। येशूको अघि आफ्नो शिर निहुर्‍याएर
त्यसले भन्यो, "हे प्रभु, तपाईंको इच्छा भए मलाई
शुद्ध गर्नसक्नुहुन्छ।"
३येशूले त्यो मानिसलाई छुनुभयो। उहाँले भन्नुभयो,
"म तिमीलाई शुद्ध गर्न चाहन्छु। तिमी जाती भइजाऊ।"
अनि तुरून्तै उसको कुष्ट रोग निको भइहाल्यो। ४तब
येशूले त्यस मानिसलाई भन्नुभयो, "हेर यसबारे तिमीले
कसैलाई नभन्नू। तर आफै जाऊ अनि पूजाहारीलाई
देखाऊ र प्रमाणको लागि मोशाको आज्ञानुसार, तिनीहरूका
समक्ष भेटी चढ़ाऊ। जसले गर्दा मानिसहरूले तिमीलाई
निको भएको देख्न सक्ने छन्।"

## येशूले अधिकारीको नोकरलाई निको पार्नुभयो

*(लूका ७:१-१०; यूहन्ना ४:४३-५४)*

५येशू कफर्नहुममा पुग्नुभयो। जब उहाँले शहरमा
प्रवेश गर्नुभयो, एकजना सेनाका अधिकारी उहाँकहाँ
आए अनि उहाँको सहयोगको निम्ति विन्ती गरे।
६अधिकारीले भने, "हे प्रभु! मेरो नोकर पक्षवातले
थलिएर मेरो घरको पलङ्गमा लडिरहेको छ। उसले
आफ्नो शरीर चलाउनसम्म सकेको छैन अनि उग्र
व्यथाले पीड़ित छ।"
७येशूले ती अधिकारीलाई भन्नुभयो, "म त्यहाँ
जानेछु अनि तिनलाई निको पारिदिनेछु।"
८अधिकारीले जवाफ दिए, "हे प्रभु! तपाईं मेरो
घरमा पस्न हुने त्यति योग्यको म छैन। तर तपाईंले
एक वचन भनिदिनुहोस् र मेरो नोकर निको भइहालोस्।
९म कसैको अधीनमा छु। अनि मेरो अधीनमा अरू
सैनिकहरू छन्। यदि मैले कुनै एकजना सिपाहीलाई
भनें, 'जाऊ' भन्दा उ जान्छ। अनि अर्को एक
सिपाहीलाई मैले आउ भन्दा ऊ आँउछ। यदि मैले मेरो
नोकरलाई भनें, "यो गर" अनि उसले त्यो गर्छ। मलाई
थाहा छ तपाईंसंग पनि यस्तो गर्ने शक्ति छ।"
१०जब येशूले यी सबै कुराहरू भनेको सुन्नुभयो,
उहाँ आश्चर्यचकित हुनुभयो। उहाँले आफ्नो साथमा
भएका ती सबै मानिसहरूलाई भन्नुभयो, "म तिमीहरूलाई
साँचो भन्दछु, इस्राएलमा पनि मैले कुनै मानिस यस्तो
दृढ़ विश्वासी पाइनँ। ११धेरै मानिसहरू पूर्व र पश्चिमबाट
आई पुग्ने छन् अनि तिनीहरू स्वर्गको राज्यमा अब्राहाम,
इसहाक र याकूबसँग भोजन गर्नका निम्ति मेचमा
बस्नेछन्। १२तर राज्यमा मार्ग पाउनु पर्ने मानिसहरू
चाहिँ अन्धकार भित्र फालिनेछन्। अनि त्यो ठाउँमा
मानिसहरू पीड़ाले रूवाबासी र दाहा किट्ने छन्।"
१३तब येशूले त्यस अधिकारीलाई भन्नुभयो, "तिम्रो
घरमा जाऊ। तिमीले विश्वास गरे जस्तै तिम्रो नोकर
निको भइसकेको हुनेछ।" अनि ठीक त्यसैबेला उसको
नोकर निको भयो।

## येशूद्वारा धेरै मानिसहरू निको पारिएका

*(मर्कूस १:२९-३४; लूका ४:३८-४१)*

१४येशू पत्रुसको घरमा जानुभयो। त्यहाँ येशूले
उसकी सासूलाई कड़ा ज्वरोले थलिएर पलङमा लड़िरहेको
पाउनु भयो। १५तब येशूले तिनको हात छुनुभयो
तिनी निको भइन्। अनि तिनी उठिन् र उहाँको सुसार
गरिन।
१६त्यसै साँझ मानिसहरूले भूत लागेका धेरै जनालाई
लिएर येशूकहाँ आए। येशूले भूतहरूलाई खेदनु भयो।
जो-जो बिमारी परेका थिए ती सबै ठीक भए।
१७यशैया अगमवक्ताले भनेका सबै कुरा येशूले पूरा
गर्नुभयो:
"उहाँले हाम्रा यातनाहरू हटाइदिनु भयो, अनि हाम्रा
रोगहरू उहाँले बोक्नुभयो" *यशैया ५३:४*

## येशूका चेलाहरू

*(लूका ९:५७-६२)*

१८येशूले देख्नुभयो आफूलाई धेरै मानिसहरूले घेरेका
थिए। अनि आफ्ना चेलाहरूलाई झीलको अर्को तिर

जान लगाउनु भयो। १९त्यसबेला एकजना शास्त्री
उहाँकहाँ आए अनि भने, "हे गुरूज्यू। तपाईं जता-जता
जानुहुन्छ, म तपाईंको पछि-पछि लाग्नेछु।"
२०येशूले तिनलाई भन्नुभयो, "स्यालहरूका बस्ने
प्वाल हुन्छन्। आकाशका चराचुरूङ्गीको बस्ने गुँड़
हुन्छ। तर मानिसको पुत्रको लागि ता शिर अड़ाउने
ठाउँ सम्म छैन।"
२१अर्को एकजना मानिस, जो येशूको चेलाहरूमध्ये
एकजना थिए तिनले येशूलाई भने, "हे प्रभु, पहिला
गएर मलाई मेरो बाबुलाई गाड्न दिनुहोस्। त्यसपछि म
तपाईंलाई पछ्याउनेछु।"
२२तर येशूले ती मानिसलाई भन्नुभयो, "मेरोपछि
लाग, मरेका मानिसहरूले तिनीहरूको आफ्नो मुर्दाहरूलाई
आफै गाड्न।"

## येशू आँधीलाई शान्त गराउनु हुन्छ

*(मर्कूस ४:३५-४१; लूका ८:२२-२५)*

२३येशू एउटा डुङ्गामा चढ़नुभयो र उहाँका चेलाहरू
पनि उहाँको पछि लागे। २४जब डुङ्गाले किनार छाड्यो,
त्यसैबेला झीलमा अचानक एक भयङ्कर आँधी चल्न
थाल्यो। छालहरूले डुङ्गालाई ढाक्न लाग्यो। तर येशू
सुतिरहनु भएको थियो। २५चेलाहरू गए र उहाँलाई
ब्यूँझाए र भने, "हे प्रभु, हामीलाई बँचाउनुहोस् हामी
डुब्न लागिरहेछौं।"
२६येशूले भन्नुभयो, "तिमीहरू किन डराउँछौ? तिमीहरू
सित त्यत्ति विश्वास छैन?" तब येशू उठ्नुभयो अनि
आँधी र छालहरूलाई आज्ञा गर्नु भयो। आँधी थामियो,
अनि झीलमा पूरा शान्ति छायो।
२७सबै मानिसहरू छक्क परे। तिनीहरू भन्नलागे,
"उहाँ कस्तो मानिस हुनुहुन्छ? किनभने हावा र बतासले
पनि उहाँको आज्ञा मान्दो रहेछन्।"

## येशूले भूत लागेको दुइजना मानिसहरूलाई चंगाई गर्नु भयो

*(मर्कूस ५:१-२०; लूका ८:२६-३९)*

२८गदरिनीहरूको मुलुकको एउटा झीलको अर्कोतर्फ
येशू आइपुग्नु भयो। त्यहाँ दुइजना मानिस येशू कहाँ
आए। तिनीहरूलाई भूत लागेको थियो। तिनीहरू
चिहानको गुफामा बस्दथे। तिनीहरू अत्यन्तै डरलाग्दा
थिए। यसले गर्दा मानिसहरू त्यो बाटो हिँड़ने आँट
गर्दैनथे। २९ती दुइजना येशूकहाँ आए अनि चिच्याउन
थाले, "परमेश्वरको पुत्र तपाईं हामीबाट के चहानु
हुन्छ? के समय आउनु भन्दा अघि हामीलाई दण्ड दिनु
आउनु भएको हो?"
३०छेउको क्षेत्रमा सूँगुरहरूको बथान चरिरहेको थियो।
३१भूतहरूले येशूलाई बिन्ती गर्न लागे, "यदि तपाईंले
हामीलाई यी मानिसहरूबाट धपाउन चाहनुहुन्छ
भने, दयागरी हामीलाई ती सूँगुरहरूको बथानमा
पस्न दिनुहोस्।"
३२येशूले तिनीहरूलाई भन्नुभयो, "जाऊ!" तब ती
भूतहरूले मानिसहरूलाई छाड़े र सूँगुरहरूमा पसे।
त्यसपछि ती सम्पूर्ण बथानहरू डाँड़ाको भिरालो धारबाट
झील तिर ओह्रलिए। ती सबै झीलमा डुबे। ३३ती
सूँगुर चराउनेहरू भागे, र शहरतिर गए अनि सबैलाई
सूँगुरहरू र भूतहरूले सताएको विषयमा सुनाउन थाले।
३४तब शहरका सबै मानिसहरू येशूलाई हेर्न आए।
जब मानिसहरूले येशूलाई देखे, तिनीहरूले त्यस मुलुकलाई
छोड़ेर जानुभनी निवेदन गरे।

## येशूले पक्षवातको रोगीलाई निको पार्नुभयो

*(मर्कूस २:१-१२; लूका ५:१७-२६)*

९ येशू एउटा डुङ्गामा चढ़नुभयो र झील पारि
जानुभयो अनि उहाँ आफ्नो शहरमा पुग्नुभयो।
२केही मानिसहरू एकजना पक्षवाती रोगीलाई आफूहरू
सित लिएर येशू भएकहाँ आए। त्यो मानिस ओछ्यानमै
लड़िरहेको थियो। येशूले तिनीहरूमा औधी विश्वास
भएको देख्नुभयो। अनि उहाँले त्यो पक्षवातीको रोगीलाई
भन्नुभयो, "सुखी होऊ, जवान मानिस! तिम्रो पापहरू
क्षमा गरिएका छन।"
३केही शास्त्रीहरूले यी कुराहरू सुने। तिनीहरूले
आफू माझ त्यस कुराको वहस गरे, "यो मानिस
परमेश्वरले जस्तै कुरा गर्छ उसले परमेश्वरकै निन्दाको
कुरा गरे जस्तो छ।"
४तिनीहरूले के सोँचिरहेका छन् भनेर येशूले जान्नु
भयो अनि उहाँले भन्नुभयो, "किन तिमीहरू यस्ता दुष्ट
विचारहरू आफ्नो मनमा राख्छौ? ५-६यो पक्षवाती
रोगीलाई कुन कुरा भन्न असल छ: 'तिम्रा पापहरू
क्षमा गरिए' अथवा 'उठ' र 'हिँड़' भन्नु। म तिमीहरूलाई
यो देखाउनेछु कि यस पृथ्वीमा मानिसको पुत्रलाई
पापको क्षमा गर्ने शक्ति प्राप्त छ। तब येशूले पक्षवातको
रोगीलाई भन्नुभयो, "उठ तिम्रो बिछ्यौना बोक र घर
जाऊ।" ७अनि त्यो मानिस उठ्यो र घरतिर लाग्यो।
८मानिसहरू यो देखी छक्क परे। मानिसहरूलाई यस्तो
शक्ति प्रदान गरेकोमा तिनीहरूले परमेश्वरको प्रशंसा
गरे।

## येशूले मत्तीलाई बोलाए

*(मर्कूस २:१३-१७; लूका ५:२७-३२)*

९जब येशू गइरहनु भएको थियो, उहाँले एकजना
मत्ती नाम गरेको मानिसलाई भेट्नु भयो। मत्ती महसूल
उठाउने अड्डामा बसिरहेका थिए। येशूले भन्नुभयो,
"मसित आऊ।" त्यसपछि मत्ती जुरूक्क उठे र येशूको
पछि लागे।

१०येशू बेलुकीको भोजन मत्तीकै घरमा खान बस्नु भएको बेला त्यहाँ धेरै कर उठाउनेहरू र पापीहरू आएका थिए अनि तिनीहरूले येशू र उहाँका चेलाहरू सँगै भोजन खाँदै थिए। ११येशूले ती मानिसहरूसँग खाना खाइ रहनु भएको फरिसीहरूले देखे। फरिसीहरूले येशूका चेलाहरूलाई सोधे, "किन तिमीहरूका गुरूले कर उठाउनेहरू र पापीहरूसँग बसेर खाना खान्छन्?"

१२फरिसीहरूले भन्दै गरेको कुरा येशूले सुन्नुभयो। अनि उहाँले भन्नुभयो, "स्वस्थ मानिसहरूलाई वैद्यको आवश्यकता पर्दैन। जो रोगी छ उसैलाई वैद्यको आवश्यकता पर्दछ। १३म तिमीहरूलाई एउटा कुरा भन्नेछु। जाऊ अनि यसको अर्थ के हो सिकः 'म पशुको बलिदान चाहन्न। म मानिसहरूमा दया चाहन्छु।' म यहाँ धार्मिक मानिसहरूलाई भेट्न आएको होइन, तर पापीहरूलाई भेट्न आएको हुँ।"

### येशू अरू यहूदीहरू जस्तो हुनुहुन्न

*(मर्कूस २:१८-२२; लूका ५:३३-३९)*

१४त्यसपछि यूहन्नाका चेलाहरू येशूकहाँ आए। तिनीहरूले येशूलाई भने, "हामी अनि फरिसीहरू धेरै जसो उपवास बस्दछौं। तर तपाईंका चेलाहरू किन उपवास बस्दैनन्?"

१५येशूले भन्नुभयो, "विवाहको बेलामा जो दुलहासँग हुन्छन्, तिनले दुःख मान्दैनन् तर त्यस्तो समय आउँछ जब तिनीहरूबाट दुलहालाई अलग गरिन्छ। तब तिनीहरू दुःखी बन्छन् र तिनीहरू उपवास लिन्छन्।

१६"कसैले पुरानो वस्त्रमा भएको प्वालमा नखुम्चिएको लुगाको टुक्रा टाल्दैन। यदि कसैले त्यसो गरे त्यो टालो पुरानो लुगाबाट च्यातिन्छ र त्यो प्वाल झन नराम्रो हुन्छ। १७कसैले पनि नयाँ दाखरसलाई छालाको पुरानो थैलाहरूमा हाल्दैन। पुरानो थैलीमा कसैले नयाँ दाखरस हाल्यो भने, त्यो थैली फाट्छ र दाखरस पनि नष्ट हुन्छ। यसकारण मानिसहरूले नयाँ थैलाहरूमा नयाँ दाखरस हाल्दछन्। यसरी दाखरस र थैलाहरू दुवै सुरक्षित रहन्छन्।"

### यशूले मरेकी केटीलाई जीवित र रोगी स्त्रीहरूलाई निको पार्नु भयो

*(मर्कूस ५:२१-४३; लूका ८:४०-५६)*

१८येशू यी कुराहरू भन्दै हुनहुन्थ्यो, त्यसैबेला सभाघरको एकजना प्रमुख उहाँकहाँ आए। येशूको अघि तिनले शिर झुकाए, अनि भने, "मेरी छोरी अहिले मरी कृपया आउनुहोस् र तपाईंको हात त्यसमाथि राखिदिनुहोस् अनि त्यसले आफ्नो जीवन फिर्ता पाउनेछ।"

१९तुरन्तै येशू उठ्नु भयो अनि तिनीसित जानुभयो। उहाँका चेलाहरू पनि पछि लागे। २०बाह वर्षदेखि रगत बहने रोगले ग्रस्त एउटी स्त्री त्यहाँ थिईन। येशूको पछिल्तिर आएर उनले उहाँको वस्त्रको फेरमा छोइन्। २१तिनले सोच्दै थिइन, "यदि मैले उहाँको लुगाको फेरमा छोएँ मात्र भने पनि म ठीक भइजानेछु।"

२२येशू पछिल्तिर फर्किनु भयो र तिनलाई देखेर भन्नुभयो, "हे प्यारी छोरी खुशी होऊ। तिम्रो विश्वासले तिमी निको भएकि छौ।" त्यतिनै बेला तिनी ठीक भइन्।

२३येशू यहूदी शासकसँग हिँड्दै हुनुहुन्थ्यो। उहाँ तिनको घरमा पुग्नुभयो। उहाँले मानिसहरूलाई शोक धुन बजाइरहेको देख्नुभयो। उहाँले धेरै मानिसहरूलाई त्यहाँ रोइरहेको देख्नुभयो किनभने युवती मरेकी थिई। २४येशूले भन्नुभयो, "पर जाऊ। यो युवती मरेकी छैन। ऊ निदाइरहेकी मात्र छे।" यो देखेर मानिसहरूले उहाँको हाँसो उड़ाए। २५जब मानिसहरूलाई घरबाट बाहिर पठाइयो, तब येशू युवतीको कोठामा प्रवेश गर्नुभयो। उहाँले युवतीको हात समात्नुभयो अनि त्यो युवती जुरुक्क उठी। २६तब यस कुराको खबर सारा मुलुकभरि फिँजियो।

### येशूद्वारा धेरै मानिसहरू निको भए

२७जब येशू त्यो स्थानबाट गईरहनु भएको थियो, दुइजना अन्धो मानिसले उहाँलाई पछ्याए। ती अन्धाहरूले ठूलो स्वरले रूदै भने, "हे दाऊदका पुत्र, कृपया हामीलाई सहायता गर्नुहोस्।"

२८जब येशू घर भित्र पस्नुभयो, ती अन्धा मानिसहरू उहाँकहाँ आए। उहाँले ती अन्धाहरूलाई भन्नुभयो, "के म तिमीहरूलाई फेरि देख्न सक्ने बनाउँछु भनेर तिमीहरूलाई विश्वास लाग्छ?" अन्धा मानिसहरूले जवाफ दिए, "ज्यू, प्रभु, हामीलाई विश्वास लाग्छ।"

२९त्यसपछि येशूले तिनीहरूका आँखाहरू छोएर भन्नुभयो, "मैले तिमीहरूलाई देख्नसक्ने बनाउन सक्छु भन्ने विश्वास तिमीहरूसित छ। यस्तै हुन देऊ।" ३०त्यसपछि तिनीहरूले तुरन्तै देख्न सके। येशूले तिनीहरूलाई कड़ा चेताउनी दिनु भयो, उहाँले भन्नु भयो, "यो कुरा कसैले थाहा पाउनु हुँदैन।" ३१तर ती अन्धा मानिसहरू बाहिर गए अनि त्यस क्षेत्रमा चारैतिर येशूको खबर फिँजाए।

३२जब ती दुइ मानिसहरू जादै थिए, केही मानिसहरूले अर्को एकजनालाई येशूकहाँ ल्याए। उसलाई भूत लागेको हुनाले त्यो मानिसले बोल्ने शक्ति गुमाएको थियो। ३३येशूले त्यस मानिसबाट भूत भगाइदिनुभयो। त्यसपछि त्यो मानिस बोल्न थाल्यो। मानिसहरू छक्क पर्दै भन्नलागे, "इस्राएलमा यसप्रकारको घटना पहिले कहिल्यै घटेको थिएन।"

३४तर फरिसीहरूले भने, "भूतहरूको नेता एउटै छ जसले उहाँलाई भूत धपाउने शक्ति दिएको छ।"

### येशू मानिसहरूको लागि दुःख मान्नु हुन्छ

३५येशूले सारा शहर र गाउँहरू हुँदै यात्रा गर्नुभयो।
तिनीहरूका सभाघरहरूमा शिक्षा दिनुभयो अनि राज्यको
बारेमा सुसमाचार प्रचार गर्नु भयो। येशूले सबै प्रकारका
रोग र बिमारीहरू निको पार्नुभयो। ३६उहाँले भीड़लाई
देख्नुभयो र उनीहरूको निम्ति टिठाउनु भयो। किनभने
तिनीहरू असहाय अनि चिन्तित थिए। तिनीहरू गोठालो
नभएका भेड़ाँहरू जस्तै हैरान भई तितर-बितर भएका
थिए। ३७येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "फसल
ता धेरै छन् तर फसल काट्ने खेतालाहरू कम्ती छन्।
३८प्रभु फसलका मालिक हुनुहुन्छ। उहाँलाई प्रार्थना
गर जसद्वारा उहाँले आफ्ना फसल संग्रह गर्न अधिक
कर्मीहरू पठाउनु हुनेछ।"

### येशूले आफ्ना प्रेरितहरूलाई प्रचार गर्न पठाउनु हुन्छ

*(मर्कूस ३:१३-१९; ६:७-१३;*
*लूका ६:१२-१६; ९:१-६)*

**१०** येशूले आफ्ना बाह्रै जना चेलाहरूलाई बोलाउनु
भयो। उहाँले दुष्टात्माहरूलाई धपाउने सामर्थ्य
तिनीहरूलाई दिनुभयो। उहाँले हरेक प्रकारको रोग र
बिमारहरू निको गर्न सक्ने सामर्थ्य तिनीहरूलाई दिनुभयो।
२ती बाह्र प्रेरितहरूको नाउँ यस प्रकार छ: शिमोन
जसलाई पत्रुस पनि भनिन्छ अनि उसको दाज्यू अन्द्रियास,
जब्दीको छोरो याकूब; अनि उसको भाइ यूहन्ना;
३फिलिप र बारथोलोमाइ; थोमा, महसूल उठाउने मत्ती;
अल्फयसको छोरो याकूब, र थेदियस; ४शिमोन कनानी*
र यहूदा इस्कारयोत त्यही मानिस थियो जसले येशूलाई
विश्वासघात गर्‍यो।

५येशूले यी बाह्रजना प्रेरितहरूलाई आज्ञा दिनुभयो।
त्यसपछि उहाँले तिनीहरूलाई राज्यको विषयमा प्रचार
गर्न भनी पठाउनुभयो। येशूले भन्नुभयो, "गैर यहूदीहरूकहाँ
नजाऊ। सामरीहरूका शहरहरूमा पनि नजाऊ। ६बरू
इस्राएली मानिसहरूकहाँ जाऊ। तिनीहरू हराएका भेड़ाँहरू
झैं छन्। ७जब तिमीहरू जान्छौ, 'स्वर्गको राज्य आउनै
लागेको छ भनी प्रचार गर।' ८रोगीहरूलाई निको पार,
मरेकाहरूलाई जीवनमा ल्याऊ। कुष्ट रोगीहरूको उपचार
गर। मानिसहरूबाट भूत धपाऊ। म तिमीहरूलाई
सित्तैंमा यी शक्तिहरू दिन्छु। यसर्थ सित्तैंमा तिनीहरूलाई
सघाऊ। ९तिमी आफ्ना साथमा पैसा सुन, चाँदी र
तामा नलैजाऊ। १०झोला समेत नबोक यात्राका निम्ति
लाउने लुगाफाटा वा जुत्ता नलैजाऊ। हिड़्नलाई लौरो
समेत नबोक। एक कामदारलाई उसले चाहेका सबै
चीजहरूको बन्दोबस्त हुनुपर्छ। ११जब तिमीहरू कुनै
गाउँ वा शहरतिर जान्छौ त्यहाँ कुनै न कुनै योग्य
मानिसलाई भेट अनि त्यो स्थान नछाड़े सम्म उसको
घरमा बस। १२तिमी घरभित्र पस्ने बित्तीकै त्यसलाई
भन, 'तपाईंलाई शान्ति होस्।' १३घरभित्र भएका
मानिसहरूले तिमीहरूलाई स्वागत जनाए भने तिनीहरू
तिम्रो शान्तिको कामना ग्रहण गर्न योग्यका छन्। यदि
तिनीहरूले स्वागत नजनाए तिमीहरूको शान्तिको कामना
फिर्ता लेऊ किनभने तिनीहरू तिमीहरूको शान्ति कामनाका
योग्य छैनन्। १४यदि कुनै घर वा शहरले तिमीहरूलाई
स्वागत नगरे अथवा तिमीहरूको कुरा नसुने, त्यो ठाउँ
छोड़्दा गोड़ाको धूलोसम्म टक्टकाउनु। १५तिमीहरूलाई
म साँचो भन्दछु। न्यायको दिनमा तिनीहरूको अवस्था
सोदोम र गमोराको भन्दा नराम्रो हुनेछ।

### येशूद्वारा समस्याहरू बारे चेताउनी

*(मर्कूस १३:९-१३; लूका २१:१२-१७)*

१६"सुन! म तिमीहरूलाई ब्वाँसोका बीचमा भेड़ाझैं
गरी पठाउँछु। यसकारण सर्पझैं चनाखो बन। अनि
ढुकुर झैं सोझो बन। १७सबै मानिसहरूदेखि सतर्क
बन। तिनीहरूले तिमीहरूलाई पक्रिने छन् अनि अदालतमा
पुर्‍याइनेछन्। तिनीहरूले आफ्नो सभाघरहरूमा लगेर
तिमीहरूलाई कोर्रा लाउनेछन्। १८तिनीहरूले तिमीहरूलाई
राज्यपाल अनि राजाहरूको अघि लानेछन्। मेरो कारणले
गर्दा तिनीहरूले यसो गर्नेछन्। तिमीहरू ती हाकिम
अनि राजाहरू र गैर-यहूदीहरूको समक्ष मेरो बारेमा
भन्नेछौ। १९जब तिमीहरू पक्राउ पर्ने छौ के बोल्नु
पर्ने र कसरी बोल्नु पर्ने भन्ने बारेमा चिन्तित नबन।
त्यसबेलामा तिमीहरूले भन्नु पर्ने कुराहरू तिमीहरूलाई
बताइनेछ। २०वास्तवमा तिमीहरू बोल्नेछैनौ परमपिताको
आत्मा आफै तिमीहरूबाट बोल्नुहुनेछ।

२१"दाज्यू-भाइहरू आफ्नै दाज्यू-भाइहरूको विरुद्ध
हुनेछन् तिनीहरू एकले अर्कालाई मार्न लाउनेछन्।
बाबुहरूले आफ्नै छोराहरूलाई मार्न लाउनेछन्।
छोराछोरीहरू आमाबाबुहरूको विरुद्ध उठ्नेछन्, र
तिनीहरूलाई मार्ने षड्यन्त्र गर्नेछन्। २२सबै मानिसहरूले
तिमीहरूलाई घृणा गर्नेछन् किनभने तिमीहरूले मलाई
पछ्याउछौ। तर जसले आखिरसम्म सहन्छ उसको
उद्धार हुनेछ। २३जब एउटा शहरबाट तिमीहरू खेदिनेछौ
तब अर्को शहरमा जाऊ। म तिमीहरूसित साँचो
भन्दछु। मानिसको पुत्र आउन अघि नै तिनीहरू
इस्राएलको सबै शहरहरू भएर गइ सकेको हुनेछैनौ।
२४कुनै पनि चेला गुरूभन्दा श्रेष्ठ हुँदैन नता कुनै दास
आफ्नो मालिकभन्दा श्रेष्ठ हुन्छ। २५एउटा चेलाको
निम्ति आफ्ना गुरू जस्तै बन्नु पर्याप्त छ। एक जना
दासको निम्ति आफ्ना मालिक जस्तै बन्नु पर्याप्त छ।
यदि घरका ठूलाबड़ालाई नै बालजिबुल अथवा शैतान
भनिन्छ भने, परिवारका अरू सदस्यहरूलाई त्यस भन्दा
पनि नराम्रो भनिनेछ।

---

**कनानी** कनानीहरू एक यहूदी राजनैतिक दलकाहरू थिए।

### मानिसको होइन परमेश्वरको डर राख

*(लूका १२:२-७)*

२६“यसकारण ती मानिसहरूदेखि डराउने काम छैन।
छोपिएका प्रत्येक कुरा उघारिनेछ। गुप्तमा रहेका प्रत्येक
कुरालाई प्रकट गरिनेछ। २७यी सबै कुराहरू म
तिमीहरूलाई अन्धकारमा भन्छु तर तिमीहरूले यो कुरा
उज्यालोमा भन्नु पर्छ। यी कुराहरू म तिमीहरूका
कानमा कानेखुसी गर्नेछु तर तिमीहरूले यी सबै कुराहरू
सबैलाई खुल्लम-खुल्ला भन्नुपर्दछ। २८मानिसहरूदेखि
नडराऊ। तिनीहरूले तिम्रो शरीरलाई मात्र मार्नेछन्।
तिनीहरूले आत्मालाई मार्न सक्ने छैनन्। तिमीहरू
त्यससंग डराउनु पर्नेछ जसले तिम्रो शरीर र आत्मालाई
नै नर्कमा लैजान्छ। उहाँले शरीर र आत्मालाई नरकमा
पठाउनु सक्न हुन्छ।

२९“चराहरू बेच्नुपर्दा दुइवटा चराको दाम एक पैसा
मात्र तिर्नु पर्नेछ। तर तिम्रा पिताको इच्छाबिना एउटै
चरापनि मर्ने छैन। ३०तिम्रा टाउँकोमा कतिवटा केशहरू
छन् उहाँले ती समेत जान्नुहुन्छ। ३१यसकारण डर
नमान। तिमीहरू ती चराहरूभन्दा धेरै उत्कृष्ट
छौ।

### विश्वास बारेमा बहस

*(लूका १२:८-९)*

३२“यसैकारण हरेक जसले मानिसहरूका सामु मलाई
स्वीकार गर्छ, म पनि उसलाई मेरा स्वर्गमा हुने परम
पिताको सामु स्वीकार गर्नेछु। ३३तर जब कुनै मानिस
अरूको सम्मुख उभिएर उसले मलाई विश्वास गर्छु
भन्न सक्दैन भने त्यो मेरो आफ्नो मानिस होइन भनेर
म भन्नेछु। मेरा स्वर्गमा हुने पिताको अघि पनि म यसै
भन्नेछु।

### येशूलाई पछ्याउनाले दु:ख उठाउनु पर्छ

*(लूका १२:५१-५३; १४:२६-२७)*

३४“म पृथ्वीमा शान्ति ल्याउन आएको भनी नसम्झ
म पृथ्वीमा शान्ति ल्याउनलाई आएको होइन। तर म
तरवार चलाउन आएको हुँ। ३५-३६म यो उद्देश्यले
आएको हुँ।

‘एउटा छोरो बाबुको विरुद्ध हुन्छ, एउटी छोरी
उसकी आमाको विरुद्ध हुन्छे, एउटी बुहारी उसकी
सासूको विरुद्ध हुन्छे। कुनै मानिसको आफ्नो परिवारको
मानिस इच्छा पत्रमा नाउँ भएका उसको विरुद्ध शत्रु
बन्दछ।’ *मिका ७:६*

३७“जसले मलाई भन्दा आफ्ना बाबु-आमालाई धेरै
माया गर्छ उ मलाई पच्छ्याउने योग्यको हुँदैन। जसले
आफ्नो छोरा-छोरीलाई मलाई भन्दा धेरै माया गर्छ, ऊ
मेरो पछिलाग्ने योग्यको हुँदैन। ३८यदि कुनै मानिसले
मलाई अनुसरण गरेको बेला उसलाई दिएको क्रूस
स्वीकार गर्दैन भने उ मलाई अनुसरण गर्ने योग्यको
हुँदैन। ३९जसले आफ्नो जीवनलाई बचाउन खोज्छ
उसले त्यो गुमाउनेछ। तर जसले आफ्नो जीवन मेरो
निम्ति गुमाउँछ उसले त्यो प्राप्त गर्नेछ।

### तिमीलाई ग्रहण गर्नेलाई परमेश्वरले आशिष दिनुहुन्छ

*(मर्कूस ९:४१)*

४०तिमीहरूलाई जसले ग्रहण गर्छ मलाई पनि ग्रहण
गर्दछ। अनि जसले मलाई ग्रहण गर्छ मलाई पठाउनेलाई
पनि ग्रहण गर्दछ। ४१अगमवक्तालाई स्वागत गर्नेले
असल मानिस भएको कारणले इनाम पाउँछ। एउटा
असल मानिसलाई भेटेर उसलाई स्वागत गर्नेले ऊ
असल मानिस भएको कारणले उसले असल मानिसको
इनाम पाउँछ। ४२यदि कसैले मलाई पछ्याउनेले यी
सानाहरू मध्ये कसैलाई सहायता गर्ला, उसले आफ्नो
इनाम पाउनेछ। त्यस मानिसले एक मात्र दिए पनि
मबाट ठूलो इनाम पाउनेछ।”

### येशू र बप्तिस्मा दिने यूहन्ना

*(लूका ७:१८-३५)*

**११** आफ्ना बाह्रै चेलाहरूलाई शिक्षा दिँदै येशूले
आफ्ना कुराहरू भनिसक्नु भएपछि उहाँ
गालिलको शहरहरू तिर प्रचार गर्न अनि शिक्षा दिन
जानुभयो।

२बप्तिस्मा दिने यूहन्ना कैदमा थिए। ख्रीष्टले गरेका
सबै कुराहरू उनले सुने। अनि यूहन्नाले आफ्ना
चेलाहरूलाई येशूकहाँ पठाए। ३यूहन्नाका चेलाहरूले
येशूलाई सोधे, “यूहन्नाले आउँदैछ भन्नुभएको मानिस
तपाईं नै हुनुहुन्छ, कि अरू कुनै मानिसलाई हामीले
पर्खनु पर्ने हो?”

४येशूले भन्नुभयो, “यूहन्नाकहाँ जाऊ तिमीहरूले
सुनेका र देखेको कुराहरू वर्णन गर। ५अन्धाहरूले
फेरि दृष्टि पाउँछन्; लङ्गडाहरू हिड्न सक्ने हुन्छन्;
कुष्ट रोगीहरू शुद्ध हुन्छन्; बहिराहरू सुन्नसक्ने हुन्छन्;
मरेकाहरू जागी उठ्छन्; अनि गरीब मानिसहरूलाई
सुसमाचारहरू सुनाइदैछ। ६यदि कुनै मानिसले मलाई
ग्रहण गर्छ भने त्यो धन्यको हो।”

७जब यूहन्नाका चेलाहरू आफ्ना मार्गमा जाँदैथिए,
येशूले ती मानिसहरूलाई यूहन्नाको बारेमा भन्न लाग्नु
भयो। उहाँले भन्नुभयो, “तिमीहरू मरुभूमिमा के हेर्न
निस्क्यौ? के बतासले हल्लाइराखेको निगालोलाई?
८वास्तवमा केको निम्ति तिमीहरू मरुभूमिमा गयौ?
राम्रो वस्त्र पहिरने मानिसलाई हेर्न? ती राम्रा-राम्रा वस्त्र
पहिरिएर राजमहलहरूमा बस्ने मानिसहरूलाई हो। ९यदि
यसो होइन भने के हेर्नलाई तिमीहरू बाहिर निस्केका

हौ? कुनै एक अगमवक्तालाई? हो, म भन्दछु, एक अगमवक्ता भन्दा महान यूहन्ना नै हुन्। १०यूहन्ना नै एकहुन् जसको विषयमा धर्मशास्त्रमा लेखिएको छ:

'सुन! म आफ्नो दूतलाई तिम्रो अघि-अघि पठाउँनेछु। उसले तिम्रो लागि बाटो तयार गरिदिनेछ।'

*मलाकी ३:१*

११म तिमीहरूलाई साँचो भन्दछु: बप्तिस्मा दिने 'यूहन्ना पृथ्वीमा जन्मेका सबै मानिसभन्दा महान छन्। तरैपनि स्वर्गको राज्यमा जो सबैभन्दा सानो छ, त्यो यूहन्नाभन्दा ठूलो हो। १२बप्तिस्मा दिने यूहन्नाको समयदेखि यसो अहिलेसम्म स्वर्गको राज्यमा बलजफत हुँदैछ र बलजफत गर्नेहरू जबरजस्ती खोस्छन्। १३सबै अगमवक्ताहरू र मोशाको व्यवस्थाले यूहन्ना समेत को समय नआउञ्जेल पछि हुन आउने कुराहरूको विषयमा अगमवाणी गरेका छन्। १४यदि अगमवक्ता र व्यवस्थाले भनेका कुरामा तिनीहरू विश्वास गर्छौ भने, यूहन्नानै एलिया हो भनेर पनि तिमीहरूले विश्वास गर्नेछौ। व्यवस्था र अगमवक्ताहरूले उहाँ आउँनुहुन्छ भनेका छन्। १५मेरो कुरा सुन्न सके तिमीहरूले यी कुराहरू सुन।

१६"आजका मानिसहरूको बारेमा मैले के भन्ने? तिनीहरू के जस्ता छन्? आजका मानिसहरू बजारमा खेल्ने ससाना केटाकेटीहरू जस्ता छन्। एक दलका केटाकेटीहरूले अर्को दलकाहरूलाई बोलाउँछन्,

१७'तिमीहरूको निम्ति हामीहरूले संगीत बजायौ, तर तिमीहरू नाचेनौ; हामीहरूले दु:खका गीत गायौं, तर तिमीहरू दु:खी भएनौ।'

१८मानिसहरू त्यस्तै छन् भनेर मैले किन भनें? किनभने जब यूहन्ना आए उनले अरूले जस्तै खाएनन् अनि दाखरस पिएनन। अनि मानिसहरूले, 'उसलाई भूत लागेको छ भनी भन्छन।' १९मानिसका पुत्र अरू मानिसहरूले जस्तै खाँदै पिउँदै आयो। मानिसहरूले भने 'उसलाई हेर, उसले अति धेरै खान्छ अनि एउटा पियक्कड़ हो। उ महसूल उठाउनेहरू र पापीहरूको मित्र हो।' तर बुद्धि चाहिँ उहाँले गरेको कामबाट सिद्ध हुन्छ।"

## येशू विश्वास नगर्नेहरूलाई सतर्क गराउनु हुन्छ

*(लूका १०:१३-१५)*

२०येशूले ती शहरहरूलाई हप्काउनु भयो जहाँ उहाँले धेरै शक्तिशाली कामहरू गर्नु भएको थियो। येशूले ती शहरहरूका बासिन्दाहरूलाई हप्काउनु भयो किनभने तिनीहरू आफ्नो जीवन शैली परिवर्तन गर्न राजी थिएनन। २१येशूले भन्नुभयो, "ए कोराजिन! तँलाई धिक्कार छ! ए बेथसेदा! तँलाई धिक्कार छ। मैले तिमीहरूकहाँ धेरै शक्तिशाली कामहरू गरिदिएँ। यदि यस्तै शक्तिशाली कामहरू टायर र सदोममा गरिएको भए त्यहाँका मानिसहरूले पहिले नै भाङ्रा वस्त्रलाएर र खरानी घसेर पश्चताप गरिसक्ने थिए। २२तर म भन्दछु, न्यायको दिनमा टायर र सदोमकोभन्दा तिमीहरूको हालत खराब हुनेछ। २३तँ कफर्नहुम, के तँ स्वर्गसम्म उचालिनेछस् र? अहँ तँलाई तल मृत्युको स्थान सम्म झारिनेछ। तँमाथि मैले धेरै शक्तिशाली कामहरू गरेको छु। यदि त्यस्तै चमत्कारहरू सदोममा भएको भए, त्यहाँका मानिसहरूले सबै पापहरू गर्न छोड़िसकेका हुनेथिए अनि त्यो नगर आजसम्म रहि रहनेथियो। २४तर म तिमीलाई भन्छु कि न्यायको दिनमा सदोमको भन्दा तिम्रो हालत अरू नराम्रो हुनेछ।"

## येशू आफ्ना मानिसहरूलाई विश्राम प्रदान गर्नुहुन्छ

*(लूका १०:२१-२२)*

२५त्यसपछि येशूले भन्नुभयो, "हे पिता, स्वर्ग र पृथ्वीका परमप्रभु, म तपाईंलाई धन्यवाद चढ़ाउँछु। म तपाईंको प्रशंसा गर्दछु किनकि तपाईंले यी कुराहरू बुद्धिमान र समझदार मानिसहरूबाट लुकाउनुभयो। तर तपाईंले यी तिनीहरूप्रति प्रकट गरिदिनु भयो जो स-साना बालकहरू झैं छन्। २६हे मेरा पिता, तपाईंले यस्तो गर्नु भयो, जो वास्तवमै तपाईंले गर्न चाहनु भएको थियो।

२७"मेरा पिताले मलाई सबै व्यवस्था गरिदिनु भएको छ। पिताले बाहेक अरू कसैले पुत्रलाई चिन्दैन। पुत्रले बाहेक अरू कसैले पितालाई चिन्दैन। अनि पुत्रले जुन मानिसहरूमा पितालाई प्रकट गर्ने इच्छा गर्नहुन्छ तिनीहरूले मात्र पितालाई चिन्ने छन्। २८मकहाँ आऊ। "जो थकित औ कष्टले दबिएकाहरू हो! म तिमीहरूलाई आत्माको निम्ति विश्राम दिनेछु। २९मेरो कामकुरो ग्रहण गर अनि मबाट सिक। म विनयी र विनम्र-हृदयको छु। अनि तिमीहरूले आफ्नो आत्मामा विश्राम पाउनेछौ। ३०हो, मेरो काम ग्रहण गर्न सजिलो छ। तिमीहरूलाई दिइने भार हलका छ।"

## यहूदीहरूद्वारा येशूको आलोचना

*(मर्कूस २:२३-२८; लूका ६:१-५)*

**१२** त्यो समय, येशू विश्रामको दिनमा अन्नका खेतहरूबाट जानुहुँदै थियो, येशूका चेलाहरू पनि उहाँसँगै थिए। तिनीहरू भोकाएका थिए। ती चेलाहरूले अन्नका बाला टिप्दै खान लागे। २फरिसीहरूले यो देखेर। तिनीहरूले येशूलाई भने, "हेर्नुहोस्! तपाईंको चेलाहरू विश्रामको दिनमा गर्नु निषेध गरिएका कुरा गर्दैछन्।"

३उहाँले तिनीहरूलाई भन्नुभयो, "दाऊदले, आफै र आफूसँगका मानिसहरू भोकाउँदा के गरेथे, के तिमीहरूले पढ़ेका छैनौ? ४दाऊद परमेश्वरको घरमा गए। दाऊद र

तिनका साथीहरूले परमेश्वरलाई चढाइएको रोटी खाए।
दाऊद र तिनका साथीहरूले यसरी रोटी खानु नियमको
विरुद्ध थियो। केवल पूजाहारीहरूलाई मात्र त्यस्तो रोटी
खाने अनुमति थियो। ५अनि तिमीहरूले मोशाको
व्यवस्थामा यो पनि निश्चयनै पढ़ेको हुनुपर्छ कि कसरी
प्रत्येक विश्रामको दिनमा पूजारीहरूले मन्दिरमा विश्राम
अथवा विश्रामको नियम भङ्ग गर्छन्। तरै पनि
पूजाहारीहरूलाई त्यस दोषको निम्ति दोषी ठानिन्दैन।
६म तिमीहरूलाई भन्दछु, 'यहाँ मन्दिर भन्दा ठूलो'
केही छ। ७धर्मशास्त्रमा भनिएको छ, 'म पशुहरूको
बलिदान चाहन्न। म मानिसहरूमा दया चाहन्छु।'*
वास्तवमा तिमीहरू ती शब्दहरूको अर्थ के हो त्यो
पनि जान्दैनौं। यदि ती शब्दहरूका अर्थ तिमीहरूले
बुझ्यौ भने ती तिमीहरूले निर्दोषहरूलाई न्याय गर्ने
थिएनौ।

८"मानिसको पुत्र विश्राम दिनको पनि प्रभु हो।"

## येशूले विश्राम दिनमा निको पार्नु भयो

*(मर्कूस ३:१-६; लूका ६:६-११)*

९येशू त्यहाँबाट हिँड्नु भयो अनि तिनीहरूको सभाघरमा
जानुभयो। १०उहाँले सभाघरमा एउटा सुकेर चाउरिएको
हात भएको मानिसलाई देख्नु भयो। केही यहूदीहरू
येशूलाई दोष लगाउनलाई निहुँ खोजिरहेका थिए। अनि
तिनीहरूले उहाँलाई सोधे, "के विश्रामको दिनमा कसैलाई
निको पार्नु न्यायोचित छ?"

११उहाँले भन्नुभयो, "यदि तिमीहरूमध्ये कसैको
एउटा भेड़ा छ, त्यो विश्रामको दिनमा एउटा खाल्डामा
खस्यो भने के आफ्नो हातले समातेर बाहिर तान्दैनौ?
१२एउटा मानिस भैंड़ा भन्दा धेरै असल हुन्छ। त्यसर्थ
विश्रामको दिनमा भलो गर्न व्यवस्थाले दिन्छ।"

१३तब उहाँले त्यस डुँडेहात भएको मानिसलाई
भन्नुभयो, "मलाई तिम्रो हात हेर्न देऊ।" त्यसले येशू
भएतिर हात पसार्‍यो।अनि उसको हात, त्यो अर्को हात
जस्तै निको भयो। १४तर फरिसीहरू बाहिर गए अनि
येशूलाई मार्नका निम्ति योजना बनाए।

## येशू परमेश्वरद्धारा चुनिएको सेवक हुनुहुन्छ

१५फरिसीहरूले के गर्न लागिरहेका थिए सो येशूलाई
थाहा भयो। अनि उहाँले त्यो ठाउँ छोड्नुभयो। धेरै
मानिसहरूले उहाँलाई पछ्याउन लागे। उहाँले सबै
रोगीहरूलाई निको पारी दिनुभयो।

१६उहाँ को हुनुहुन्छ भनेर मानिसहरूलाई केही
नभन्नु येशूले चेताउनी दिनु भएको थियो। १७येशूले यी
कुराहरू यशैया अगमवक्ताले भनेका कुराहरू पूर्ण
गर्नका निम्ति गर्नु भयो।

१८"यहाँ मेरो दास छ; मैले उसलाई चुनेको हुँ। म
उसलाई प्रेम गर्छु अनि म उसित खुशी छु। म मेरो
आत्मा उसमा हालिदिनेछु। अनि उसले नै अन्य
राष्ट्रहरूमाथि न्यायको घोषणा गर्नेछ।

१९उसले झगड़ा गर्नेछैन न त चिच्याउने नै छ।
उसको स्वर कसैले पनि गल्लीहरूमा सुन्ने छैन।

२०उसले बाङ्गि सकेको निगालो भाँच्ने छैन। उसले
जलिरहेको दीयो निभ्दै जाँदैछ भनि निभाउने छैन। उसले
यी सबै गरिरहनेछ जबसम्म साँचो न्यायले विजय प्राप्त
गर्दैन।

२१सबै राष्ट्रहरूले उहाँमाथिनै आशा गर्नेछन्।"

*यशैया ४२:१-४*

## परमेश्वरद्धारा येशूको शक्ति

*(मर्कूस ३:२०-३०; लूका ११:१४-२३; १२:१०)*

२२त्यसपछि केही मानिसहरूले एकजना मानिसलाई
येशूकहाँ ल्याए। उ अन्धो थियो अनि बोल्न पनि
सक्दैनथ्यो किनकि उसलाई भूत लागेको थियो। उहाँले
त्यसलाई निको पार्नुभयो अनि त्यस मानिसले बोल्न
अनि देख्न थाल्यो। २३सबै मानिसहरू चकित भए।
तिनीहरूले भने, "निश्चयनै यी मानिस नै दाऊदका पुत्र
हुन् जसलाई परमेश्वरले हामीकहाँ पठाउने प्रतिज्ञा गर्नु
भएको थियो?"

२४जब फरिसीहरूले मानिसहरूको मुखबाट यस्तो
कुरा सुने तब तिनीहरूले भने, "येशूले मानिसहरूबाट
भूत भगाउनका निम्ति बालजिबुल शक्तिको प्रयोग
गर्दछन्। बालजिबुल भूतहरूको शासक हो।"

२५येशूले फरिसीहरूले सोचेका कुरा थाहा पाउनुभयो।
अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "आपसमा झगड़ा
गर्ने कुनै पनि राज्य ध्वंस हुनेछ त्यसै गरी आफैमा
विभाजन भएको नगर टिक्ने छैन। त्यसरीनै विभाजन
भएको कुनै परिवार सफल हुँदैन। २६यदि शैतानले
शैतानलाई निकाल्दछ भने, त्यो आफ्नै विरुद्ध विभाजित
हुन्छ। तब कसरी उसको राज्य टिक्न वा चल्न
सक्छ? २७तिमीहरूले भन्दैछौ कि मैले शैतानको
शक्तिद्वारा भूतहरू भगाउँदैछु। यदि यो सत्य हो भने,
तिम्रा मानिसहरूले भूत भगाउन कुन शक्तिको प्रयोग
गर्दैछन्? यसकारण तिमीहरूका आफ्नै मानिसहरूले
तिमीहरूको भूल कोट्याउनेछन्। २८तर म परमेश्वरका
आत्माको शक्तिद्वारा भूतहरू भगाउँछु। यसबाट यो
थाहा हुन्छ कि परमेश्वरको राज्य अघि नै तिमीहरूमा
आइसकेको छ।

२९"यदि कुनै मानिसले कुनै एक बलवान मानिसको
घरमा लूटपाट गर्न चाहन्छ भने, सर्वप्रथम उसले त्यो
बलवान मानिसलाई साङ्लोले बाँधेर राख्नुपर्छ। त्यसपछि
मात्र त्यो मानिसले घर लुट्न सक्दछ। ३०जो मानिस
मसित छैन, त्यो मेरो विरुद्धमा छ। मसित काम नर्गेनले

---

**'म ... चाहन्छु'** होशे ६:६

मेरो विरुद्धमा काम गरिरहेको हुन्छ। ३१यसैले म
तिमीहरूलाई भन्दछु, तिनीहरूले गरेका हरेक पापका
निम्ति मानिसहरूलाई क्षमा प्रदान गर्न सकिन्छ। अनि
तिनीहरूले भनेका सबै नराम्रा शब्दहरूको निम्ति
मानिसहरूलाई क्षमा प्रदान गर्न सकिन्छ। तर यदि
कसैले पवित्र आत्माको विरुद्धमा कुरा गर्छ भने
उसलाई क्षमा गरिनेछैन। ३२यदि कसैले मानिसका
पुत्रका विरुद्धमा कुरा गरे उसलाई क्षमा हुनेछ। तर
कसैले पवित्र आत्माको विरुद्धमा-कुरा गरे क्षमा हुनेछैन।
त्यस मानिसलाई न ता अहिले क्षमा दिइन्छ न ता
भविष्यमानै।

## तिमीहरूको चाल-चलनले तिमीहरूको परिचए गराउँछ

*(लूका ६:४३-४५)*

३३"यदि तिमीहरू असल फल चाहन्छौ भने तिमीहरूले
बृक्षलाईनै असल तुल्याउनु पर्छ। यदि तिमीहरूको बृक्ष
नै नराम्रो छ भने त्यसको फल पनि नराम्रो हुनेछ।
किनकि त्यसको फलबाटनै बोटलाई चिन्न सकिन्छ।
३४ए साँपहरू, तिमीहरू दुष्ट मतिका छौ। तिमीहरूबाट
कसरी असल कुराहरू आउनसक्छ। हृदयमा जे कुरा
थुपारिएको छ त्यही कुराहरू नै मुखले बोल्दछ।
३५असल मानिसले असलै कुराहरू हृदयमा थुपारेको
हुन्छ। हृदयमा थुपारेको यसर्थ राम्रै कुराहरू उसले
बोल्दछ। तर एउटा दुष्ट मानिसले हृदयमा दुष्ट कुराहरूनै
राखेको हुन्छ र उसले बोलेको बेलामा हृदयमा भएका
दुष्ट कुराहरू नै उसले बोल्दछ। ३६यसर्थ म तिमीहरूलाई
भन्दछु प्रत्येक मानिसले आफूले बोलेका हरेक लापरवाही
कुराहरूको विवरण न्यायको दिनमा दिनु पर्नेछ।
३७तिमीलाई तिम्रा आफ्नै कुराहरूद्वारा न्याय गरिनेछ।
तिम्रा कतिपय कुराहरूले तिमीलाई सही तुल्याउँनेछ
अनि तिम्रा कतिपय कुराहरूले तिमीहरूलाई दोषी
ठहराउनेछ।"

## प्रमाणकालागि येशूसँग यहूदीहरूको सोधखोज

*(मर्कूस ८:११-१२; लूका ११:२९-३२)*

३८तब केही शास्त्रीहरू र फरिसीहरूले येशूलाई
जवाफ दिए। तिनीहरूले भने, "गुरूज्यू, हामी तपाईंबाट
एउटा आश्चर्यको चिन्ह हेर्न चाहन्छौं।"
३९येशूले जवाफ दिनुभयो, "दुष्ट र पापी मानिसहरूले
प्रमाणकोलागि चमत्कार खोज्दैछन्। तर त्यस्ता
मानिसहरूलाई प्रमाणकोलागि कुनै चमत्कार देखाइने
छैन। अगमवक्ता योनाको चिन्ह बाहेक ४०तीन दिन र
तीन रात सम्म योना एउटा ठूलो माछाको पेटमा थिए।
त्यसरी नै तीन दिन र तीन रात सम्म मानिसको पुत्र
पृथ्वीको पेटभित्र रहनेछ। ४१अनि न्यायको दिनमा
तिनीहरू दोषी छन् भनी देखाउनका निम्ति निनवेका
मानिसहरू यस पुस्ताको साथमा खड़ा हुनेछन्। किनभने
योनाले तिनीहरूलाई उपदेश दिएका थिए, अनि तिनीहरूले
आफ्नो जीवननै बदलेका थिए। अनि अझ यहाँ एक
मानिस छ त्यो योना अगमवक्ता भन्दा महान छ।
४२न्यायको दिनमा दक्षिणको महारानी यस पुस्ताको
अगाड़ी खड़ा हुनेछिन र उनैले तिनीहरूलाई दोषी भनी
प्रमाण दिने छिन्। किनभने सुलेमानका ज्ञानहरू सुन्न
महारानीले धेरै-टाढ़ासम्मको यात्रा गरेकी थिइन्। अनि
अझ यहाँ एक मानिस छ त्यो सुलेमानभन्दा महान छ।

## दुष्ट आत्माले भरिएका आजका मानिसहरू

*(लूका ११:२४-२६)*

४३"जब दुष्ट आत्मा मानिसबाट निस्केर जान्छ, त्यो
ओबानो ठाउँतिर विश्राम खोज्दै हिडछ तर त्यसले
भेट्टाउन सक्तैन। ४४तब त्यस दुष्ट आत्माले भन्छ, 'म
आफ्नै अघिको घरमा फर्किजानेछु, जसलाई मैले छाड़े
र आए।' त्यो फर्केर आउँछ र पहिलेको उसको
घरभित्र रित्तो र सफा गरि राखेको भेट्टाउँछ। ४५त्यसपछि
त्यो दुष्ट आत्मा जान्छ, र आफू भन्दा बढ़ता दुष्ट
आत्मा अरू सातवटा दुष्ट आत्माहरू ल्याउँछ। तब
सबै दुष्ट आत्माहरू त्यस मानिस भित्र पसेर त्यहाँ बास
गर्छन् र त्यस मानिसहरूको अवस्था पहिलेको भन्दा
झन खराब हुन्छ अनि त्यही अवस्था त्यो दुष्ट
पुस्तामाथि पनि हुन्छ।"

## चेलाहरू नै येशूका परिवार

*(मर्कूस ३:३१-३५; लूका ८:१९-२१)*

४६जब येशू मानिसहरूसित अझ बातचीत गर्दै
हुनुहुन्थ्यो उहाँका आमा र भाइहरू बाहिर उभिरहेका
थिए। तिनीहरू येशूसँग भेट गर्न चाहन्थे। ४७कुनै
एकजनाले भने, "तपाईंकी आमा र भाइहरू बाहिर
उभिरहेका छन्, अनि तिनीहरू तपाईंसँग भेट गर्न
चाहन्छन्।" ४८येशूले त्यो मानिसलाई बोल्दै गर्ने मानिसलाई
भन्नुभयो, "मेरा आमा र मेरा भाइहरू को हुन्?"
४९आफ्ना चेलाहरूलाई संकेत गर्दै उहाँले भन्नुभयो,
"हेर। यिनीहरू नै आमा र भाइहरू हुन्। ५०जसले
स्वर्गको मेरो पिताले चाहनु भए झैं गर्दछ उनीहरूनै
मेरा भाइ, बहिनी र आमा हुन्।"

## येशूले बीऊ र बीऊ छर्नेको बिषयमा उखान भन्नुहुन्छ

*(मर्कूस ४:१-९; लूका ८:४-८)*

**१३** ठीक त्यही दिन येशू बाहिर गएर झीलको
छेउमा बस्नु भयो। २उहाँलाई अनेकौं
मानिसहरूले घेरेका थिए। यसकारण उहाँ एउटा डुङ्गामा
चढ़नु भयो। सबै मानिसहरू चाहि किनारमा बसेका
थिए। ३उखानहरूको उपयोग गरेर उहाँले मानिसहरूलाई
धेरै शिक्षा दिनुभयो। येशूले बताउनुभयो, "केही किसान

बीऊ छर्नलाई निस्क्यो। ४जब तिनीले बीऊ छर्दै थिए,
केही बीऊहरू बाटोतिर परे। चरा-चुरुङ्गी आएर ती
बीऊहरू खाए। ५केही बीऊहरू नभएको कारणले
बीऊहरू चाड़ै उम्रनथाले चट्टानमय खेतमा झरे। जमीन
त्यत्ति गहिरो थिएन। ६तर जब घाम लाग्नथाल्यो, ती
बीरूवाहरू प्रचण्डघामले सुकेर गए किनभने तिनीहरूका
जराहरू थिएनन्। कतिपय बीऊहरू काँड़ाघारीमा खसे।
जब काँड़ाहरू बढ़्दै गए तिनीहरूले ती बीरूवाहरूलाई
उम्रन दिएनन्। ७कतिपय बीऊहरू मलिलो माटोमा
खसेका थिए। ८अनि ती बीऊहरू उम्रिए र फसल
उत्पन्न गरे। कतिपय बोटहरूले सय, कतिपयले साठी,
अनि कतिपयले तीस गुणा फल फलाए। ९उ जसले
सुन्न सक्छ मेरो कुरा सुन।"

## येशूले उपसिकाउनलाई उखान्न भन्नु भएको

*(मर्कूस ४:१०-१२; लूका ८:९-१०)*

१०चेलाहरू आए र येशूलाई सोधे, "तपाईंले उपदेश
दिनुहुँदा किन उखानहरूमा भन्नु भएको?"

११येशूले जवाफ दिनुभयो, "स्वर्गको राज्यको सत्य-
रहस्यहरूको बारेमा तिमीहरूले मात्र बुझ्नसक्छौ। तर
अरूहरूले ती जान्नसक्दैनन्। १२जसले बुझ्न सक्दछ
उसलाई अरू बुझाइनेछ अनि उसले चाहेभन्दा धेरै
बुझ्न पाउनेछ। तर जसले बुझ्न सक्दैन उसले जति
बुझेकोछ त्यो पनि उसकोबाट खोसिनेछ। १३यसैले, ती
मानिसहरूलाई उपदेश दिँदा म उखानहरूमा भन्नेगर्छु
तिनीहरू हेर्दछन्, तर केही देख्दैनन्। तिनीहरू सुन्छन्
तर बुझ्दैनन्। १४यसरी यशैयाले जुन अगमवाणी गरे
त्यो तिनीहरूमा पूर्ण भयो।

'तिमीहरू सुन्न त सुन्छौ तर बुझ्दैनौ। तिमीहरू हेर्न
त हेर्छौ तर कहिल्यै देख्दैनौ।

१५हो, यी मानिसहरूको हृदय कठोर भएको छ।
कान भएर पनि यिनीहरू सुन्न अस्वीकार गर्छन् तिनीहरूका
आखाँ छ तापनि तिनीहरू देख्दैनन्। यस्तो भएको छ
त्यसकारण तिनीहरूले आफ्ना आँखाले देख्दैनन्। आफ्ना
कानले सुन्दैनन् तिनीहरूका हृदयले बुझ्दैनन् हैन भने
तिनीहरू मकहाँ आउने थिए, सुन्ने थिए अनि म
तिमीहरूलाई निको पार्नेथिए।' *यशैया ६:९-१०*

१६तर तिमीहरू धन्य छौ किनभने तिम्रा आँखाहरूले
देख्न सक्छन्, अनि तिम्रा कानहरूले सुन्न सक्छन्।
१७म तिमीहरूलाई साँचो भन्दछु। धेरै अगमवक्ताहरू र
धर्मी मानिसहरू पहिले तिमीहरूले देखेका कुराहरू हेर्न
चाहन्थे। तर तिनीहरूले ती कुराहरू देख्न सकेनन्।
अनि धेरै अगमवक्ताहरू र धर्मी मानिसहरू तिमीहरूले
सुनेका कुराहरू पहिले सुन्न चाहन्थे। तर तिनीहरूले ती
कुराहरू सुन्न सकेनन्।

## बीऊ छर्नेको उखानको व्याख्या

*(मर्कूस ४:१३-२०; लूका ८:११-१५)*

१८"अब किसानको बारेमा उखान सुन। १९बाटोमा
छरिएको बीऊ के हो? त्यो बीऊ त्यो मानिस जस्तो हो
जसले राज्यको बारेमा केही उपदेश सुन्छ तर बुझ्दैन।
दुष्ट आउँछ अनि उसको मनमा रोपिएको कुराहरू
लैजान्छ। २०अनि चट्टानमय भूमिमा खसेको बीऊहरू
चाहिँ के हुन्? ती बीऊहरू त्यो मानिस जस्तै हुन् जसले
उपदेश सुन्छ अनि आनन्दसित तुरन्तै ग्रहण गर्दछ।
२१तर त्यो मानिसले त्यो सन्देशलाई गहनरूपले उसको
जीवनमा पस्न दिँदैन। त्यो उपदेशलाई त्यसले थोरै
बेरसम्म मात्र आफ्नो जीवनमा राख्छ। उपदेशको कारणले
जब उसले कष्ट र सतावटको सामना गर्नुपर्छ त्यसले
तत्काल आफ्नो विश्वास गुमाउँछ। २२अनि काँड़ाहरूमा
छरिएको बीऊहरू चाहिँ के हुन्? ती बीऊहरू ती
मानिसहरू जस्तै हुन् जसले उपदेश सुन्दछन् तर जीवनको
विषयमा बढ़ता फिक्री गर्छन् अनि पैसाको प्रेमले
तिनीहरूले सुनेको उपदेश निस्सासिन्छ। यसले गर्दा
उपदेशले फलफलाउन सक्दैन। २३तर मलिलो जमीनमा
झरेका बीऊहरू चाहिँ के हुन्? ती बीऊहरू ती
मानिसहरू जस्तै हुन् जसले उपदेश सुन्छ र त्यसलाई
बुझ्दछ। त्यो बीरूवा उम्रन्छन् अनि कहिले सयगुणा
ज्यादा, कहीले साठी गुणा ज्यादा, र कहिले तीसगुणा
अधिक फल फलाउँछन।"

## गहूँ र सामाको उखान

२४त्यसपछि येशूले तिनीहरूलाई सिकाउन अर्को
उखान सुनाउनु भयो। उहाँले भन्नुभयो, "स्वर्गको राज्य
एउटा मानिस जस्तो हो जसले आफ्नो खेतमा असल
बीऊ छर्‍यो, २५त्यो रात सबै मानिसहरू निदाइरहेका
थिए। त्यो मानिसको शत्रु आयो अनि गहुँको बीच-बीचमा
सामा छरेर गयो। २६केही समयपछि गहुँ उम्रियो र
लट्ट बढ़्न थाल्यो त्यही समय सामा पनि बढ़्न थाल्यो,
२७उसका चाकरहरू आए र मालिकलाई सोधे, 'हजूरले
आफ्नो खेतमा असल बीऊ रोप्नु भएको होइन? तब
सामाको बोट चाहिँ कहाँबाट आयो?'

२८"त्यो मानिसले जवाफ दियो, 'केही शत्रुले त्यो
छरेको थियो।'

"चाकरहरूले सोधे, 'त के हामीले गएर ती सामा
उखेलेको तपाईं चाहनु हुन्छ?'

२९"त्यो मानिसले जवाफ दियो, 'अहँ, किनभने जब
तिमीहरूले सामा उखेलदा गहुँ पनि उखेल्न सक्छौ।
३०फसलको समयसम्म सामा र गहुँ दुवैलाई सँगसँगै
बढ़्न देऊ। फसल कटाइको बेलामा म खेतालाहरूलाई
भन्नेछु, "पहिले सामा बटुलेर तिनीहरूलाई जलाउनुको
निम्ति बिटा-बिटा बाँध। त्यसपछि गहुँ बटुल र मेरो
भण्डारमा जम्मा गर।'"

## अरू केही उखानहरू

*(मर्कूस ४:३०-३४; लूका १३:१८-२१)*

**३१**तब येशूले मानिसहरूलाई अर्को उखान भन्न भयो। "स्वर्गको राज्य एउटा रायोको बीऊ जस्तो हो। एकजना मानिसले त्यसलाई आफ्नो खेतमा रोप्यो। **३२**त्यो बीऊ अरू बीऊहरूमध्ये सबैभन्दा सानो बीऊ हुन्छ। तर जब यो उम्रन्छ त्यो बारीको सबभन्दा ठूलो पोथ्रा हुन सक्छ। त्यो रूख जस्तै उम्रन सक्छ हाँगाहरू यति ठूला उम्रन सक्छन् कि तिनमा चरा-चुङ्गीहरूले आफ्ना निम्ति गुँड बनाउन सक्छन्।"

**३३**येशूले अर्को उखान भन्नुभयो, "स्वर्गको राज्य खमीर जस्तो हो। जसलाई एउटी स्त्रीले रोटी बनाउन एउटा ठूलो भाँड़ामा पिठोसित मिसाइन्। त्यो खमीरले पीठोको सबै डल्लालाई खमीरी बनायो।"

**३४**येशूले मानिसहरूलाई यी सबैकुराहरू भन्नलाई उखानहरू उपयोग गर्नुभयो। वास्तवमा उहाँले तिनीहरूलाई उखानहरूको उपयोग नगरी कहिले केही भन्नु भएन। **३५**अगमवक्ताद्वारा भनिएका कुराहरूलाई पूर्ण गर्न यस्तो भएको हो,

"म उखान मार्फत तिमीहरूसँग बोल्छु, उखानहरूमा संसारको सृष्टि भएको समय देखि गुप्त राखिएका कुराहरू भन्नेछु।" *भजनसंग्रह ७८:२*

## येशू कठिन उखानको व्यख्या गर्नुहुन्छ

**३६**त्यसपछि सबै मानिसहरूलाई त्यहीँ छाड़ेर येशू घरतिर लाग्नुभयो। उनका चेलाहरू उहाँकहाँ गए र भने, "कृपया हामीलाई खेतको सामाको उखानको अर्थ बताइ दिनुहोस्।" **३७**येशूले जवाफ दिनुभयो, "खेतमा असल बीऊ छर्ने मानिस मानिसको पुत्र हो। **३८**संसार नै खेत हो। असल बीऊहरू राज्यमा परमेश्वरकै मानिसहरू हुन्। सामा दुष्टका सन्तानहरू हुन्। **३९**नराम्रो बीऊहरू छर्ने शत्रुका चाहि शैतान हो। फसलकाटने समय चाहिँ संसारको अन्त्य हो। अनि फसल काटनेहरू परमेश्वरका दूतहरू हुन्। **४०**सामाहरू बटुले पछि ती आगोमा जलाइनेछन्, संसारको अन्त्यमा पनि त्यस्तै हुनेछ। **४१**मानिसको पुत्रले आफ्ना दूतहरू पठाउनेछन् र तिनीहरूले ती सबैलाई भेला गर्नेछन् जसले पाप र दुष्टता गर्छन् दूतहरूले उनीहरूलाई राज्यदेखि बाहिर निकालि दिनेछन्। **४२**स्वर्गदूतहरूले तिनीहरूलाई ज्वलन्त भट्टीमा फालिदिने छन्। त्यहाँ मानिसहरू रूवाबासी गर्दै दाँतकिट्दै रहनेछन्। **४३**तब धर्मीहरू घाम जस्तै चम्कने छन्। तिनीहरू आफ्ना पिताको राज्यमा हुनेछन्। हे मानिसहरू जसले सुन्नु सक्छौ, मेरो कुरा सुन।

## गाड्धन र मोतीको उखान

**४४**"स्वर्गको राज्य जमीनमा लुकाइएको सम्पत्ति जस्तै हो। कुनै एक दिन एउटा मानिसले त्यो पायो, ऊ खूबै खुशी भयो। उसले त्यसलाई फेरि खेतमा लुकायो। तब ऊ गएर आफूसंग भएको सबै चिजहरू बेच्यो र त्यो खेत किन्यो।

**४५**"फेरि, स्वर्गको राज्य एक व्यपारी जस्तै हो, जसले असल मोतीहरू खोज्छ। **४६**एकदिन त्यो व्यापारीले एउटा बहुमूल्य मोती फेला पाऱ्यो। र उसले गएर आफूसँग भएको सबै बेचेर त्यो मोती किन्यो।

## माछामार्ने जालको उखान

**४७**"स्वर्गको राज्य समुद्रमा हालेको एउटा महा जाल जस्तै हो। त्यो जालमा विभिन्न किसिमका माछाहरू परे। **४८**त्यो जालभरि माछा थिए। तब जालहारीले त्यो जाललाई किनारमा ताने, भूईंमा बसेर तिनीहरूले राम्रो किसिमका माछाहरू छुट्याउन र आफ्नो टोकरीमा हाल्न थाले। अनि तिनीहरूले नराम्रा किसिमका माछाहरू फ्याँकिदिए। **४९**जगत्को अन्त्यमा पनि यस्तै हुनेछ। स्वर्गदूतहरू आइपुग्ने छन् अनि राम्रा मानिसहरूबाट नराम्रा मानिसहरूलाई अलग गर्नेछन्। **५०**स्वर्गदूतहरूले तिनीहरूलाई जल्दो भट्टीमा फालिदिनेछन्। ती मानिसहरू पीड़ाले रूनेछन् दाँत किट्नेछन्।"

**५१**तब येशूले आफ्ना शिष्यहरूलाई सोध्नुभयो, "के यी सबै कुराहरू तिमीहरूले बुझ्यौ?"

तिनीहरूले जवाफ दिए, "ज्यू प्रभु, हामीले बुझ्यौं।"

**५२**तब उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "प्रत्येक शास्त्री जसले स्वर्गको राज्यको विषयमा सिकेको एउटा घरको मालिक जस्तै हुन्। उसले आफ्नो घरमा पुराना र नयाँ चीजहरू जोगाई रखेको हुन्छ। अनि उसले ती पुराना र नयाँ चीजहरू बाहिर झिक्दछ।"

## येशू आफ्नो शहर जानुहुन्छ

*(मर्कूस ६:१-६; लूका ४:१६-३०)*

**५३**यसरी उखानहरूमा शिक्षा दिइसकेपछि येशूले त्यो स्थान छाड्नु भयो। **५४**येशू आफू हुर्किएको ठाउँमा पुग्नुभयो। येशूले सभा घरमा तिनीहरूलाई शिक्षा दिनुभयो। मानिसहरू उहाँ देखि अचम्भित भए। यसकारण तिनले आपसमा कुरा गरे, "चमत्कारहरू गर्ने यस्तो बुद्धि र शक्ति यिनले कहाँबाट पाए? **५५**यिनी उही सिकर्मीका पुत्र हुन्। अनि उनकी आमा मरियम हुन्। याकूब, यूसुफ, शिमोन र यहूदा उनका भाइहरू हुन्। **५६**अनि उनका सबै बहिनीहरू अहिले हामीसँग छन्। यसर्थ, उनले यी कुराहरू गर्ने यत्रो बुद्धि र शक्ति कहाँबाट पाए?" **५७**यसर्थ मानिसहरूले येशूलाई स्वीकार गर्न सकेनन्।

तर येशूले तिनीहरूलाई भन्नुभयो, "अरू मानिसहरूले अगमवक्तालाई आदर गर्छन्। तर आफ्नो शहरमा र आफ्नै घरमा भएका मानिसहरूले अगमवक्तालाई त्यसरी उनको जस्तो आदर गर्दैनन्।"

५८त्यस ठाउँका मानिसहरूले येशूलाई विश्वास नगरेका
हुनाले उहाँले त्यहाँ त्यति धेरै आश्चर्यकर्महरू देखाउनु
भएन।

### हेरोदले येशूको बारेमा जानकारी लिए

*(मर्कूस ६:१४-२९; लूका ९:७-९)*

१४ त्यस समयमा हेरोदले, गालिलका शासकबाट
येशूको बारेमा खबर सुनेका थिए। २हेरोदले
आफ्ना नोकरहरूलाई भने, "यो मानिस साँच्चै बप्तिस्मा
दिने यूहन्ना हुन। मृत्युबाट बौरी उठेछ। यसैले यत्रो
आश्चर्यकर्महरू गर्न सक्छ।"

### बप्तिस्मा दिने यूहन्ना कसरी मारिए

३यसअघि हेरोदले यूहन्नालाई कैद गरेका थिए।
हेरोदले यूहन्नालाई सांग्लोले बाँधेर कैदमा हालेका थिए
हेरोदियासको कारणले। हेरोदियास, हेरोदको भाई
फिलिपकी पत्नी थिइन्। ४यसो भनेका थिए, "तपाईं
हेरोदले बुहारीलाई पत्नी बनाएर राख्नु ठीक हुदैन
यसकारण यूहन्नालाई पक्रेका थिए।" ५तर मानिसहरूदेखि
उसलाई डर थियो। मानिसहरूले यूहन्नालाई एकजना
अगमवक्ता भनी विश्वास गरेका थिए।

६हेरोदको जन्म दिनमा, हेरोदियासकी छोरीले हेरोद र
तिनका अतिथिहरूका निम्ति नाचेर देखाई। हेरोद खूबै
खुशी भए। ७अनि उसले चाहेको कुनै पनि चीज दिने
वचन हेरोदले दिए। ८के चाहिँ माग्नु पर्ने हो हेरोदियासले
आफ्नी छोरीलाई सोधी। यसर्थ उसले हेरोदसँग मागी,
"कृपया बप्तिस्मा दिने यूहन्नाको टाउको मलाई एउटा
थालमा दिनुहोस्।" ९राजा हेरोद खूबै दु:खी भए। तर
छोरीले जे चाहन्छे त्यो उसलाई दिने शपथ उनले
लिएका थिए। अनि हेरोदसँगै खाने मेचमा बसेका
मानिसहरूले पनि यो (शपथ) सुनेका थिए। उसले
आफ्नी छोरीले चाहेको कुरा ल्याउने आदेश दिए।
१०यसर्थ उनले केही मानिसहरूलाई पठाए अनि तिनीहरूले
कैदमा परेका यूहन्नाको टाउको काट्न लगाए।
११तिनीहरूले यूहन्नाको टाउको एउटा थालमा ल्याए र
त्यस केटीलाई दिए। तिनले यूहन्नाको टाउको आफ्नी
आमा हेरोदियास कहाँ लगिन। १२यूहन्नाका चेलाहरू
आए र तिनको देह लगेर गाड़े। अनि तिनीहरू
येशूकहाँ गए र भएका घटनाहरूको वर्णन गरे।

### पाँचहजारभन्दा बढ़ी मानिसहरूलाई भोजनको प्रबन्ध

*(मर्कूस ६:३०-४४; लूका ९:१०-१७;
यूहन्ना ६:१-१४)*

१३जब येशूले यूहन्नामाथि भएका घटनाहरू सुन्नुभयो,
उहाँ एउटा नाउमा चढ़ेर निर्जन ठाउँमा जानुभयो। जब
मानिसहरूले येशू गइसक्नु भएको कुरा थाहा पाए।
तिनीहरूले आफ्नो शहर छाड़ेर जमीनको बाटो भएर
येशूलाई पछ्याए। १४जब येशू नाउबाट उत्रनुभयो,
त्यहाँ उहाँले मानिसहरूको भीड़ देख्नुभयो। उहाँ
तिनीहरूप्रति अत्यन्त टीठाउनु भयो, अनि तिनीहरूमा
विरामी परेकाहरूलाई निको पार्नु भयो।

१५त्यसै अपरान्ह चेलाहरू येशूकहाँ पुगेर भन्नलागे,
"यहाँ कुनै मानिस बस्दैनन्। अनि अब धेरै ढिलो भयो।
तिनीहरूलाई पठाइदिनुहोस् जसमा कि तिनीहरू आफै
गएर आफ्ना निम्ति खानेकुरा किन्न सकून्।"

१६येशूले भन्नुभयो, "मानिसहरू यहाँबाट नजाउन
बरू तिमीहरू आफैले तिनीहरूलाई केही खानेकुराको
प्रबन्ध गरिदेऊ।"

१७चेलाहरूले भने, "तर हामीहरूसित जम्मा पाँचवटा
रोटी र दुइवटा माछा मात्र छन्।"

१८येशूले भन्नुभयो, "ती रोटी र माछाहरू यहाँ
ल्याऊ।" १९त्यसपछि येशूले सबै मानिसहरूलाई घाँसमा
पंक्ति मिलाएर बस्न लगाउनु भयो। उहाँले पाँचवटा
रोटी र दुइवटा माछा लिनुभयो। उहाँले आकाशतर्फ
हेरेर परमेश्वरलाई धन्यवाद दिनुभयो। त्यसपछि उहाँले
रोटीहरू टुक्रा पारेर चेलाहरूलाई ती रोटी दिनुभयो,
अनि चेलाहरूले चाँही रोटी मानिसहरू माझ बाड़िदिए।
२०सबैले खाए र सन्तुष्ट भए। सबै मानिसहरूले खाना
खाइसके, पछि चेलाहरूले उब्रिएका टुक्राहरू बटुलेर
बाहवटा टोकरीहरूमा भरे। २१त्यहाँ स्त्रीहरू र केटा-
केटीहरू बाहेक प्राय: पाँच हजार मानिसहरू थिए।

### येशू पानी माथि हिड़नु भयो

*(मर्कूस ६:४५-५२; यूहन्ना ६:१५-२१)*

२२तब येशूले चेलाहरूलाई डुङ्गामा चढ़ेर झीलको
अर्कोतर्फ जान लगाउनु भयो। उहाँले आफू पछि
आउने कुरा भन्नुभयो। मानिसहरूलाई घर पठाउनका
निम्ति येशू त्यहाँ बस्नुभयो। २३मानिसहरूलाई बिदा
गरिसकेपछि, येशू एक्लै प्रार्थना गर्नलाई डाँड़ामा चढ़नुभयो।
अबेर सम्म उहाँ एक्लै त्यहाँ बस्नुभयो। २४यसबेलासम्म
डुङ्गा धेरै टाढ़ा पुगिसकेको थियो। हावा विपरित
दिशाबाट चलेको कारणले छालहरूले गर्दा डुङ्गालाई
कठीन परिरहेथ्यो।

२५बिहानको पहिलो प्रहारतिर, येशूका चेलाहरू
डुङ्गामा नै थिए। येशू पानीमाथि हिड़ँदै तिनीहरू भएतिर
जानुभयो। २६उहाँलाई पानीमा हिड्दै गरेको देखेर
चेलाहरू डराउन लागेका थिए। "यो भूत हो।" तिनीहरू
डरले चिच्याए। २७तर येशूले तत्कालै भन्नुभयो, "साहसी
होऊ यो म हुँ! डराउनु पर्दैन।"

२८पत्रुसले भने, "प्रभु, यदि वास्तवमा तपाईं नै
हुनुहुन्छ भने, मलाई पानीमाथि हिडेर तपाईंकहाँ आउन
भन्नुहोस्।"

२९येशूले भन्नुभयो, "आऊ पत्रुस।"

त्यसपछि पत्रुसले डुङ्गा छोड़े र पानीमाथि हिँड़दै येशू

भएकहाँ गए। ३०पानीमाथि हिँड़दा पत्रुसले तेज बतास र छालहरू आएको देखे। अनि भयभीत भए। उनी भयभीत भए र पानीमा डुब्नलागे। उनी चिच्याए, "प्रभु, मलाई बचाउनुहोस्।"

३१त्यसपछि येशूले पत्रुसको हात समात्नु भयो। उहाँले भन्नुभयो, "ए अल्पविश्वासी तिमीले किन शंका गर्छौ?"

३२जब पत्रुस र येशू दुवै डुङ्गामा चढ़े आँधी पनि थामियो। ३३डुङ्गामा भएका चेलाहरूले येशूलाई आराधना गर्दै भन्न लागे, "साँच्चै तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ।"

## येशूले धेरै बिमारी मानिसहरूलाई निको पार्नुभयो

*(मर्कूस ६:५३-५६)*

३४त्यसपछि उहाँहरू झील तरेर गनेसरेतको किनारमा पुग्नुभयो। ३५त्यस ठाउँका मानिसहरूले येशूलाई देखे। उहाँ वास्तवमा को हुनहुन्छ भनेर तिनीहरूले जान्न पाए। तिनीहरूले त्यस क्षेत्र वरिपरिका सबै मानिसहरूलाई येशू त्यहाँ आउनु भएको छ भनेर खबर फैल्याए। धेरै रोगीहरूलाई येशूकहाँ पुऱ्याए। ३६तिनीहरूले उहाँको लुगाको किनार मात्र पनि छुनलाई अनुमति मागे ताकि तिनीहरूको बिमार निको होस्।

## परमेश्वरको र मानिसको व्यवस्था

*(मर्कूस ७:१-२३)*

**१५** त्यसपछि केही फरिसीहरू र शास्त्रीहरू येशूकहाँ आए। तिनीहरू यरूशलेमबाट आएका थिए तिनीहरूले भने, २"तपाईंका चेलाहरूले किन हाम्रा पुर्खाहरूले बनाएका नियमहरू भङ्ग गर्दछन्?. खानभन्दा अघि तिनीहरू हात धुँदैनन्।"

३येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरू पनि किन आफ्ना परम्पराको निम्ति परमेश्वरको आज्ञा भङ्ग गर्दछौ? ४परमेश्वरले भन्नु भएको छ, 'आफ्ना बाबु र आमाको आदर गर।'* फेरि उहाँले भन्नु भएको छ, 'जसले आफ्ना बाबु अनि आमालाई अपमान गर्छ त्यसलाई मार्नुपर्छ।'* ५तर तिमीहरू जसले मबाट तपाईंले जे पाउन सक्नु हुन्थ्यो त्यो परमेश्वरलाई चढ़ाईएको छ भनी आफ्ना आमा-बाबुलाई भन्छौ उसले उनीहरूलाई आदर गरिरहनु पर्दैन भन्ने शिक्षा दिन्छौ। ६तिमीहरू त्यस मानिसलाई आफ्नो पिताको आदर गर्नु पर्दैन् भन्छौ। यसरी तिमीहरू आफ्नो नियमका निम्ति परमेश्वरको आदेशलाई एकातिर पन्छाउँछौ। ७तिमीहरू कपटीहरू हौ। यशैयाले तिमीहरूको बारेमा सही बोले। यशैयाले भनेका थिए,

८'यी मानिसहरू मलाई मुखले आदर गर्छौं भन्छन् तर तिनीहरूको हृदय मदेखि टाढ़ा छ।

९तिनीहरूले मलाई अर्पण गरेको आराधना व्यर्थ छ। तिनीहरूले आफैले रचेका नियमहरू मात्रै पालन गर्न सिकाउँछन्।'" *यशैया २९:१३*

१०येशूले मानिसहरूलाई आफूकहाँ बोलाउनु भयो। उहाँले भन्नुभयो, "म तिमीहरूलाई केही भन्छु। सुन र यसलाई बुझ। ११जे-जति कुरा मुखभित्र पस्छ, त्यसले मानिसहरूलाई अशुद्ध गराँउदैन। तर जे मुखबाट बाहिर निस्कन्छ, त्यसैले मानिसहरूलाई अशुद्ध तुल्याउँछ।"

१२तब चेलाहरू येशूकहाँ आए र उहाँलाई भने, "के तपाईंलाई थाहा भयो कि तपाईंले भन्नुभएको कुराबाट फरिसीहरू रिसाए भने तपाईंले थाहा पाउनुभयो?"

१३येशूले भन्नुभयो, "स्वर्गको मेरा पिताले नरोपेको प्रत्येक बोट उखेलिनेछ। १४फरिसीहरूलाई छाड़िदेऊ। तिनीहरू मानिसहरूलाई अगुवाई त गर्छन्, तर तिनीहरूको अगुवाई एउटा अन्धाले अर्को अन्धालाई डोऱ्याएको जस्तो हुन्छ। अनि जब एक अन्धाले अर्को अन्धालाई डोऱ्याउँछ तब दुवै खाल्डामा पर्नेछन्।"

१५पत्रुसले भने, "अघि तपाईंले मानिसहरूलाई भन्नु भएको कुराको हामीलाई व्याख्या गर्नुहोस्।"

१६येशूले सोध्नुभयो, "के तिमीहरूलाई पनि यो कुरा बुझ्न अझ कठिन परिरहेको छ? १७तिमीहरू जान्दैनौ कि मुखबाट खाएको खानेकुरा पेटमा पुग्दछ। अनि त्यसपछि शरीरदेखि जे कुरा बाहिर जान्छ। त्यो काम नलाग्ने हुन्छ। १८मुखबाट निस्कने जेसुकैको उत्पत्ति हृदयमा हुन्छ अनि त्यसैले मानिसलाई अशुद्ध तुल्याउँछ। १९किनभने हृदयबाट यस्ता नराम्रा कुराहरू आउँछन् दुष्ट विचार, हत्या, व्यभिचार, यौन अनैतिकता, चोरी, कसम खाएर ढाँट्नु, निन्दा जस्ता कुराहरू निस्कन्छन्। २०यी कुराहरूले मानिसलाई अशुद्ध तुल्याउँछन। तर हात नधोई खानाले मानिसलाई अशुद्ध तुल्याउँदैन।"

## येशूबाट कनानी स्त्रीहरूलाई सहायता

*(मर्कूस ७:२४-३०)*

२१येशू त्यो ठाउँ छोड़ेर जानु भयो अनि टायर र सिडोनका क्षेत्रतिर जानुभयो। २२त्यस क्षेत्रकी कुनै एउटी कनानी स्त्री येशूकहाँ आई। तिनले रूँदै भनिन्, "परमप्रभु, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्। मेरो छोरीलाई भूतले सताएको छ ऊ साह्रै यातनामा छे।"

२३तर येशूले त्यस स्त्रीलाई जवाफ दिन एउटा शब्द पनि भन्नु भएन। अनि चेलाहरू उहाँकहाँ आएर विन्ती गर्न लागे, "कृपया यो स्त्रीलाई पठाइदिनु होस्, यसले हाम्रो पिछा गर्दै कराइरहेकी छे।"

२४येशूले भन्नुभयो, "इस्राएलका हराएको भेड़ाको निम्ति मात्र जानु भनी परमेश्वरले मलाई पठाउनु भएको हो।"

---

**'आफ्ना ... गर'** प्रस्थान २०:१२; व्यवस्था ५:१६

**'जसले ... मार्नुपर्छ'** प्रस्थान २१:१७

२५त्यो स्त्री फेरि येशूकहाँ आई। येशूको अघि
घोप्टो परेर त्यसले भनी, "प्रभु, मलाई सहायता
गर्नुहोस्।"
२६उहाँले जवाफ दिनु भयो, "नानीहरूको रोटी
कुकुरलाई दिनु असल हुन्छ त?"
२७त्यस स्त्रीले भनी, "हो प्रभु, तर कुकुरहरूले
आफ्नो मालिकको टेबलबाट झरेको रोटीका टुक्राहरू
खान्छन्।"
२८तब येशूले भन्नुभयो, "हे नारी। तिमीमा ठूलो
विश्वास रहेछ। तिमी जे चाहान्छौ म गर्नेछु।" अनि
त्यसको छोरी त्यसैबेला निको भइहाली।

### येशूले अनेक रोगहरू निको गर्नुभयो

२९त्यसपछि येशूले त्यो ठाउँ छोड्नुभयो अनि गालील
झीलको किनारमा जानुभयो। येशू डाँड़ामा चढ्नु भयो र
त्यहाँ बस्नुभयो।
३०धेरै, मानिसहरू येशूकहाँ आए। ती मानिसहरूले
थुप्रै रोगीहरूलाई लिएर आए अनि येशूको अघि
राखिदिए। लङ्गड़ा, अन्धा, डुँडा अनि बहिरा भीड़द्वारा
ल्याइएका थिए। येशूले यी सबैलाई निको पारिदिनु
भयो। ३१लाटाहरू बोल्न सक्ने भए लूलाहरू बलिया
भए हिड्न नसक्नेहरू फेरि हिड्न सक्ने भए र अधाहरू
फेरि देख्न सक्ने भए यस्तो आश्चर्य देखेर ती मानिसहरू
चकित भएर पहिले यस्तो कहिल्यै देखिएको थिएन
भन्दै इस्राएलका परमेश्वरलाई धन्यवाद चढ़ाए।

### यशूले चार हजारभन्दा धेरै मानिसहरूलाई खुवाउनु भएको

*(मर्कूस ८:१-१०)*

३२येशूले आफ्ना चेलाहरूलाई बोलाएर भन्नुभयो,
"यी मानिसहरूलाई देखेर मलाई दया लागेको छ।
अहिले तिनीहरू मसँग तीन दिन देखि छन्, अनि
तिनीहरूको खानेकुरा छैन। म तिनीहरूलाई भोकै
पठाउन चाहन्न। घर जाने बाटोमा तिनीहरू मुर्च्छा पर्न
सक्छन्।"
३३चेलाहरूले येशूलाई सोधे, "यी मानिसहरूलाई
खुवाउन यति विघ्न भोजन हामी कहाँ पाउन सक्छौं?
शहरदेखि हामी धेरै टाढ़ा छौ।"
३४येशूले जवाफ दिनु भयो, "तिमीहरूसित कतिवटा
रोटी छन्?" चेलाहरूले जवाफ दिए, "हामीसित सातवटा
रोटी र केही ससाना माछा छन्।"
३५येशूले सबैलाई भूईमा बस्न भन्नुभयो। ३६येशूले
सातवटा रोटी र केही माछा लिनुभयो। अनि भोजनकोलागि
परमेश्वरलाई धन्यवाद दिनुभयो। उहाँले ती रोटीलाई
भाँचेर चेलाहरूलाई दिनुभयो। तिनीहरूले मानिसहरूलाई
बाँड़िदिए। ३७सबै मानिसहरू खाए र तृप्त भए।
चेलाहरूले उब्रेका रोटीको टुक्राहरू बटुले ती सात
टोकरीभरि भए। ३८त्यहाँ प्राय: चार हजार मानिसहरू
थिए। जसले खाए। त्यसमा स्त्री र बालकहरू पनि
थिए। ३९जब तिनीहरूले खाए येशूले तिनीहरूलाई
आ-आफ्नो घर पठाउनुभयो अनि उहाँ एउटा डुङ्गामा
चढ़ेर मग्दानको क्षेत्रमा जानुभयो।

### यहूदी नेताहरूद्धारा येशूको परीक्षा

*(मर्कूस ८:११-१३; लूका १२:५४-५६)*

१६ फरिसीहरू र सदुकीहरू येशूकहाँ आए। तिनीहरू
येशूको परीक्षा लिन चाहन्थे। अनि तिनीहरूले
येशूलाई परमेश्वरबाट आएको हो भन्ने प्रमाणको निम्ति
चमत्कार देखाउन विन्ती गरे।
२येशूले भन्नुभयो, "जब तिमीहरूले सूर्यास्त भएको
देख्छौ, तिमीहरू भन्छौ, आकाश रातो छ, मौसम राम्रो
हुनेछ।" ३अनि बिहान तिमीहरू भन्छौ। आकाश
अन्धकार र रातो छ, यसकारण आज आँधी चल्ने छ।
यी मौसमका संकेतहरू हुन्। जब तिमीहरू आकाशमा
हेरेर त्यसको संकेत बुझ्छौ भने, अहिले के भइरहेछ
त्यो तिमीहरूले बुझ्नु पर्छ। यी पनि संकेतहरू हुन्। तर
यी संकेतहरूको अर्थ तिमीहरू बुझ्दैनौ। ४दुष्ट र पापी
मानिसहरूले चिन्हको निम्ति चमत्कार खोज्छन्। तर
तिनीहरूलाई योनाको चिन्ह* बाहेक अरू चिन्ह
देखाइनेछैन।" त्यसपछि अन्त कतै जानका निम्ति उहाँले
त्यो स्थान छोड़नु भयो।

### येशूद्वारा यहूदी नेताहरूलाई चेताउनी

*(मर्कूस ८:१४-२१)*

५येशू र उहाँका चेलाहरू गालील झीलको अर्कोतिर
जानुभयो। तर चेलाहरूले आफूसँग रोटी लैजान भुले।
६येशूले तिनीहरूलाई भन्नुभयो, "आफैलाई बचाऊ।
फरिसीहरू र सदुकीहरूको खमीर चालबाट आफैलाई
जोगाऊ।"
७चेलाहरूले यो भनाइको विषयमा बहस गर्न थाले
तिनीहरूले भने, "हामीले आफूसँग रोटी नल्याएको
हुनाले उहाँले यसो भन्नुभएको हो भनी बहस गर्न
थाले?"
८येशूले चेलाहरूका धारणा बुझ्नुभयो। अनि उहाँले
तिनीहरूलाई भन्नुभयो, "किन रोटीको विषयमा तिमीहरू
कुरा गर्न लागिरहेछौ? तिमीहरूसित कमजोर विश्वास
छ। ९तिमीहरूले किन अझै नबुझेको? पाँचवटा रोटी
जो पाँच हजार मानिसहरूलाई खुवाइए पछि तिमीहरूले
कतिवटा टोकरी बटुल्यौ तिमीहरूलाई याद भएन?
१०अनि त्यसरीनै चार हजार मानिसहरूले सातवटा रोटी

---

**योनाको चिन्ह** को अर्थ योना ठूलो माछाको पेटभित्र तीन दिन सम्म रहे जस्तै येशू चिहान भित्र तीन दिन रहनु हो। (योना १-२)

खाएको कुरा र कति टोकरी तिमीहरूले बटुल्यौ, तिमीहरूलाई थाहा छैन? ११यसर्थ म रोटीको विषयमा कुरा गरिरहेको छु भनेर तिमीहरू किन बुझ्दैनौ। म तिमीहरूलाई फरिसीहरू र सदुकीहरूको खमीरको विरुद्ध सावधान हुन भन्दैछु।"

१२तब उहाँले रोटीको खमीर देखि होइन, तर फरिसीहरू र सदुकीहरूको शिक्षा देखि तिनीहरू होशियार बस्नु भन्नु भएको रहेछ भनी तिनीहरूले बुझे।

## येशू नै ख्रीष्ट हुनुहुन्छ पुत्रस भन्छन्

*(मर्कूस ८:२७-३०; लूका ९:१८-२१)*

१३जब येशू सिजरिया फिलिप्पीका इलाकामा पुग्नुभयो। उहाँले आफ्ना चेलाहरूलाई सोध्नुभयो, "म मानिसको पुत्र हुँ। मानिसहरू मलाई को हो भन्छन्?"

१४चेलाहरूले जवाफ दिए, "कसैले तपाईंलाई बप्तिस्मा दिने यूहन्ना हुन भन्दछन्। कसैले तपाईंलाई एलिया हुन भन्दछन्। अनि कसैले तपाईंलाई यर्मिया अथवा कुनै अगमवक्ताहरू मध्ये एकजना ठान्छन्।"

१५तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "तिमीहरू चाहिँ मलाई को हो भन्छौ?"

१६शिमोन पत्रुसले जवाफ दिए, "तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र।"

१७येशूले भन्नुभयो, "तिमी धन्य हौ, हे योनाको छोरो शिमोन। कुनै पनि मानव जातिले तिमीलाई यो सिकाएको होइन। स्वर्गमा भएका मेरा पिताले तिमीलाई प्रकाश गरिदिनुभएको हो। १८यसैले म भन्दछु, तिमी पत्रुस हौ। अनि म मेरो मण्डली यो चट्टानमाथि बनाउनेछु। मेरो मण्डलीलाई हराउन मृत्युको शक्तिहरू समर्थ हुनेछैनन्। १९म स्वर्गका साँचोहरू (चाबी) तिमीहरूलाई दिनेछु। जब तिमी यो पृथ्वीमा न्यायका लागि बोल्नेछौ तब त्यो न्याय परमेश्वरको न्याय हुनेछ। जब तिमीले यो पृथ्वीमा कसैलाई क्षमा दिनेछौ तब त्यो क्षमा परमेश्वरको क्षमा हुनेछ।" २०त्यसपछि येशूले आफ्ना चेलाहरूलाई कसैलाई पनि उहाँ ख्रीष्ट हुनुहुन्छ भनी नभन्नु चेताउनी दिनुभयो।

## आफूले मर्नुपर्छ भनी येशू बताउनहुन्छ

*(मर्कूस ८:३१-९:१; लूका ९:२२-२७)*

२१त्यसै बेलादेखि यसो येशूले आफ्ना चेलाहरूलाई आफू यरूशलेम जान पर्नेछ भनेर प्रष्ट पार्न थाल्नुभयो। अनि यहूदीहरूका अग्रज प्रमुखहरू, मुख्य पूजाहारीहरू अनि व्यवस्थाका शास्त्रीहरूले उहाँलाई धेरै यातना दिनेछन्। येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो कि उहाँलाई मारिनु नै पर्नेछ। अनि उहाँ तेस्रो दिनमा मृत्युबाट बौरी उठनु हुनेछ।

२२येशूलाई एक्लै एकातिर लगेर पत्रुसले टिका टिप्पणी गर्न लागे, "परमेश्वरले तपाईंलाई यस्ता कुराबाट बचाउँनु हुनेछ, हे परमप्रभु तपाईं माथि यस्ता कुराहरू आउने छैनन्।"

२३तब येशूले पत्रुसतिर फर्केर भन्नुभयो, "तिमी म देखि टाढ़ो जाऊ, शैतान! मेरो पक्षमा छैनौ। परमेश्वरले सोच्नु भएको जस्तो तिमीले सोच्दैनौ। तिमी मानिसहरूले सोचे जस्तै ।"

२४त्यसपछि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "यदि कसैले मलाई पछ्याउन चाहान्छ भने उसले आफूलाई चाहिएको चीजहरू प्रति अस्वीकार गर्नु पर्छ। उसलाई प्रदान गरिएको क्रूस उसले स्वीकार गर्नै पर्छ अनि त्यसपछि मलाई उसले पछ्याउनु पर्छ। २५जसले आफ्नो जीवन बचाउन चाहन्छ उसले त्यो गुमाउछ अनि जसले मेरो निम्ति जीवन गुमाउँछ उसले यसको रक्षागर्छ।

२६यदि कुनै मानिसले सबै संसार हात पर्छ तर आफ्नै जीवन गुमाउँछ भने उसलाई के लाभ हुन्छ? आफ्नो जीवन प्राप्त गर्नलाई कुनै मानिसले के दिनसक्छ? २७आफ्ना पिताको महिमासित मानिसको पुत्र आफ्ना दूतहरूसँग आउनेछ। त्यसबेला मानिसका पुत्रले प्रत्येकलाई आफ्नो कामको निम्ति इनामहरू दिनेछ। २८म तिमीहरूलाई साँचो भन्दछु। कोही मानिस जो यहाँ उभिरहेको छ, त्यसले आफ्नो मृत्यु हुनु भन्दा अघि मानिसका पुत्रको राज्य आएको देख्नेछन्।"

## येशू मोशा र एलियासंग देखिनु हुन्छ

*(मर्कूस ९:२-१३; लूका ९:२८-३६)*

**१७** त्यसको छ: दिनपछि, येशू आफूसँग पत्रुस, याकूब अनि युहन्ना (याकूबको दाज्यू) लाई लिएर एउटा अग्लो पर्वततिर लाग्नु भयो। तिनीहरू सुनसान ठाउँमा थिए। २तिनीहरूको आँखा अघि, येशू परिर्वतन हुनुभयो। उहाँको मुहार घाम जस्तै चम्किलो भयो। अनि उहाँको पहिरन ज्योति जस्तै चम्किलो भयो। ३तब तिनीहरूले दुइजना मानिसहरूलाई येशूसँग बातचीत गरिरहेका देखे। तिनीहरू मोशा र एलिया थिए। ४पत्रुसले येशूलाई भने, "प्रभु, यो उत्तम हो कि हामी यहाँ छौ। यो उत्तम हो यदि तपाईं इच्छा गर्नुहुन्छ भने म यहाँ तीनवटा आश्रयहरू निर्माण गर्नेछु, एउटा तपाईंको निम्ति, एउटा मोशाको निम्ति अनि एउटा चाहिँ एलियाको निम्ति।"

५जब पत्रुस कुरा गरिरहेका थिए, एक्कासि एक उज्यालो बादलले तिनीहरूलाई ढाकिहाल्यो। बादलबाट एउटा आवाज आयो। आवाज यस्तो थियो, "यी मेरा पुत्र हुन् अनि म यिनलाई प्रेम गर्दछु। म यिनीसित अति प्रसन्न छु। यिनको आज्ञा मान।"

६चेलाहरूले त्यो आवाज सुने। तिनीहरू खूबै डराए, अनि तिनीहरू घोप्टो परे। ७तर येशू आफ्ना चेलाहरूकहाँ आउनुभयो। अनि तिनीहरूलाई छुनु भयो। उहाँले

भन्नुभयो, "उठ। तिमीहरू डराउनु पर्दैन।" ८चेलाहरूले
पुलुक्क हेरे, तर कसैलाई देखेनन्। त्यहाँ येशू मात्र
हुनुहुन्थ्यो।
९येशू र उहाँका चेलाहरू पहाड़बाट ओह्रलदै थिए।
उहाँले चेलाहरूलाई आज्ञा दिनुभयो, "पहाड़मा तिमीहरूले
देखेको त्यस घटनाहरूको बारे मानिसको पुत्र मृत्युबाट
बौरी नउठे सम्म कसैलाई केही नभन्नु। त्यसपछि मात्र
तिमीहरूले देखेका कुराहरू मानिसहरूलाई भन्नू।"
१०चेलाहरूले येशूलाई प्रश्न गरे, "किन व्यवस्थाका
शास्त्रीहरूले ख्रीष्ट आउनुभन्दा पहिले एलिया आउनु
पर्छ भनेका हुन्?"
११येशूले भन्नुभयो, "एलिया आँउदैछन् भनेर तिनीहरूले
ठीकै भनेका हुन्। अनि यो साँचो हो कि एलिया
आउनेछन् र सबै कुराको ठीकसित व्यवस्था गर्नेछन्।
१२तर म तिमीहरूलाई भन्दछु, एलिया अघिनै आइसकेका
छन् तर तिनीहरू उनलाई चिन्दैनन्। उनलाई तिनीहरूले
आफूले जे चाहे त्यही गरे। त्यसरी नै मानिसका पुत्रले
पनि तिनीहरूका हातबाट यातना पाउने छन्।"
१३तब चेलाहरूले तिनीहरूलाई बप्तिस्मा दिने यूहन्नाको
बारेमा भन्नुभएको रहेछ भनी बुझे।

## यशूले रोगी केटोलाई निको पार्नुहुन्छ

*(मर्कूस ९:१४-२९; लूका ९:३७-४३)*

१४येशू अनि उहाँका चेलाहरू फेरि मानिसहरू
भएको ठाउँमा गए। एउटा मानिस येशूको अघि
निहुरियो। १५त्यो मानिसले भन्यो, "परमप्रभु, मेरो
छोरोप्रति दया गर्नुहोस्। उसलाई छारेरोग लागेकोछ र
यसै द्वारा पीड़ित छ। मेरो छोरो बारम्बार आगो र
पानीमा लड़छ। १६मैले मेरो छोरोलाई तपाईंको
चेलाहरूकहाँ ल्याएँ, तर तिनीहरूले उसलाई निको पार्न
सकेनन्।"
१७येशूले जवाफ दिनुभयो, "तिमीहरूमा विश्वास
छैन। तिमीहरूको जीवननै भ्रष्ट छ। तिमीहरूसँग म
कहिलेसम्म बस्न सकुँला? तिमीहरूसँग कहिलेसम्म म
धैर्य गरिबस्नु? त्यस केटोलाई यता ल्याऊ।" १८येशूले
केटाभित्र भएको भूतलाई आज्ञागर्नु भयो। त्यो केटाबाट
भूत बाहिर निस्क्यो, अनि त्यसबेला देखि केटा निको
भयो।
१९तब चेलाहरू येशूकहाँ एकान्तमा आए। तिनीहरूले
भने, "हामीले केटाबाट भूत भगाउन पूरा प्रयास गरेका
थियौं। तर हामीले त्यसलाई भगाउन सकेनौं। किन
हामीहरूले भूत भगाउन सकेनौ?"
२०येशूले जवाफ दिनुभयो, "तिमीहरूले भूत भगाउन
सकेनौ, किनभने तिमीहरूमा विश्वास एकदमै कम्ती छ
म तिमीहरूलाई साँचो भन्दछु। यदि तिमीहरूको विश्वास
तोरीको दाना झैं हुँदो हो, त पर्वतलाई यहाँबाट हटिजा
भनेर तिमीहरूले त्यसलाई आज्ञा दिन सक्ने थियौ।"
अनि त्यो सर्ने थियो। सबै कुरा तिमीहरूको निम्ति
सम्भव थियो।" २१*

## येशू आफ्नो मृत्यु बारे चर्चा गर्नुहुन्छ

*(मर्कूस ९:३०-३२; लूका ९:४३-४५)*

२२त्यसपछि, चेलाहरू गालीलमा भेला भए। येशूले
तिनीहरूलाई भन्नुभयो, "मानिसको पुत्रलाई मानिसहरूको
नियन्त्रणमा सुम्पिइनेछ। २३ती मानिसहरूले मानिसको
पुत्रलाई मारिदिनेछन्। तर तेस्रो दिनमा मानिसको पुत्र
बौरी उठनेछन्।"
येशूलाई मारिनेछ भन्ने सुनेर चेलाहरू खुबै दुःखित
भए।

## येशूद्धारा महसूल तिर्ने बारे शिक्षा

२४येशू चेलाहरूलाई लिएर कफर्नहुममा जानुभयो।
कफर्नहुममा केही मानिसहरू पत्रुसकहाँ आए। ती
मानिसहरू दोहोरो महसूल उठाउनेहरू थिए। तिनीहरूले
सोधे, "के तिमीहरूका गुरूले दोहोरो महसूल तिर्नु
हुन्छ?"
२५पत्रुसले जवाफदिए, "हो, येशूले ती करहरू
तिर्नुहुन्छ।"
त्यसपछि पत्रुस येशू भएको घरमा गए। पत्रुसले
केही बोल्न अघिनै, येशूले भन्नुभयो, "यो संसारमा
राजाले मानिसहरूबाट विभिन्न प्रकारका करहरू प्राप्त
गर्दछन्। तर महसूल तिर्ने मानिसहरू को हुन्?. के
तिनीहरू राजाका परिवारका मानिसहरू हुन्? अथवा ती
अरू मानिसहरू हुन्? तिम्रो यस प्रति के भन्छौ?"
२६पत्रुसले जवाफ दिए, "अरू मानिसहरूले महसूल
तिर्छन्।"
येशूले भन्नुभयो, "त्यसो भए राजाका आफ्नै परिवारले
महसूल तिर्ने आवश्यकता पर्दैन। २७तर हामी यी
महसूल उठाउनेहरूलाई रीस उठाउन चाँहदैनौं। यसर्थ
यसप्रकारले महसूल बुझाऊ। पोखरीमा जाऊ र माछा
समात्न बल्छीहान। तिमीले समातेको पहिलो माछा
लेऊ, त्यसको मुख खोल र तिमीले चार ड्रकमाको
एउटा मुद्रा पाउनेछौ। त्यो मुद्रा महसूल उठाउनेहरूलाई
देऊ। त्यसैबाट तिम्रो र मेरो महसूल चुक्ता हुनेछ।"

## येशू सोध्नुहुन्छ सबभन्दा महान को हो?

*(मर्कूस ९:३३-३७; लूका ९:४६-४८)*

**१८** त्यसैबेला चेलाहरू येशूकहाँ आए र सोधे,
"स्वर्गको राज्यमा सबभन्दा महान को
होलान्?"

---

**पद २१** केही ग्रीक लिपीहरूमा पद-२१ छ: "यदि तिमीहरूले प्रार्थना र उपवास गर्न सक्यौ भने यस्तो आत्मा निस्कि आउनेछन्।"

२येशूले एकजना सानो बालकलाई आफूकहाँ
बोलाउनुभयो। अनि चेलाहरूको अघि त्यो बालकलाई
उभ्याउनु भयो। ३अनि भन्नुभयो, “म तिमीहरूलाई
साँचो भन्दछु। यदि तिमीहरू सानो बालकहरू जस्तै
बदलिएनौ भने तिमीहरू स्वर्गको राज्यमा कहिल्यै प्रवेश
गर्न सक्नेछैनौ। ४जसले आफूलाई यो सानो बालक झैं
आफूलाई नम्र बनाउन सक्छ स्वर्गको राज्यमा उही
महान हुन्छ।

५“यदि कुनै मानिसले मेरो नाममा यो बालकलाई
ग्रहण गर्छ भने, उसले मलाई ग्रहण गरेको हुनेछ।

## पापको बारेमा चेताउनी

*(मर्कूस ९:४२-४८; लूका १७:१-२)*

६यदि एउटा सानो बालकले ममाथि विश्वास राख्छ
भने, अनि कसैले त्यो बालकलाई पापमा पार्छ भने
त्यस मानिसको लागि अति नराम्रो हुनेछ। त्यसको
निम्ति त घाँटीमा एउटा ठूलो जाँतो झुण्ड्याएर स्वयंलाई
अगाध समुद्रमा डुबाइदिनु असल हुनेछ। ७जुन कारणले
मानिसहरूलाई पाप गराउँछ यस संसारमा म ती
मानिसहरूको निम्ति दु:ख मान्छु। यस्तो घटना हुनैपर्छ।
तर यस्तो गर्ने मानिसहरूलाई कहिल्यै राम्रो हुनेछैन।
८यदि तिम्रो हात वा खुट्टाले तिमीलाई पाप गर्नलाउँछ
भने त्यसलाई काटेर फालिदेऊ। दुइहात वा खुट्टा
सहित निरन्तर नरकको आगोमा जल्नुभन्दा त बरू
शरीरको एउटा अंग गुमाएर सधै भरि बाँच्नु असल
हो। ९यदि तिम्रा आँखाले तिमीलाई पापगर्न लाउँछ भने
त्यसलाई निकालेर फालिदेऊ। दुइवटा आँखा भएर सधै
भरिलाई नरकको अग्निमा फालिनुभन्दा त एउटा
आँखा लिएर जीवनमा प्रवेश गर्नु तिम्रो निम्ति असल
हुनेछ।

## हराएको भेंड़ाको उखान

*(लूका १५:३-७)*

१०“होशियार बस। यी साना बालकलाई तुच्छ
नठान। म तिमीहरूलाई भन्दछु यी बालकहरूका स्वर्गमा
दूतहरू छन्। अनि ती दूतहरू स्वर्गमा मेरा पिताका
साथमा छन्। ११*परमेश्वरको पुत्र हराएकाहरूलाई
वचाउन आउनु भएको छ।

१२“तिमीहरू के सोच्छौ? यदि कुनै मानिसको १००
वटा भेड़ाहरू छन्, अनि कुनै एउटा हराएको छ, भने
अरू ९९ वटा भेड़ालाई डाँड़ामा छोडेर ऊ हराएको
एउटा भेंड़ालाई खोज्न जाँदैन? के यो ठीक होइन?
१३अनि जब उसले हराएको भेंड़ा भेट्टाउँछ तब ऊ
आफूसित भएका ९९ वटा भेंड़ामा भन्दा त्यो एउटा
भेंड़ा पाएर रमाउनेछ। म तिमीहरूलाई साँचो भन्दछु।
१४त्यसरीनै तिम्रा स्वर्गको पिताको इच्छा यो छ कि यी
मध्ये कुनै पनि साना बालकहरू नहराओस्।

## जब कसैले गल्ती गर्छ

*(लूका १७:३)*

१५“यदि तिम्रा भाइ वा बहिनीले तिम्रो विरुद्धमा
केही गल्ती गर्‍यो भने जब उ एकान्तमा हुन्छ तिमी
उसकोमा जाऊ। अनि उसले के गल्ती गरेको छ भनेर
सम्झाऊ। यदि त्यो मानिसले तिमीलाई सुन्न चाहे, भने
उसलाई तिमीले आफ्नो गरायौ। १६यदि उसले सुन्न
अस्वीकार गर्‍यो भने अरू एक वा दुइ मानिसहरूलाई
ल्याऊ जसमा ती दुइ वा तीन साक्षीहरूले त्यहाँ जे जति
कुरा भए ती प्रमाणित गर्नेछन्। १७यदि उसले तिनीहरूका
कुरा पनि सुन्न मानेन् भने यस मण्डली समक्ष ल्याऊ।
मण्डली समुदायले भनेको कुरा मानेन भने उसलाई
परमेश्वरमा विश्वास नगर्ने र महसूल उठाउने सरह
व्यवहार गर।

१८“म तिमीहरूलाई साँचो भन्दछु। जब यो पृथ्वीमा
तिमी न्यायको लागि बोल्दछौ, त्यो न्याय परमेश्वरबाट
हुनेछ। जब तिमीले यो पृथ्वीमा क्षमाको बचन दिन्छौ,
त्यो क्षमा परमेश्वरबाट हुनेछ।

१९“म तिमीलाई भन्छु, “यो पृथ्वीमा केही कुराको
बारेमा तिमीहरूमध्ये दुइजना मिलेर सहमत भयौ भने
त्यसको निम्ति प्रार्थना गर्नसक्छौ। अनि तिमीहरूले जुन
चीजको निम्ति प्रार्थना गर्छौ त्यो मेरा स्वर्गीय पिताबाट
प्राप्त गर्नेछौ। २०यो साँचो हो, किनभने दुई वा
तीनजनाले म माथि विश्वास गरेर भेला हुन्छन् भने, म
त्यहाँ तिनीहरूका साथमा हुनेछु।”

## क्षमाको उखान

२१त्यसपछि पत्रुस येशूकहाँ आएर सोधे, “प्रभु मेरो
भाईले मेरो विरोधमा घरिघरि गल्ती गर्दछ, तब मैले
कति पटक सम्म उसलाई क्षमा गर्नु? के सातपल्ट
सम्म?”

२२येशूले जवाफ दिनुभयो, “म तिमीहरू सबैलाई
भन्दछु, यदि उसले आफ्नो गल्ती गरिरह्यो भने पनि
तिमीले सात गुणा सत्तरी पटकसम्म क्षमा दिनुपर्छ।”

२३“यसकारण स्वर्गको राज्य एउटा राजा जस्तै हो
जसले आफ्ना नोकरहरूबाट हिसाब मिलाउने निश्चय
गर्‍यो। २४राजाले हिसाब मिलाउन शुरू गरे। उसको
एउटा नोकर हजारौं चाँदीको सिक्काको ऋणी थियो।
२५त्यो नोकर आफ्नो ऋण तिर्न असमर्थ थियो। राजाले
उसलाई, उसकी पत्नी, उसका नानीहरू अनि उसित
भएका सबै कुरा बेचेर ऋण चुकाउनलाई आदेश गरे।
२६तर त्यो नोकरले मालिकको खुट्टामा घोप्टो परेर
विन्ती गर्‍यो, ‘मेरो निम्ति केही धैर्य गरीदिनुहोस्। अनि

---

**पद ११** केही ग्रीक लिपीहरूमा पद ११ छ: “मानिसको पुत्र हराएकाहरूलाई रक्षा गर्न आएको हो।”

मलाई लागेको जे जति ऋण म तिर्नेछु।' २७यो सुनेर
राजालाई नोकरप्रति दया जाग्यो। तब उसले त्यो ऋण
तिर्नु पर्दैन भनी भन्यो अनि उसलाई ऋण मुक्त भएर
जान दियो।

२८"केही समय पछि, त्यो नोकरले अर्को नोकरलाई
भेट्टायो, जसले उसबाट एकसय चाँदीका सिक्का ऋण
लिएको थियो। उसले त्यसको घोक्रो अँठ्याएर भन्यो,
'मेरो ऋण तुरन्तै तिरिहाल्।'

२९"त्यो नोकर घुँडा टेकेर विन्ती गर्न लाग्यो,
'म माथि दया गर्नुहोस म तपाईंको सबै ऋण
चुक्ता गर्नेछु।'

३०"तर त्यो पहिलो नोकरले धैर्य गर्न सकेन। त्यसले
अर्को नोकरको विरुद्ध न्यायधीश समक्ष नालिश हाल्यो
अनि उसलाई जेलमा पुऱ्याइदियो। ऋण चुक्ता नगरूञ्जेल
त्यो जेलमा बस्न पऱ्यो। ३१अरू सबै नोकरहरूले यो
घटना देखे। तिनीहरू दुःखी भए र तिनीहरूले आफ्ना
मालिकलाई यो घटनाको वृतान्त सुनाइदिए।

३२"तब मालिकले नोकरलाई बोलाए र उसलाई
भने, 'तँ दुष्ट नोकर रहेछस्। तैंले मबाट धेरै ऋण
लिएको थिइस्। तर तैंले म सित विन्ती गरेको हुनाले
मैले त्यो माफ गरिदिए। तर तैंले तेरो ऋणीलाई दया
देखाउन सकिनस्। ३३मैंले तँलाईं दया गरे जस्तै तैले
पनि त्यसलाई दया गर्नु पर्ने होइन।' ३४मालिक खुबै
रिसाए र दण्डको दिनको निम्ति त्यस नोकरलाई जेलमा
हालिदिए। सम्पूर्ण ऋण नतिरूञ्जेल तिनी जेलमा नै
बस्नुपऱ्यो।

३५"राजाले पनि स्वर्गमा भएका मेरा पिताले जे
गर्नुहुन्छ त्यही गऱ्यो यदि तिमीहरू प्रत्येकले आफ्ना
भाइ-बहिनीहरूलाई आफ्ना हृदयले क्षमा गरेनौ भने मेरो
स्वर्गको पिताले पनि तिमीहरूलाई क्षमा दिनुहुने छैन।"

## येशूद्वारा सम्वन्ध विच्छेद बारे शिक्षा

*(मर्कूस १०:१-१२)*

**१९** यी सबै कुराहरू सुनाएपछि येशूले गालील
छाड्नुभयो। यर्दन नदीको पारिपट्टि छेउमा भएको
यहुदिया क्षेत्रभित्र उहाँ पुग्नुभयो। २धेरै मानिसहरू
येशूको पछिलागे। येशूले रोगी मानिसहरूलाई निको
पारिदिनु भयो।

३केही फरिसीहरू येशूकहाँ उहाँको परीक्षा गर्न त्यहाँ
आए। तिनीहरूले येशूलाई सोधे, "के कुनै पनि निहुँमा
कसैले आफ्नी पत्नीलाई त्याग्न सक्छ?" तिनीहरू येशूले
केही गलत कुरा बोलेको चाहान्थे।

४येशूले जवाफ दिनुभयो, "के तिमीहरूले धर्मशास्त्रमा
पढ़ेका छैनौ? जब परमेश्वरले संसारको सृष्टि गर्नुभयो,
'उहाँले नर र नारी बनाउनु भयो।'* ५अनि परमेश्वरले
भन्नु भयो, 'त्यसकारण मानिसले आफ्नो आमा-बाबुलाई
छोड़ेर आफ्नी पत्नीसँग मिलेर बस्छ। यसरी यी दुइ
मानिसहरू एक हुनेछन्।'* ६यसर्थ दुइजना मानिसहरू
दुइ रहदैनन् तर एउटै हुन्छन्। परमेश्वरले यी दुइलाई
एउटै बनाउनु भएको हो। यसैकारणले कसैले तिनीहरूलाई
अलग पार्नु हुँदैन।" ७फरिसीहरूले सोधे, "यदि त्यसो
भए मोशाले किन एउटा मानिसलाई विवाह विच्छेदको
कागज लेखेर आफ्नी पत्नीसित सम्बन्ध विच्छेद
दिए?"

८येशूले भन्नुभयो, "मोशाले तिमीहरूलाई आफ्नी
पत्नीहरूसँग विवाह विच्छेद गर्ने अनुमति दिएको कारण
के हो भने तिनीहरूले परमेश्वरको शिक्षालाई स्वीकार
गर्न अस्वीकार गरेका थियो। तर शुरूमा यस्तो थिएन।
९म भन्दछु जसले आफ्नो पत्नीलाई त्यागेर अर्को
स्त्रीसँग विवाह गर्दछ उसले व्यभिचार गर्दछ। एउटा
मानिसले आफ्नी स्वास्नीलाई त्यागेर अर्की पत्नीसँग
त्यत्तिबेला विवाह गर्न पाउँदछ जब उसको पहिलेकी
पत्नीले अरू कुनै मानिससँग व्यभिचार गर्दछे।"

१०चेलाहरूले येशूलाई भने, "यदि त्यही कारणले
मात्र एउटा मानिसले आफ्नो पत्नीलाई त्याग्न सक्छ भने
विवाह नगर्नु नै असल हुन्छ।"

११येशूले जवाफ दिनुभयो, "सबैले विवाह सम्बन्धी
यो सत्यतालाई मान्न सक्तैनन्। तर परमेश्वरले कसै-कसैलाई
मात्र यो कुरा मान्न सक्ने बनाउनु भएको छ १२कोही
मानिसहरूले किन विवाह गर्न सक्दैन भन्ने बारेमा
विभिन्न कारणहरू छन्। तिनीहरूमध्ये कोही सन्तान
जन्माउने क्षमता भएका हुन सक्छन कोही मानिसहरूलाई,
अरू मानिसहरूले केही समय पछि त्यस्तो गराएको
हुन्छ। कोही अरू स्वर्गको राज्यको निम्ति विवाह
अस्वीकार गर्छन्। तर विवाह गर्नेले विवाह सम्बन्धी यो
शिक्षा मान्नु पर्दछ।"

## येशूद्वारा बालकहरूको स्वागत

*(मर्कूस १०:१३-१६; लूका १८:१५-१७)*

१३त्यसपछि मानिसहरू आफ्ना बाल-बालिकाहरूलाई
लिएर येशूकहाँ गए ताकि उहाँले तिनीहरू माथि आफ्ना
हात राखेर प्रार्थना गरिदिनु भएको चाहन्थ्यो। जब
उहाँका चेलाहरूले यो देखे, तिनीहरूले मानिसहरूलाई
हप्काएर त्यसो गर्न दिएनन्। १४तर येशूले भन्नुभयो,
"स-साना बालकहरूलाई मकहाँ आउन नरोक। किनभने
स्वर्गको राज्य यी साना बालकहरू जस्तै मानिसहरूको
हो" १५त्यसपछि तिनीहरूमाथि हात राखेर येशू त्यहाँबाट
जानुभयो।

---

**'उहाँले … भयो'** उत्पत्ति १:१७ वा ५:२

**'त्यसकारण … एक हुनेछन्'** उत्पत्ति २:२४

### धनी मानिसबाट येशूलाई ग्रहण गर्न अस्वीकार

*(मर्कूस १०:१७-३१; लूका १८:१८-३०)*

१६एउटा मानिस येशूकहाँ आएर सोध्यो, "गुरूज्यू,
अन्नत जीवन प्राप्त गर्नका लागि मैले के गर्नु पर्छ?"
१७येशूले जवाफ दिनुभयो, "असल के हो? मलाई
किन यसरी सोध्दैछौ? परमेश्वर मात्र असल हुनुहुन्छ।
यदि तिमी अनन्त जीवन पाउन चाहन्छौ भने, तिमीले
आज्ञाहरू पालन गर्नु पर्दछ।"
१८त्यस मानिसले सोध्यो, "कुन आज्ञाहरू?" येशूले
जवाफ दिनुभयो, "'कसैको हत्या नगर, कसैसित व्यभिचार
नगर; नचोर, भूटो गवाही नदेऊ, अरूको निन्दा गर्नु
हुँदैन, १९आफ्ना आमा-बाबुको आदर गर'* अनि
'आफैलाई प्रेम गरे जस्तो अरूलाई पनि प्रेम गर।'*"
२०त्यो जवान मानिसले भने, "मैले यी सब आज्ञाहरू
पालन गरेको छु। अब अरू मैले के गर्नु पर्छ?"
२१येशूले भन्नुभयो, "यदि तिमी सिद्ध हुन चाहन्छौ
भने, आफूमा भएको जे जति चीजहरू छन् त्यो बिक्री
गर। त्यसबाट आएको रूपियाँ-पैसा गरीबहरूलाई बाँढ़।
तिमीले त्यसो गर्‍यौ भने तिमीले स्वर्गमा भएको सम्पत्ति
प्राप्त गर्नेछौ। तब तिमी आएर मेरो पछि लाग।"
२२तर यो कुरा सुनेर त्यो जवान मानिस खुबै निराश
भयो किनभने त्यो धनी मानिस थियो। यसर्थ ऊ
येशूलाई छोड़ेर गइहाल्यो।
२३त्यसपछि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो,
"म तिमीहरूलाई साँचो भन्दछु। एउटा धनी मानिसलाई
स्वर्गको राज्यमा पस्न खुबै कठिन हुन्छ। २४धनी
मानिसलाई परमेश्वरको राज्यमा पस्नु भन्दा बरू ऊँटलाई
सियोको नाथ्रीबाट छिर्न सजिलो पर्नेछ।"
२५जब चेलाहरूले यस्ता कुरा सुने, तिनीहरू खूबै
चकित भए। तिनीहरूले सोधे, "यदि यस्तो भए कसले
उद्धार पाउन सक्छ त?"
२६येशूले चेलाहरूलाई हेरेर भन्नुभयो, "मानिसहरूको
निम्ति यो असम्भव छ। तर परमेश्वरको निम्ति हरेक
कुरा सम्भव छ।"
२७पत्रुसले येशूलाई भने, "हामीले आफूसित भएका
प्रत्येक कुरा त्यागेर तपाईंको पछि लाग्यौं। त्यसो भए
हामीले के पाउनेछौं?"
२८येशूले चेलाहरूलाई भन्नुभयो, "म तिमीहरूलाई
साँचो भन्दछु। जब नयाँ संसारको सृष्टि हुनेछ। मानिसको
पुत्र त्यो महान सिंहासनमा बस्नेछ। अनि तिमीहरू पनि
इस्राएलका बाह्र कुलमाथि इन्साफ गर्दै बाह्रवटा
सिंहासनहरूमा बस्नेछौ। २९अनि ती जस-जसले मेरो
निम्ति आफ्नो घर, दाज्यू-भाइ, दिदी-बहिनी, बाबु-आमा,
छोरा-छोरीहरू, अनि जग्गा-जमीनहरू छोड़ेका छन
तिनीहरूले छोड़ेको भन्दा धेरै पाउनेछन्। तिनीहरूले
अनन्त जीवन पाउनेछन्। ३०अहिले उच्च ओहोदामा
पुगेकाहरू सबैले भविष्यमा होचो स्थान पाउनेछन्। धेरै
जसो जो निम्न स्थानमा परेका छन् भविष्यमा उच्च
ओहोदामा पुग्नेछन्।

### खेतालाहरूको उखान

२० "स्वर्गको राज्य एउटा जमीनको मालिकको
जस्तो हो जसको दाखबारी छ। एक बिहान
सबेरै आफ्नो दाखबारीमा ज्यालामा काम गराउन
खेतालाहरूको खोजी गर्‍यो। २उसले एक दिनको
ज्याला चाँदीको एक सिक्क दिने बन्दोबस्त गरी
खेतालाहरूलाई दाखबरीमा काम गर्न पठायो।
३"प्राय: नौ बजेतिर बजार गर्न भनी ऊ बाहिर गयो
उसले केही मानिसहरू उभिरहेको देख्यो अनि तिनीहरूलाई
सोध्यो: ४'तिमीहरू मेरो बारीमा गएर काम
गर्छौ भने म तिमीहरूलाई उचित ज्याला दिनेछु।'
५त्यसपछि तिनीहरू काम गर्न लाई दाखबारीमा
गए।
"फेरि त्यो मानिस एकपल्ट प्राय: बाह्र बजे तिर
अर्कोपल्ट तीन बजेतिर बाहिर निस्कियो। दुवैपल्ट
तिनले दाखबारीमा काम गर्नलाई ज्याला दिएका
खेतालाहरूलाई ल्यायो। ६फेरि प्राय: पाँच बजे उ
बजार गर्न निस्कियो। फेरि केही मानिसहरूलाई केही
नगरी त्यसै उभिरहेको देख्यो। उसले तिनीहरूलाई
सोध्यो, 'केही काम नगरी तिमीहरू किन यहाँ बसिरहेका
छौ?'
७मानिसहरूले भने, 'कसैले हामीलाई काममा लाएनन्।'
"उसले भन्यो, 'त्यसो भए तिमीहरू पनि मेरो
दाखबारीमा गएर काम गर्न सक्छौ।'
८"जब साँझ पर्‍यो त्यो खेतको मालिकले
खेतालाहरूको निरीक्षकलाई भन्यो, 'सबै खेतालाहरूलाई
बोलाएर तिनीहरूको ज्याला बाँड़ि देऊ। सब भन्दा पछि
आएका खेतालादेखि ज्याला बाड़्न थाले।'
९"पाँच बजेतिर आएर काम थाल्ने खेतालहरूले
आफ्नो ज्यला पाए। तिनीहरू प्रत्येकले एउटा चाँदीको
सिक्का पाए। १०त्यसपछि पहिले ल्याएका खेतालाहरूले
आफ्ना खर्च पाए। तिनीहरूले पहिले पाएका खेतालाहरू
भन्दा बढ़ता ज्याला पाउने आशा गरेका थिए। तर
तिनीहरूले पनि अरूले जस्तै एक-एकवटा चाँदीको
सिक्का मात्र पाए। ११जब तिनीहरूले एउटा मात्र
चाँदीको सिक्का पाए तिनीहरूले मालिकसित गनगन
गरे। १२खेतालाहरूले विरोध गरे, 'पछि आएकाहरूले
एक घण्टा मात्र काम गरेका छन्। तर तिनीहरूलाई
पनि हामीलाई जस्तै एउटा चाँदीको सिक्का दिइयो।
अनि हामीले भने दिन भरि प्रचण्ड घाममा काम गरेका
छौं।'

---

**'कसैको हत्या … आदर गर'** प्रस्थान २०:१२-१६

**'आफैलाई … प्रेम गर'** लेवी १९:१८

१३“तर जमीनको मालिकले, खेतालाहरूमध्ये
एकजनालाई भन्यो, ‘साथी, मैले तिमीलाई अन्याय
गरेको छैन। एउटा चाँदीको सिक्कामा नै काम गर्न
मसित तिमीहरू मानेको थियौ। होइन? १४यसैले आफ्नो
ज्याला थाप र बाटो लाग ज्यालामा ल्याएको अन्तिम
खेतालालाई पनि तिमीलाई जस्तै दिन चाहन्छु। १५के
मेरो पैसा आफ्नो खुशीमा चलाउने अधिकार मसँग
छैन? अथवा म उदार छु भनेर तिमीलाई ईर्ष्या
लाग्यो?’

१६“त्यसरी अहिले पछि हुने भविष्यमा अघि हुनेछ
अनि जो अहिले पहिलो स्थानमा छ भविष्यमा अन्तिम
स्थानमा हुनेछ।”

## येशूले आफ्नै मृत्युको कुरा गर्नु हुन्छ

*(मर्कूस १०:३२-३४; लूका १८:३१-३४)*

१७येशू यरूशलेम जानु हुँदैथियो। उहाँका बाह्रै जना
चेलाहरू पनि उहाँका साथमा थिए। जब उनीहरू जाँदै
थिए, येशूले तिनीहरूलाई भेला गरेर मानिसगत रूपमा
कुरा गर्नु भयो। उहाँले तिनीहरूलाई भन्नुभयो, १८“हामी
यरूशलेम जाँदैछौ। मानिसको पुत्रलाई मुख्य पूजाहारीहरू
र व्यवस्था शास्त्रीहरूको हातमा सुम्पिइनेछ। तिनीहरूले
मानिसका पुत्रलाई मृत्यु दण्डदिनेछन्। १९तिनीहरूले
मानिसको पुत्रलाई गैह्र-यहूदीहरूको हातमा सुम्पनेछन्।
तिनीहरूले उसलाई गाली गर्नेछन्, कोर्रा लाउनेछन्
क्रूसमा झुण्ड्याएर मार्नेछन्। तर मरेको तेस्रो दिनमा ऊ
बौरी उठनेछ।”

## आमाको विन्ती छोराहरूको निम्ति

*(मर्कूस १०:३५-४५)*

२०तब जब्दीकी पत्नी येशूकहाँ आइन्। उनका
छोराहरू पनि साथमा थिए। उनले शिर निहुराएर
येशूलाई दण्डवत गरिन अनि येशूसित केही कुरो
मागिन्।

२१येशूले सोध्नुभयो, “तिमी के चाहन्छौ?”

उनले भनिन्, “ तपाईंको राज्यमा यी मेरा छोराहरूमध्ये
एकजनालाई तपाईंको दाहिनेहातपट्टि र अर्कोलाई तपाईंको
देब्रे हातपट्टि बस्न पाउन प्रतिज्ञा गर्नुहोस्।”

२२अनि येशूले ती छोराहरूलाई भन्नुभयो, “तिमीहरू
के मागिरहेका छौ त्यो तिमीहरूले बुझेका छैनौ। म
जुन कष्ट भोग्न लागिरहेको छु के त्यस्तो तिमीहरू
सहन गर्नसक्छौ?”

तिनीहरूले जवाफ दिए, “हामी गर्नसक्छौं!”

२३येशूले तिनीहरूलाई भन्नुभयो, “निश्चयनै मैले
जुन यातना भोग्ने छु त्यही तिमीहरूले पनि भोग्नुपर्छ।
तर म कसैलाई मेरो दाहिने र देब्रेपट्टि बसाउन सक्दिन।
मेरा पिताले ती मानिसहरू निश्चित गरिसक्नु भएको छ
जसले ती स्थान पाउनेछन्। उहाँले नै ती स्थानहरू ती
मानिसहरूकालागि तयार पार्नु भएको छ। ती ठाउँहरू
तिनीहरूकै हुनेछन्।”

२४अरू दशजना चेलाहरू यो सुनेर। तिनीहरू ती
दुइ भाइसँग औधी रिसाए। २५येशूले सबै चेलाहरूलाई
एकै ठाउँ भेला हुन बोलाउनु भयो। उहाँले भन्नुभयो,
“गैर यहूदीहरू अरू मानिसहरूमाथि अधिकार देखाउन
खोज्छन्। अनि तिनीहरूभन्दा मुख्य मानिसहरू पनि
अरू सबै माथि अधिकार छ भनेर देखाउन खोज्छन्।
२६तर तिमीहरू चाहिँ त्यस्तो हुनु हुँदैन। यदि तिमीहरूमध्ये
कोही ठूलो मानिस हुन चाहन्छौ भने, ऊ नोकर जस्तो
भएर अरूको सेवा गर्नुपर्छ। २७यदि तिमीहरू मध्ये
कोही पहिलो मानिस हुन चाहन्छौ भने, उसले दास
जस्तो भएर अरूको सेवा गर्नुपर्छ। २८मानिसको पुत्रसँग
पनि यस्तै हुनेछ। मानिसको पुत्र अरू मानिसबाट सेवा
पाउन आएको होइन। तर मानिसको पुत्र अरू मानिसहरूको
सेवागर्न आएको हो। मानिसको पुत्र धेरै मानिसहरूको
रक्षाको निम्ति जीवन समर्पण गर्न आएको हो।”

## दुइजना अन्धाहरू निको भए

*(मर्कूस १०:४६-५२; लूका १८:३५-४३)*

२९जब येशू र उहाँका चेलाहरू यरिहोबाट जाँदै
थिए, धेरै मानिसहरूले उहाँलाई पछ्याए। ३०बाटोको
किनारमा दुइजना अन्धा मानिसहरू बसिरहेका थिए। ती
अन्धाहरूले येशू त्यतैतिरबाट जाँदै गर्नु भएको कुरा
सुने। अनि ती अन्धाहरू चिच्याए, “प्रभु, दाऊदका
पुत्र, हामीमाथि दया गर्नुहोस्।”

३१सबै मानिसहरूले ती अन्धाहरूलाई हप्काए।
तिनीहरूले ती अन्धाहरूलाई हल्ला गरेर विन्ती गर्न
दिएनन्। तर ती अन्धाहरू अझ जोड़ले चिच्याए,
“प्रभु, दाऊदका पुत्र, हामीमाथि दया गर्नुहोस्।”

३२येशू रोकिनु भयो र अन्धाहरूलाई बोलाएर उहाँले
भन्नुभयो, “म तिनीहरूको निम्ति के गरिदिऊ भन्ने
चाहन्छौ?”

३३अन्धाहरूले जवाफ दिए, “परमप्रभु हामी देख्न
चाहन्छौ।”

३४येशूलाई अन्धाहरूप्रति दया जाग्यो। उहाँले ती
अन्धाहरूका आँखा स्पर्श गर्नुभयो अनि तिनीहरू
देख्न सक्ने भए। त्यसपछि तिनीहरू येशूलाई पछ्याउन
लागे।

## येशू राजा झैं यरूशलेममा प्रवेश गर्नु भयो

*(मर्कूस ११:१-११; लूका १९:२८-३८;
यूहन्ना १२:१२-१९)*

**२१** येशू र उहाँका चेलाहरू यरूशलेम नजिक
आइपुग्न लागेका थिए। तर तिनीहरू पहिले
‘जैतुन-डाँड़ा’को बेथफागेमा रोकिए। येशूले आफ्ना दुइ

जना चेलाहरूलाई त्यहाँको एउटा नगरमा पठाउनु भयो।
२येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, “तिमीहरूले
देखेको शहरमा जाऊ। त्यहाँ प्रवेश गर्ना साथ एउटा
गधालाई बाँधिएको भेट्टाउने छौ। त्यो गधासँग एउटा
बछेड़ो पनि हुनेछ। ती दुवै फुकालेर म कहाँ ल्याऊ।
३यदि कसैले तिमीहरूलाई केही प्रश्न गरे उसलाई,
‘प्रभुलाई यी गधाहरूको आवश्यक परेको छ। उहाँले
ती चाँड़ै फर्काइ दिनु हुनेछ भनी जवाफ दिनु।’”
४अगमवक्ताले भनेको यो कुरा पूरा होस् भनेर यसो
भएको थियो:

५“सियोनको नगरलाई भन, ‘अब तिमीहरूको राजा
आउनु हुँदैछ। उहाँ विनम्र हुनुहुन्छ अनि गधामा चढ़ेर
आउनु हुँदैछ, उहाँ एउटा भारी बोक्ने बछेड़ोमाथि
आउनु हुँदैछ, जो काम गर्नकै खातिर जन्मेको पशु
हो।’” *जकरिया ९:९*

६चेलाहरू गए र येशूले बताउनु भए अनुसार गरे।
७उनीहरू गधा र त्यसको बछेड़ालाई लिएर येशूकहाँ
फर्की आए। तिनीहरूले आफ्ना वस्त्र गधालाई ओढ़ाइदिए,
अनि येशू त्यसमाथि बस्नु भयो। ८येशू यरूशलेम तिर
जाने बाटोमा गधामा चढ़ेर जानुभयो। धेरै मानिसहरूले
येशूको निम्ति बाटोमा वस्त्रहरू ओछ्याइदिएका थिए।
अरू मानिसहरूले रूखका हाँगाहरू काटे र बाटोमा
ओछ्याई दिए। ९केही मानिसहरू येशूको अघि-अघि
हिँड्दै थिए। कोही मानिसहरू येशूको पछि-पछि हिँड़दै
थिए। मानिसहरू यसो भन्दै कराउन लागे,

“दाऊदको पुत्र होसन्ना! ‘प्रभुको नाउँमा आउने
धन्यका हुन्!’ *भजनसंग्रह ११८:२६*

स्वर्गको परमेश्वरको प्रशंसा गर।”
१०त्यसपछि येशू यरूशलेमभित्र प्रवेश गर्नु भयो।
सम्पूर्ण शहरबासि अचम्बित भए। तिनीहरूले सोधे, “यो
को हो?”
११येशूसँगै आएका मानिसहरूले जवाफ दिए, “उनी
येशू हुन्। गालील शहरको नासरतका अगमवक्ता उनी
नै हुन्।”

## येशू मन्दिरतर्फ जानुहुन्छ

*(मर्कूस ११:१५-१९; लूका १९:४५-४८;
यूहन्ना २:१३-२२)*

१२येशू मन्दिरतर्फ लाग्नुभयो। उहाँले किन-बेच गर्ने
सबैलाई त्यहाँबाट धपाउनु भयो। उहाँले पैसा लेनदेन
गरिने मेचहरू पल्टाई दिनुभयो। अनि येशूले ढुकुर
बेच्नेहरूको बेञ्चहरू पनि पल्टाई दिनु भयो। १३येशूले
त्यहाँ भएका मानिसहरूलाई भन्नुभयो, “धर्मशास्त्रमा
यस्तो लेखिएको छ, ‘मेरो घर प्रार्थनाको घर भनिनेछ।’*
तर तिमीहरूले परमेश्वरको घरलाई डाकूहरूको ‘अड्डामा
परिणत गरिरहेछौ।’*”
१४केही अन्धा र केही लङ्गड़ा मानिसहरू मन्दिरमा
येशू कहाँ आए। येशूले ती मानिसहरूलाई निको
पारिदिनु भयो। १५मुख्य पूजाहारीहरू र शास्त्रीहरूले
यो दृष्य देखे। तिनीहरूले येशूका चमत्कार कार्यहरू
अनि मन्दिरमा बालकहरूले येशूलाई नै प्रंशसा गरिरहेका
देखे। बालकहरू भन्दै थिए, “दाऊदका पुत्र, होसन्ना!”
यसमा पूजाहारीहरू र शास्त्रीहरू क्रोधित भए।
१६मुख्य पूजाहारीहरू र शास्त्रीहरूले येशूलाई सोधे,
“बालकहरूले के भनिरहेका छन् तपाईंले सुन्नु भो?”
येशूले जवाफ दिनुभयो, “अवश्य। के तिमीहरूले
कहिले धर्मशास्त्रहरूमा पढ़ेका छैनौ? ‘उहाँले
बालकहरूलाई स्तुति गर्न सिकाउनु भयो?’*”
१७त्यसपछि येशूले त्यो ठाउँलाई छोड्नुभयो र नगरदेखि
बाहिर बेथानीमा जानुभयो। त्यो रात येशूले त्यहीँ
बिताउनु भयो।

## येशूद्वारा विश्वासको शक्ति प्रदर्शन

*(मर्कूस ११:१२-१४; २०-२४)*

१८भोलिपल्ट बिहानै, येशू नगरतिर फर्किरहनु भएको
थियो। उहाँ भोकाउनु भएको थियो। १९उहाँले बाटोको
किनारमा नेभाराको रूख देख्नु भयो। येशूले नेभाराको
रूखको छेउमा गएर उहाँले केही फल खाने इच्छा
गर्नुभयो। तर त्यो नेभाराको रूखमा खाने फल केही
थिएन। त्यहाँ पातैपात मात्र थिए। अनि येशूले त्यो
रूखलाई भन्नुभयो, “अब उप्रान्त तँमा फल लाग्ने
छैन।” अचानक त्यो रूख ओइलायो र मर्‍यो।
२०चेलाहरूले त्यो देखे। तिनीहरू चकित भए।
तिनीहरूले सोधे, “कसरी नेभारको रूख सुक्यो र झट्टै
मरिहाल्यो?” २१येशूले भन्नुभयो, “म तिमीहरूलाई
साँचो भन्दछु। यदि तिमीहरूमा विश्वास छ र त्यसमा
शंका छैन भने, मैले जस्तै तिमीहरूले पनि गर्न
सक्नेछौ। तिमीहरूले त्यो भन्दा धेरै गर्न सक्नेछौ।
तिमीले यस पहाड़लाई भन्न सक्छौ, ‘ए पहाड़ जा अनि
समुद्रमा खस।’ यदि तिमीहरूमा विश्वास भए, तिमीहरूले
भने जस्तै हुनेछ। २२विश्वास गरेर माग्यौ भने तिमीहरूले
प्रार्थनमा मागेको जुनसुकै कुरा पनि पाउनेछौ।

## येशूको शक्ति माथि यहूदी नेताहरूको शंका

*(मर्कूस ११:२७-३३; लूका २०:१-८)*

२३येशू मन्दिरतर्फ जानुभयो। र उहाँले सिकाइरहनु

---

**‘मेरो … भनिनेछ’** यशैया ५६:७

**‘घाटीमा … गरिरहेछौ’** यर्मिया ७:११

**‘उहाँरूले … भनी सिकायौ?’** भजनसंग्रह ८:३

भएको बेला, मुख्य पूजारीहरू र जन-साधारणका
अगुवाहरू येशूकहाँ आए। तिनीहरूले येशूलाई भने,
"हामीलाई भन्नुहोस्। यी कार्यहरू गर्न तपाईंको के
अधिकार छ? यस्तो अधिकार तपाईंलाई कसले दियो?"
२४येशूले जवाफ दिनुभयो, "म पनि तिमीहरूलाई
एउटा प्रश्न सोध्न चाहन्छु। यदि तिमीहरूले मलाई
जवाफ दियौ भने, म कुन अधिकारले यी कामहरू
गरिरहेछु भनी बताउनेछु। २५"मलाई भन: यूहन्नाको
बप्तिस्मा परमेश्वरबाट वा मानिस कसबाट भयो? मुख्य
पूजारीहरू र यहूदी नेताहरूले येशूको यो प्रश्न बारे
बहस गरे। तिनीहरू आपसमा बात चीत गर्न थाले,
"यदि हामीले यूहन्नाको बप्तिस्मा परमेश्वरबाटै भएको
थियो, भन्यौ भने उहाँले भन्नु हुनेछ, 'त्यसो भए
तिमीहरूले यूहन्नालाई किन विश्वास नगरेको भनी?'
२६यदि हामीहरूले 'यो बप्तिस्मा मानिसबाटै भएको
थियो,' भन्यौ भने सबै मानिसहरू हामीहरूसँग रिसाउने
छन्। हामी मानिसहरूबाट सावधान हुनुपर्छ किनभने
तिनीहरू सबै यूहन्नालाई अगमवक्ता हो भनेर विश्वास
गर्छन्।" २७त्यसपछि तिनीहरूले येशूलाई जवाफ
दिए, "यूहन्नालाई कहाँबाट त्यो अधिकार दिइयो हामी
जान्दैनौं।"
तब येशूले भन्नुभयो, "त्यसो भए म पनि भन्ने छैन
कि कुन अधिकारले म यी सब कार्यहरू गरिरहेछु।"

## येशूद्धारा दुइ जना पुत्रको उखान

२८"तिमीहरू यसको बारेमा के सोच्छौ? एकजना
मानिसका दुइ छोराहरू थिए। त्यो मानिसले आफ्नो
जेठा छोरालाई भन्यो, 'छोरा, जाऊ र गएर आज
दाखबरीमा काम गर।'
२९छोराले जवाफ दियो, 'म जाँदिन।' तर केही
समयपछि उसले आफ्नो विचार बद्ल्यो, अनि गयो।
३०"त्यसपछि बाबु अर्को छोराकहाँ गए र भने,
'छोरा, जाऊ अनि आज मेरो दाखबरीमा काम गर।'
छोरोले जवाफ दियो, 'हुन्छ, बाबु, म गएर काम
गर्छु।' तर त्यो छोरा गएन।
३१"अब यी दुइ छोराहरूमा कुन चाहिँले आफ्नो
बाबुको आज्ञा पालन गर्‍यो।
यहूदी नेताहरूले जवाफ दिए, "जेठा चाहिले।"
येशूले तिनीहरूलाई भन्नुभयो, "म साँचो कुरा
तिमीहरूलाई भन्दछु। महसूल उठाउनेहरू र वेश्याहरू
खराब मानिसहरू हुन् भनी तिमीहरू ठान्दछौ। तर
परमेश्वरको राज्यमा तिमीहरू भन्दा पहिले तिनीहरूले
प्रवेश गर्न पाउनेछन्। ३२यूहन्ना सही जीवन बाँच्ने
उपाय देखाउनलाई आएका थिए। तर तिमीहरूले यूहन्नालाई
पटक्कै विश्वास गरेनौ। तर महसूल उठाउनेहरू र
वेश्याहरूले यूहन्ना माथि विश्वास गरे। अनि महसूल
उठाउनेहरू र वेश्याहरूले यूहन्नालाई विश्वास गरेको
तिमीहरूले देखेका थियौ। तर अझै पनि तिमीहरूले
उनलाई विश्वास गर्न मन गरेनौ।

## परमेश्वरले आफ्ना पुत्रलाई पठाउँनुहुन्छ

*(मर्कूस १२:१-१२; लूका २०:९-१९)*
३३"यो उखान सुन: कुनै मानिसको जमीन थियो।
उसले त्यो जमीनमा दाख लगायो। उसले दाखको
जमीनको वरिपरि पर्खाल निर्माण गर्‍यो। अनि त्यसभित्र
दाख पेल्ने कोलखनेको थियो। फेरि त्यो मानिसले
एउटा मचान बनायो। उसले आफ्नो खेत कोही
किसानहरूलाई जिम्मा दिएर ऊ यात्रामा गयो। ३४केही
समय पछि, फसल उठाउने समय भयो। अनि त्यस
मानिसले आफ्नो नोकरहरूलाई बालीको आफ्नो हिस्सा
ल्याउन पठायो।
३५"तर किसानहरूले ती नोकरहरूलाई समाते अनि
एकजनालाई पिटे, अर्कोलाई मारिदिए अनि अर्कोलाई
ढुङ्गाले हिर्काएर मारिदिए। ३६फेरि त्यो खेत-मालिकले
किसानहरूकहाँ अरू नोकरहरूलाई पठायो। उसले
पहिलेभन्दा धेरै नोकरहरू पठाएको थियो। तर किसानहरूले
तिनीहरूसंग पनि यस्तै नै व्यवहार गरे। ३७त्यसपछि
उसले आफ्नै छोरालाई किसानहरूकहाँ पठायो। उसले
भन्यो, 'किसानहरूले मेरो छोरालाई आदर देखाउनेछन्।'
३८"तर किसानहरूले आपसमा यसो भने, 'यो ता
मालिकको छोरा हो। यो खेत उसको हुनेछ। हामीले
यसलाई मार्‍यौ भने खेत हाम्रै हुनेछ।' ३९अनि किसानहरूले
छोरालाई समातेर, उसलाई खेत बाहिर मारेर फ्याँकिदिए।
४०"अब त्यो खेत को मालिक आएर ती किसानलाई
के गर्ला?"
४१ती यहूदी पूजाहारीहरू र नेताहरूले भने, "उसले
ती दृष्टहरूलाई अवश्य नै मार्नेछ। त्यसपछि उनले
आफ्नो खेत अरू किसानहरूलाई कमाउन दिनेछन्।
जसले फलको समयमा मालिकलाई उसको भाग
बुझाउन ल्याउँछ उनीहरूलाई त्यो खेत कमाउन दिईनेछ।"
४२येशूले तिनीहरूलाई भन्नुभयो, "निश्चय नै तिमीहरूले
यो धर्मशास्त्रमा पढ़ेका छौ:
'जुन ढुङ्गालाई डकर्मीहरूले रद्द गरे, त्यही ढुङ्गा
मुख्य कुने ढुँगा बन्यो, यो परमप्रभुले गर्नु भएको हो र
यो हाम्रो लागि अचम्भको हुनेछ।'
*भजनसंग्रह ११८:२२-२३*

४३"त्यसैकारण म तिमीहरूलाई भन्दछु, परमेश्वरको
राज्य तिमीहरूबाट खोसिनेछ। त्यस पछि परमेश्वरले
यस्ता मानिसहरूलाई दिनु हुनेछ, जसले परमेश्वरले
आफ्नो राज्यमा चाहनु भए अनुसारको काम उत्पन्न
गर्नेछन्। ४४अनि जो कोही पनि त्यो ढुङ्गामाथि खस्नेछ
ऊ टुक्रा टुक्रा बन्नेछ। यदि त्यो ढुङ्गा कसैमाथि खस्यो
भने त्यसले त्यसलाई धूलोपिठो पार्नेछ।"

४५येशूले भन्नु भएको यो उखानलाई मुख्य पूजाहारीहरू
र फरिसीहरूले सुने। येशूले तिनीहरूकै विषयमा बोल्दै
हुनुहुन्छ भन्ने कुरा तिनीहरूले बुझे। ४६तिनीहरू
येशूलाई पक्रने उपाय खोजीरहेका थिए। तर तिनीहरू
मानिसहरूदेखि डराउँथे। किनभने मानिसहरूमा येशू
अगमवक्ता हुन् भन्ने विश्वास थियो।

### रात्री भोजनमा बोलाइएका मानिसहरूको दुष्टान्त

*(लूका १४:१५-२४)*

२२ मानिसहरूलाई बुझाउनका निम्ति येशूले केही
दुष्टान्तहरू भन्नुभयो। २"स्वर्गको राज्य एउटा
राजा जस्तै हो, जसले आफ्नो छोराको विवाहमा
भोजनको व्यवस्था गर्छन्। ३राजाले केही मानिसहरूलाई
भोजमा निम्तो गरेका थिए। जब भोज तयार भयो,
राजाले आफ्ना नोकरहरूलाई ती मानिसहरूलाई बोलाउन
पठाए। तर मानिसहरूले राजाको यस भोजमा उपस्थित
हुन अस्वीकार गरे।

४"तब राजाले अझ धेरै नोकरहरू पठाए। राजाले
नोकरहरूलाई यसो भनेका थिए, 'मैले निम्ताएका ती
मानिसहरूलाई खाना तयार भयो भनेर भन्नु। मैले मेरा
गोरूहरू अनि पुष्ट्याएका पशुहरू मारेकोछु। सबै कुरा
तयारी छ। विवाहको भोजमा सामेल हुन आऊ।'

५"नोकरहरूले ती मानिसहरूलाई भोजमा आउने
आग्रह गरे। तर तिनीहरूले नोकरहरूको कुरा सुन्न
अस्वीकार गरे। ती मानिसहरू आ-आफ्नै काममा
लागे। एकजना आफ्नो खेतमा गए, अनि अर्को आफ्नो
व्यापारतिर लागे। ६कसैले नोकरहरूलाई समातेर पीटे
अनि तिनीहरूलाई मारिदिए। ७यो सुनेर राजा क्रोधित
भए। राजाले आफ्नो सेना पठाए, ती हत्याराहरूलाई
मारे अनि तिनीहरूको शहर जलाएर भष्म पारिदिए।

८"त्यसपछि, राजाले आफ्ना नोकरहरूलाई भने,
'विवाहको भोज तयारी छ। मैले ती मानिसहरूलाई
बोलाएको हुँ, तर तिनीहरू यो भोजमा सामेल हुन
योग्यको भएनन्। ९यसकारण तिमीहरू गल्लीका कुना
कुनामा जाऊ अनि देखेकाहरू जतिलाई भोजमा सामेल
हुन निम्त्याएर ल्याऊ। तिनीहरूलाई मेरो भोजमा आऊ
भनिदेऊ।' १०अनि नोकरहरू गल्लीहरूतिर गए।
तिनीहरूले भेटेसम्म सबैलाई भेला पारे। तिनीहरूले
राम्रा नराम्रा मानिसहरू सबैलाई भोजमा सामेल गराउन
लगे। त्यो ठाउँ मानिसै-मानिसको भीड़ले भरियो।

११"त्यसपछि ती खाँदैगरेका मानिसहरूलाई हेर्न भनी
राजा आए। कुनै एकजनालाई विवाहको पोशाकमा
नभएको राजाले भेट्टाए। १२राजाले भने, 'मित्र, तिमी
यहाँ भित्र कसरी आयौ? विवाहको लागि लाउने
पोशाक तिमीले लगाएका छैनौ।' तर त्यो मानिस केही
बोलेन। १३अनि राजाले आफ्ना नोकरहरूलाई भने,
'त्यसका हात खुट्टा बाँधेर त्यसलाई अँध्यारोमा फालिदेऊ
जहाँ मानिसहरू दु:खले रूवाबासी गर्दै र दाह्रा किट्दै
बस्छन्।'

१४"हो धेरै मानिसहरू बोलाइएका हुन्छन्। तर
चुनिएका थोरै मात्र छन्।"

### केही यहूदी नेताहरू येशूलाई झुक्याउन खोज्छन्

*(मर्कूस १२:१३-१७; लूका २०:२०-२६)*

१५तब फरिसीहरूले त्यो स्थान छाड़े जहाँ येशूले
सिकाँउदै हुनुहुन्थ्यो। येशूलाई प्रश्नहरूको जालमा पार्न
तिनीहरू सहमत भए। १६फरिसीहरूले येशूलाई फँसाउन
केही मानिसहरू पठाए। तिनीहरूले केही आफ्नै मानिसहरू
र केही हेरोदी दलका मानिसहरूलाई पठाए। ती
मानिसहरूले भने, "गुरूज्यू, तपाईं अति इमान्दार
हुनुहुन्छ भनेर हामी जान्दछौं। हामी जान्दछौं तपाईंले
परमेश्वरको मार्ग बारे ठीकसित सिकाउनुहुन्छ। तपाईं
कसैसित डराउनु हुन्न। तपाईंको अघि सबै मानिसहरू
समान छन्। यसर्थ हामीलाई तपाईंको धारणा भन्नु
होस्। १७सिजरलाई महसूल तिर्नु उचित हो कि
होइन?"

१८तर ती मानिसहरूले नराम्रो जालसाजी गर्दैछन्
भनेर येशूले बुझी हाल्नुभयो। अनि उहाँले भन्नुभयो,
"तिमीहरू कपटीहरू हौ। केही झूटो निहुँमा तिमीहरू
मलाई फँसाउन चाहन्छौ? १९महसूल तिर्नमा उपयोग
गरिने सिक्का मलाई देखाऊ।" ती मानिसहरूले येशूलाई
एक चाँदीको सिक्का देखाए। २०येशूले फेरि भन्नुभयो,
"सिक्कामा कसको चित्र छ? अनि कसको नाम त्यहाँ
अंकित छ।"

२१ती मानिसहरूले जवाफ दिए, "यो सिजरको चित्र
हो र यसमा सिजरको नाम अंकित छ।"

येशूले फेरि भन्नुभयो, "जो सिजरको हो त्यो
सिजरलाई देऊ र जो परमेश्वरको परमेश्वरलाई देऊ।

२२ती मानिसहरूले येशूले भन्नुभएको कुरा सुने, र
तिनीहरू छक्क परे। अनि येशूलाई त्यहीं छोड़ेर तिनीहरू
गए।

### सदुकीहरू येशूलाई फँसाउन चाहन्छन्

*(मर्कूस १२:१८-२७; लूका २०:२७-४०)*

२३त्यही दिन केही सदुकीहरू येशूकहाँ आए।
सदुकीहरू विश्वास गर्थे कि कुनै मानिस मृत्युबाट बौरी
उठ्ने छैन। सदुकीहरूले येशूलाई एउटा प्रश्न गरे;
२४तिनीहरूले भने, "गुरूज्यू, मोशाले भने अनुसार कुनै
विवाहित पुरूष बालबच्चा नभईकन मर्‍यो भने उसको
भाइले आफ्ना दाज्यूका निम्ति सन्तानहरू जन्माउन त्यस
विधवा आइमाईलाई विवाह गर्नसक्छ। २५हामी बीच
सातजना दाज्यू-भाइहरू थिए। जेठाले विवाह गर्‍यो र
मर्‍यो। उसको कुनै बालबच्चा थिएन। यसर्थ उसको
भाइले विधवी भाउज्यूलाई विवाह गर्‍यो। २६त्यसपछि

त्यो दोस्रो भाइ पनि मऱ्यो। त्यस्तै घटना तेस्रो भाइसँग
पनि घट्यो र त्यस्तै अरू दाज्यू-भाइहरूसँग गर्दै सात
दाज्यू-भाइसम्म घट्यो। २७तिनीहरू सबै मरेपछि त्यो
आईमाई पनि मरी। २८तर ती सातैजना दाज्यू-भाइहरूले
त्यस आईमाईलाई विवाह गरेका थिए। तब पुनरूत्थनामा
त्यो स्त्रीको पति कुन चाहि हुनेछ?"
२९येशूले जवाफ दिनुभयो, "तिमीहरूयो कुरा बुझ्दैनौ
किनभने धर्मशास्त्रमा के लेखेको छ त्यो तिमीहरू
जान्दैनौ। परमेश्वरको शक्तिको विषयमा पनि तिमीहरू
केही जान्दैनौ। ३०त्यसबेला जब मानिसहरू मृत्युबाट
बौरिउठछन त्यहाँ विवाहको प्रश्न नै आँउदैन। मानिसहरू
त्यहाँ एक-अर्का संग विवाह गर्ने छैनन्। सबै मानिसहरू
स्वर्गका स्वर्गदूतहरू झैं हुनेछन्। ३१यसकारण
पुनरूत्थानको विषयमा परमेश्वरले तिमीहरूलाई के
भन्नु भएको छ त्यो पढ़ेका छैनौ। ३२परमेश्वरले
भन्नुभएको छ, 'म अब्राहामको परमेश्वर, इसहाकको
परमेश्वर, अनि याकूबको परमेश्वर हुँ।'* यसको
मतलब परमेश्वर मृत मानिसहरूका परमेश्वर हुनुहुन्न
तर जिँउदा मानिसहरूसँग हुनु हुन्छ।"
३३मानिसहरूले सुने र येशूको शिक्षामा तिनीहरू
छक्क परे।

## सबैभन्दा ठूलो आज्ञा कुन हो?

*(मर्कूस १२:२८-३४; लूका १०:२५-२८)*

३४येशूले सदुकीहरूलाई यसरी जवाफ दिएर
तिनीहरूलाई चुप बनाई दिनु भएको सुनेर फरिसीहरू
जम्मा भए। ३५एकजना फरिसी मोशाको व्यवस्था प्रति
निकैज्ञान भएको थियो। त्यो फरिसीले येशूलाई परीक्षा
गर्ने इच्छा गऱ्यो। ३६त्यस फरिसीले येशूलाई सोध्यो,
"गुरूज्यू, व्यवस्थामा सबैभन्दा ठूलो आज्ञा कुन हो?"
३७येशूले जवाफ दिनुभयो, "'तिमीले आफ्ना परमप्रभु
परमेश्वरलाई प्रेम गर्नुपर्छ। आफ्नो सम्पूर्ण हृदयदेखि,
सम्पूर्ण आत्मादेखि र सम्पूर्ण मनले प्रेम गर्नुपर्छ।'*
३८यहीनै पहिलो र सबै भन्दा महान आज्ञा हो।
३९दोस्रो आज्ञा पहिलो जस्तै छ: 'आफूलाई जस्तै अरू
मानिसलाई पनि प्रेम गर्नु।'* ४०अगमवक्ताहरूका सबै
व्यवस्था र रचनाहरू यिनै दुइ आज्ञाहरूमा आधारित
छन्।"

## फरिसीहरूलाई येशूको प्रश्न

*(मर्कूस १२:३५-३७; लूका २०:४१-४४)*

४१जब फरिसीहरू त्यहाँ भेला भईरहेका थिए,
येशूले तिनीहरूलाई एउटा प्रश्न गर्नुभयो, ४२"ख्रीष्टको
विषयमा तिमीहरूको के धारणा छ? उहाँ कसको पुत्र
हुनुहुन्छ!"
फरिसीहरूले जवाफ दिए, "ख्रीष्ट दाऊदका पुत्र
हुन्।"
४३त्यसपछि येशूले फरिसीहरूलाई भन्नुभयो, "यदि
त्यसो भए दाउदले उहाँलाई किन 'परमप्रभु' भने? दाऊद
पवित्र आत्माको शक्तिद्वारा बोलिरहेका थिए।
४४दाऊदले भने, 'प्रभुले मेरो प्रभुलाई भन्नुभयो,
मेरो दाहिनेपट्टि बस, अनि म तिम्रो शत्रुहरूलाई तिम्रा
वशमा राख्नेछु।' *भजनसंग्रह ११०:१*

४५दाऊदले ख्रीष्टलाई 'परमप्रभु' भन्दछन्। त्यसो
भए कसरी ऊ दाऊदको पुत्र हुनसक्छ?" ४६कुनै पनि
फरिसीहरूले येशूको यो प्रश्नको जवाफ दिन सकेनन्।
अनि त्यसदिनदेखि कसैले पनि येशूलाई अझ बढ़ता
प्रश्नहरू गर्ने साहस गरेनन्।

## येशूद्वारा धार्मिक गुरूहरूको आलोचना

*(मर्कूस १२:३८-४०;*
*लूका ११:३७-५२; २०:४५-४७)*

२३ तब येशूले मानिसहरू र आफ्ना चेलाहरूसँग
कुराकानी गर्नुभयो। येशूले भन्नुभयो,
२"कानूनका शास्त्रीहरू र फरिसीहरूलाई मोशाको नियमको
विषयमा शिक्षादिने अधिकार छ। ३यसर्थ तिनीहरूले
सिकाएको कुरा पालन गर्नुपर्छ। तिनीहरूले अह्राएका
कामहरू गर्नू। तर तिनीहरूको जीवनशैलीको अनुसरण
नगर्नू। तिनीहरू केही गर्नु भनी तिमीहरूलाई अह्राउँछन्
तर आफू चाहिँ केही गर्दैनन्। ४मानिसहरूले पालन गर्नु
अति कठीन पर्ने नियमहरू तिनीहरू बनाउँछन्। ती
नियमहरू पालन गर्न तिनीहरू अरूलाई करमा पार्दछन्।
तर तिनीहरू आफै चाँहि कुनै नियम पालन गर्ने चेष्टा
पनि गर्दैनन्।
५"तिनीहरू मानिसहरूलाई देखाउनका निम्ति राम्रा
कुरा गर्दछन्। तिनीहरू आफ्ना धर्मशास्त्रहरूका विशेष
सन्दूक राख्छन्। तिनीहरू सन्दूकहरू ठूला-ठूला बनाउँछन्।
अनि मानिसहरूले देख्न सकुन भनेर तिनीहरू आफ्ना
प्रार्थनामा लगाउने वस्त्रहरू पनि लामा-लामा बनाउँछन्।
६ती कानुनका शास्त्रीहरू र फरिसीहरू उत्सवहरूमा
विशेष आसनहरू ओगट्न रूचाउँछन्। त्यसरी नै
सभाघरहरूमा पनि मुख्य आसनहरू प्राप्त गर्न चाहन्छन्।
७बजारहरूमा पनि तिनीहरू मानिसहरूबाट सम्मान पाउने
इच्छा गर्छन। अनि तिनीहरूलाई 'गुरू' भनी सम्बोधन
गरेको सुन्न चाहन्छन्।'
८"तर तिमीहरूलाई कसैले गुरूडयू नभनोस। तिमीहरू
सबै दाज्यूभाईहरू अनि दिदी-बहिनीहरू हौ। तिमीहरूको
एक मात्र 'गुरू' हुनुहुन्छ। ९अनि यस पृथ्वीमा कसैले
पनि कसैलाई 'पिता' भनी सम्बोधन नगर्नू। तिमीहरूको

---

**'म अब्राहामको … परमेश्वर हुँ'** प्रस्थान ३:६

**'तिमीले … प्रेम गर्नुपर्छ'** व्यवस्था ६:५

**'आफूलाई … प्रेम गर'** लेवी १९:१८

एक मात्र पिता हुनुहुन्छ। उहाँ स्वर्गमा हुनुहुन्छ।
१०अनि तिमीहरूले कसैलाई 'मालिक' भन्नु हुँदैन।
तिमीहरूको एकमात्र मालिक हुनुहुन्छ, ख्रीष्ट।
११तिमीहरूमाझ जो सबै भन्दा महान छ, ऊ तिमीहरूको
सेवक हुनुपर्छ। १२जसले आफूलाई ठूलो देखाउँछ
उसले आफूलाई नम्र तुल्याउनु पर्छ।

१३"शास्त्रीहरू र फरिसीहरूका निम्ति यो अति
नराम्रो हुनेछ। तिमीहरू कपटीहरू हौ। तिमीहरू स्वर्गको
राज्यमा प्रवेश गर्न चाहने मानिसहरूको ढोका थुन्छौ।
तिमीहरू आफै पनि प्रवेश गर्दैनौ, अनि प्रवेश गर्न
इच्छा गर्ने अरूहरूलाई पनि बाधा दिन्छौ। १४*

१५"तिमी शास्त्रीहरू र फरिसीहरूका निम्ति यो
खराब हुनेछ। तिमीहरू कपटीहरू हौ! तिमीहरू एक
मानिसलाई आफ्नो मतमा ल्याउनकालागि समुद्रहरू पार
गर्दै विभिन्न देशहरू चाहार्छौ यस्तो कोही मानिसहरू
भेटायो भने तिनीहरू त्यसलाई आफू भन्दा दोबर खराब
तुल्याउँछौ। अनि तिमीहरू यति हुन्छौ कि तिमीहरू
नरकको योग्य हुन्छौ। १६यी शास्त्रीहरू र फरिसीहरूलाई
धिक्कार। तिमीहरू अन्धो छौ अनि तिमीहरू अरूलाई
डोर्‍याउँछौ। तिमीहरू भन्दछौ, 'यदि कसैले मन्दिरको
नाममा शपथ लियो त्यो अर्थहीन हुन्छ। तर यदि कसैले
मन्दिरको सुन छोएर शपथ गर्‍यो भने, उसले त्यो
शपथ पूरा गर्नुपर्छ' १७तिमीहरू अन्धो-मूर्खहरू हौ!
सुन ठूलो हो कि सुनलाई पवित्र पार्ने मन्दिर ठूलो?
१८अनि तिमीहरू भन्दछौ, 'यदि कसैले वेदी छोएर
शपथ लियो भने त्यो केही होइन। तर यदि कसैले
बेदीमाथिको भेटी छोएर शपथ लियो भने त्यो आफ्नो
कसमको ऋणी हुन्छ।' १९तिमीहरू अन्धो हौ। भेटी
कि भेटीलाई पवित्र तुल्याउने वेदी ठूलो हो? २०जसले
प्रतिज्ञा गर्नलाई वेदीको प्रयोग गर्छ उसले वेदी र
त्यसमा भएका भेटी दुबै चीजलाई छोएर प्रतिज्ञा गरेको
हुन्छ। २१अनि जसले प्रतिज्ञा गर्नलाई मन्दिरको प्रयोग
गर्छ उसले मन्दिर र मन्दिरमा बस्ने 'एकलाई' छोएर
शपथ खाएको हुन्छ। २२अनि जसले स्वर्गको नाउँमा
शपथ लिन्छ उसले परमेश्वरको सिँहासन अनि त्यस
सिँहासनमा बस्ने "लाई" छोएर शपथ लिएको हुनेछ।

२३"शास्त्रीहरू र फरिसीहरूलाई धिक्कार। तिमीहरू
कपटीहरू हौ। आफूमा भएको हरेक चीजको, पुदीना,
सूप र जीरा को दशांश भागमा एक भाग मात्र
परमेश्वरलाई दिन्छौ। तर तिमीहरू असल हुने दया
देखाउने र इमान्दार हुने जस्ता व्यवस्थाका प्रमुख
कुराहरू लत्याउँछौ। तिमीहरूले ती कुराहरू पनि
नलत्याइकन यी कामहरू गर्नुपर्ने हो। २४तिमीहरू
अन्धा छौ तर अरूलाई अगुवाइ गर्ने कोशिश गर्छौ।
तिमीहरू भुसुना चाँहि चाल्दछौ तर ऊँटलाई चाँहि
निल्दछौ। तिमीहरू त्यस्तै छौ।

२५"शास्त्रीहरू र फरिसीहरूलाई धिक्कार हो। तिमीहरू
कपटीहरू हौ। तिमीहरू आफ्नो थाल र बटुकोलाई
बाहिरबाट मात्र धुँन्छौ। तर भित्र भने अरूलाई ठगेर
हत्याएका बस्तुहरू अनि तिमीहरू स्वयंलाई खुशी पार्ने
चीजहरूले भरिएका हुन्छन्। २६ए अन्धा फरिसीहरू
पहिला प्यालाको भित्रपट्टि सफा गर र त्यसलाई चोखो
बनाऊ। तब प्यालाको बाहिरी भाग पनि चोखो हुनेछ।

२७"व्यवस्थाका शास्त्रीहरू र फरिसीहरूलाई धिक्कार।
तिमीहरू कपटी हौ। तिमीहरू चुना पोतेको चिहानहरू
जस्ता छौ, जो बाहिरबाट सुन्दर देखिन्छन। तर भित्रपट्टि
मरेको मानिसहरूको हड्डीहरू हुन्छन्। २८तिमीहरू पनि
त्यस्तै हौ। बाहिरबाट तिमीहरूलाई राम्रै देखिन्छ। तर
भित्र तिमीहरूमा छल र कपटले भरिएको छ।

२९"शास्त्रीहरू र फरिसीहरूलाई धिक्कार। तिमीहरू
कपटीहरू हौ। अघिका अगमवक्ताहरूको लागि तिमीहरूले
चिहान बनाउँछौ। असल मानिसहरूको चिहानहरू सिंगार्छौ।
३०अनि तिमीहरू भन्दछौ, 'यदि हामी हाम्रा पूर्खाहरूका
समयमा हुँदो हौ, ता ती अगमवक्ताहरूलाई मार्न हामी
उनीहरूलाई सहयोग गर्ने थिएनौ।' ३१यसरी अगमवक्ताहरू
मार्नेका सन्तान हामी हौं भन्ने स्वीकार आफै तिमीहरू
दिन्छौ। ३२यसकारण जाऊ अनि आफ्ना पुर्खाहरूले
शुरू गरेका पापकर्म पुरा गर। ३३तिमीहरू सर्पहरू
हौ। तिमीहरू विषालु सर्पका संन्तानहरू हौ। परमेश्वरदेखि
तिमीहरू उम्कन सक्दैनौ। तिमीहरू सबै दोषी पाइनेछौ
अनि नरकमा जानेछौ। ३४यसकारण म तिमीहरूलाई
भन्दछु: 'म तिमीहरूकोलागि अगमवक्ताहरू बुद्धिमान
मानिसहरू र शास्त्रीहरू पठाउँछु। यी मध्ये कतिपयलाई
तिमीहरूले मार्नेछौ। कसैलाई झुण्डयाउनेछौ। कसैलाई
तिम्रा सभाघरमा कोर्रा लाउनेछौ अनि एउटा शहर देखि
अर्को शहरसम्म तिनीहरूलाई लघार्छौ। ३५अनि पृथ्वीमा
मरिएका सबै असल मानिसहरूको रगतको निम्ति
तिमीहरूलाई दोष्याइनेछ। हाबिल जस्ता राम्रा मानिसको
रगतका निम्ति अनि मन्दिर र वेदीको माझमा मारिएको
बेरेक्याहको छोरो जकरियाको रगतको निम्ति यस
पृथ्वीमा हाबिल देखि जकरियाको समयसम्म मारिएका
सबै राम्रा मानिसहरूको रगतको निम्ति तिमीहरूनै दोषी
ठहरिनेछौ। ३६म तिमीहरूलाई साँचो भन्दछु। यी सबै
कुरा तिमीहरू नै अहिले बाँचिरहेका मानिसहरूमाथि
आइलाग्नेछ।

## येशूद्धारा यरूशलेमका मानिसहरूलाई चेताउनी

*(लूका १३:३४-३५)*

३७"हे यरूशलेम, यरूशलेम! तिमीहरू

---

**पद १४** ग्रीक लिपीहरूमा यस्तो पाइन्छ: "कानूनको शास्त्री र फारिसीहरूका निम्ति यो अत्यन्त नराम्रो हो। तिमीहरू कपटीहरू हौ। तिमीहरू विधवाहरूको घर लिन्छौ, अनि देखावटका निम्ति लामो प्रार्थना गर्छौ। यसर्थ तिमीहरूलाई धेरै अत्यन्तै कड़ारूपले दण्ड दिइनेछ।"

अगमवक्ताहरूलाई मार्छौ अनि तिमीहरूकहाँ पठाइएका संदेशवाहकहरूलाई ढुङ्गाहान्छौ। धेरैपल्ट मैले तिम्रा मानिसहरूलाई मद्दत गर्न चाहेको हुँ। जसरी पोथीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ त्यसरीनै मैले तिम्रा मानिसहरूलाई बटुल्न चाहेको हुँ। तर तिमीहरूले मलाई त्यसो गर्न दिएनौ। ३८तब तिमीहरूको घर पनि उजाड़ बनाइनेछ। ३९म भन्दछु, अब उप्रान्त परमप्रभुको नाउँमा आउने मानिस धन्यका हुन् भन्दै उसलाई स्वागत नगरूञ्जेल सम्म तिमीहरूले मलाई देख्नेछैनौ।'"*

### भविष्यमा मन्दिर विनाश हुने

*(मर्कूस १३:१-३१; लूका २१:५-३३)*

**२४** जसै येशू मन्दिर छोड़ेर कतै जानु हुँदैथियो उहाँका चेलाहरू मन्दिरको भवनहरू देखाउन भनी आए। २येशूले चेलाहरूलाई भन्नुभयो, "यी भवनहरू देख्दैछौ? म तिमीहरूलाई साँचो भन्दछु यी भवनहरू ध्वंस पारिनेछन्। कुनै ढुङ्गा अर्को ढुङ्गामाथि रहने छैन।"

३त्यसको केही बेरपछि येशू जैतून डाँडामा बसिरहनु भएको थियो। चेलाहरू येशूको साथमा एकान्तमा आए। तिनीहरूले भने, "यो घटना कहिले हुनेछ कृपया हामीलाई पनि भन्नुहोस्। तपाईंको आगमनको र संसारको अन्तको संकेत के हुनेछ?"

४येशूले भन्नुभयो, "होशियार बस। तिमीहरूलाई कसैले मुर्ख बनाउन नपाओस्। ५धेरै मानिसहरू आउनेछन् र मेरो नाम लिनेछन्। तिनीहरूले 'म नै ख्रीष्ट हुँ।' भनी धेरैलाई मूर्ख बनाउनेछन्। ६तिमीहरूले लँड़ाईका बारेमा सुन्नेछौ। अनि तिमीहरूले अब हुने लँड़ाईको बारेमा पनि समाचार सुन्नेछौ। तर डराउनु पर्दैन। यी सब घटनाहरू हुनैपर्छ। तर अन्त्य अझ आइहाल्ने छैन। ७किनभने एक जातिले अर्को जातिको विरोध गर्नेछ अनि राज्य राज्यको विरोधमा युद्ध हुनेछ। अनि धेरै ठाउँमा अनिकाल लाग्नेछ अनि भूँईचालो जानेछ। ८यी सबै थोक सुत्केरी व्याथा लागे झैं आइलाग्ने छन्। ९त्यसपछि तिमीहरूलाई मानिसहरूले नराम्रो व्यवहार गर्नेछन्। मानिसहरूले तिमीहरूलाई शासकहरूको हातमा सुम्पने र सताउनेछन र मार्नेछन्। तिमीहरूले ममाथि विश्वास गरेकै कारण मानिसहरूद्वारा तिमीहरू घृणित हुनेछौ। १०त्यसबेला धेरै विश्वासीहरूले आफ्नो विश्वास हराउनेछन्। तिनीहरूले एका-अर्कालाई विरोध गर्नेछन् र एक-अर्कालाई घृणा गर्नेछन्। ११अनेकौं झूटा अगमवक्ताहरू निस्कनेछन्। तिनीहरूले मानिसहरूलाई झुटो कुराहरूमा विश्वास गराउने कोशिश गर्नेछन्। १२संसारैभरि थुप्रै दुष्टहरूदेखा पर्नेछन्। अनि एकदमै विश्वासीहरूले प्रेम देखाउने छैनन्। १३तर अन्त्यसम्मै जो दृढ़ रहन्छ उही नै सुरक्षित हुनेछ। १४संसारैभरि परमेश्वरको राज्यको बारेमा सुसमाचारहरू प्रचार गरिनेछ। प्रत्येक राष्ट्रलाई नै यी कुराहरू भनिनेछ। त्यसपछि अन्त्य आउने छ।

१५"दानियल अगमवक्ताले 'यस्तो खराब कुराहरूले* विध्वंश ल्याउने छ भनी बताएका थिए। तिमीहरूले यस्तो डरलाग्दा कुराहरू पवित्र ठाउँ अनि मन्दिरमा उभिएर देख्नेछौ।" यी कुरा पढ़ने मानिसले यसको अर्थ बुझ्नुपर्छ। १६"त्यसबेला यहूदियाका मानिसहरू पहाड़तिर भाग्नु पर्नेछ। १७मानिसहरू कतै नरोकिई समय खेर नफाली, भाग्नेछन्। यदि कुनै मानिस घरको छानामा छ भने घरबाट केही लिनलाई ऊ तल ओर्लिन हुँदैन। १८यदि कोही खेतमा छ भने उ पनि कोट लिनलाई फर्की जानु हुँदैन। १९त्यसबेला, गर्भवती भएका स्त्रीहरू र अनि दूध पिउने शिशुलाई दूध चुसाउने आमाहरूका निम्ति खूबै दु:खपूर्ण हुनेछ। २०विश्राम र जाड़ोको समयमा यसरी भाग्नु नपरोस् भनी प्रार्थना गर। २१किन? किनभने त्यसबेला अत्यन्त दु:ख हुनेछ।

सृष्टिको शुरू भएदेखि अहिलेसम्म संसारमा यस्तो दु:ख भएको थिएन। पछि कहिल्यै पनि भविष्यमा यस्तो दु:ख आइपर्ने छैन। २२परमेश्वरले त्यो महासङ्कटको समय छोट्याउनुभएको छ। यदि त्यो समय छोट्याइएन भने, कुनै मानिस पनि बाँच्ने छैन। तर आफूले चुनेका मानिसहरूलाई मद्दत गर्नलाई परमेश्वरले त्यो समयलाई छोटो पार्नु भएकोछ।

२३त्यसबेला कसै-कसैले तिमीहरूलाई यसो भन्नसक्छन, 'हेर, ख्रीष्ट यहाँ हुनुहुन्छ।' अथवा अर्को कसैले भन्नसक्छ, 'उहाँ त्यहाँ हुनुहुन्छ।' तर तिनीहरूलाई विश्वास नगर। २४झूटो ख्रीष्ट र झूटो अगमवक्ताहरू देखा पर्नेछन् ठूला-ठूला कुराहरू र चमत्कारहरू गर्नेछन्। सम्भव भए परमेश्वरले चुन्नु भएका मानिसहरूलाई समेत धोका दिनका निम्ति तिनीहरूले यसो गर्नेछन्। २५हेर, मैले अघिबाटै यस बारेमा तिमीहरूलाई सतर्क गराएकोछु।

२६"कसैले भन्नेछ, 'ख्रीष्ट मरुभूमिमा हुनुहुन्छ।' तर तिमीहरू ख्रीष्टलाई भेट्न मरुभूमि तिर नजाऊ। अरू कसैले भन्नसक्छ, 'ख्रीष्ट त्यो कोठामा हुनुहुन्छ।' तर त्यसलाई विश्वास नगर। २७जब मानिसको पुत्रको आगमन हुन्छ सबै मानिसहरूले देख्न पाउनेछन। यसबेला आकाशमा बिजुली चम्केर चारैतिर उज्यालो भएजस्तो हुनेछ। र त्यो उज्यालो चारैतिर देखिनेछ। २८गिद्धहरू जम्मा भएको देखेर तिमीहरू त्यहाँ सीनो छ भनेर जान्न सक्छौ त्यसैगरी मेरो आगमन त्यस्तै प्रत्यक्ष हुनेछ।

२९"ती दिनका संकटहरूपछि तुरन्तै।

'घाम अँध्यारो हुनेछ, अनि जूनले पनि आफ्नो चमक

---

**'उनी ... आउँछन्'** भजनसंग्रह ११८:२६

**'ध्वंस ... कुराहरू'** दानिएल ९:२७; १२:११; ११:३१

दिने छैन। ताराहरू आकाशबाट झर्नेछन्, अनि आकाशका
सबै चीजहरू हेरफेर हुनेछन्।'

*यशैया १३:१०; ३४:५*

**३०**"त्यसबेला आकाशमा केही चिन्ह देखिने छन र
ती मानिसको पुत्रको चिन्ह हुनेछन्। संसारभरिका सबै
मानिसहरू रूनेछन्। सबै मानिसहरूले मानिसको पुत्रलाई
आकाशमा बादलसँग आँउदै गरेको देख्नेछन्। मानिसको
पुत्र शक्ति र महान गौरव लिएर आउनेछन्। **३१**चारै
दिशाबाट आकाशको एक छेऊ देखि अर्को छेउसम्म
परमेश्वरद्वारा चुनिएका मानिसहरूलाई भेला गर्न मानिसको
पुत्रले तुरहीको आवाज सहित स्वर्गदूतहरूलाई पठाउनु
हुनेछ।

**३२**"नेभाराको रूखले तिमीहरूलाई शिक्षा दिनेछ:
जब नेभाराको रूखको हाँगाहरू हरियो देखिन्छन् पालुवा
फेर्दै गरेको देखेर तिमीहरू जान्दछौ ग्रीष्म ऋतु नजिक
छ। **३३**तिमीहरूसित पनि यस्तै हुनेछ। जब तिमीहरू
यस्तो भएको देख्छौ, त्यसबेला तिमीहरूलाई समय
नजिक छ र त्यो आउने लागेको छ भनी थाहा हुनेछ।
**३४**म तिमीहरूलाई साँचो भन्दछु, यस पुस्ताका मानिसहरू
जीवित रहदा नै यी कुराहरू हुनेछन्। **३५**आकाश र
पृथ्वी ध्वंस गरिनेछ, तर मैले बोलेका शब्दहरू कहिल्यै
नाश हुनेछैनन्।

## त्यस समय परमेश्वर मात्रै जान्नु हुनेछ

*(मर्कूस १३:३२-३७; लूका १७:२६-३०, ३४-३६)*

**३६**"त्यो घटना कहिले घट्नेछ भनेर कुनै मानिसले
त्यो समय र दिन जान्दैन। पुत्र आफै र स्वर्गदूतहरूले
पनि जान्दैनन्। तर पिताले मात्र जान्नुहुन्छ। **३७**मानिसको
पुत्र आउँदा, त्यसबेला त्यस्तै स्थिति हुनेछ जस्तो स्थिति
नूहको समयमा भएको थियो। **३८**त्यसबेला जल-प्रलय
हुन अघि मानिसहरू खाइ पिइरहेका थिए। मानिसहरू
विवाह गर्दै थिए र आफ्नो छोरा अनि छोरीहरूलाई
विवाह गर्न दिइरहेका थिए। नूहा जहाजभित्र नचढुञ्जेलसम्म
मानिसहरूले यसो गरिरहेका थिए। **३९**मानिसहरूले के
भइरहेको छ भनी केही जानेका थिएनन्। तर त्यसैबेला
जलप्रलय भयो अनि सबै नष्ट भयो। मानिसको पुत्रको
आगमनको समयमा पनि यस्तै हुनेछ। **४०**दुइजना
मानिसहरू खेतमा काम गरिरहेका हुनेछन्। एकजनालाई
उठाइने छ र अर्कोलाई छोड़िनेछ। **४१**दुइजना स्त्रीहरू
जाँतोमा अन्न पिँधिरहेका हुनेछन्। एउटालाई लगिनेछ र
अर्कोलाई छोड़िनेछ।

**४२**"यसकारण सधै तयार बस। कतिबेला तिमीहरूका
परमप्रभु आउनु हुनेछ भन्ने कुरा तिमीहरूलाई थाहा हुने
छैन। **४३**याद गर यदि घरको मालिकले चोर कतिबेला
आउँछ भनेर थाहा पाएको भए ऊ तयार भएर बस्ने
थियो। ऊ सर्तक रहने थियो र चोरलाई घरभित्र पस्न
दिदैन थियो। **४४**यसकारण तिमीहरू पनि तयार बस।
मानिसको पुत्र यस्तो समयमा आउनेछ जसको तिमीहरूले
आशा गरेका हुने छैनौ।

## असल र खराब नोकरहरू

*(लूका १२:४१-४८)*

**४५**"बुद्धिमान र विश्वासी नोकर को चाँहि छ र
मालिकले उसलाई आफ्ना सबै नोकरहरूलाई भन्दा
विशेष जिम्मेवारी सुम्पिन्छ र अरू सबैमाथि ठीक ठीक
समयमा खानेकुराको प्रबन्ध गर्ने जिम्मामा लगाउँछ।
**४६**जब मालिक आउँछ र नोकरलाई दिइएको काम
गरिरहेको भेट्दछ, भने त्यो नोकर धन्य को हो। **४७**म
तिमीहरूलाई साँचो भन्दछु। त्यो मालिकले उसलाई
आफूसित भएको सारा सम्पत्तिमाथि जिम्मा लगाउँछ
उसले प्रत्येक कुराहरूको हेरचाह गर्न पाउँछ। **४८**तर
नोकर नै दुष्ट छ र आफ्नो मालिक झट्ट आउँदैन भनेर
सम्झन्छ भने त्यसबेला के हुन्छ? **४९**त्यसपछि उसले
अरू नोकरहरूलाई पिट्न थाल्छ। उ आफूजस्तै अरू
मानिसहरूसँग बसेर खान र पिउन लाग्छ। **५०**अनि
जब मालिक नसोचेको दिनमा आइपुग्नेछ। जब कि
उसले आशा नगरेको दिन र नसम्झेको समयमा
आइपुग्नेछ। **५१**त्यसपछि मालिकबाट ऊ दण्डित हुनुपर्छ।
मालिकले उसलाई कपटीहरूसँग सामेल गराइदिनेछ।
त्यहाँ मानिसहरूको रूवावासी र दाहा किटाई हुनेछन्।

## दशवटी कन्याहरूको उखान

**२५** "त्यसबेला स्वर्गको राज्य दशजना कन्याहरू
जस्तै हुनेछ, जो आ-आफ्ना दियो लिएर दुलहा
पर्खन गए। **२**पाँचवटी कन्याहरू मूर्ख थिए। अनि
पाँचवटी कन्याहरू बुद्धिमती थिए। **३**ती पाँचवटी मूर्ख
कन्याहरूले आफ्ना दीयो लिए तर आफूसित जोगेड़ा
तेल लगेनन्। **४**तर पाँचवटी बुद्धिमती कन्याहरूले
आफ्ना-आफ्ना दीयोहरू लिए अनि तिनीहरूले जगमा
जगेड़ा तेल पनि बोकेका थिए। **५**तर दुलहा आउन
एकदमै ढीलो भयो। सबै कन्याहरू थकित भए र
निदाउन थाले। **६**मध्यरातमा कोही करायो, 'दुलहा
आउँदैछन्। उनलाई भेटन बाहिर आऊ।'

**७**"तब सबै कन्याहरू ब्युँझिए। तिनीहरूले आ-आफ्ना
दीयोहरू तयार पारे। **८**तब बुद्धिहीन कन्याहरूले बुद्धिमती
कन्याहरूलाई भने, 'हामीलाई तिमीहरूको केही तेल
देऊ किनभने हाम्रोमा भएको तेल सकियो अनि हाम्रा
दीयोहरू निभ्दैछन्।'

**९**"बुद्धिमती कन्याहरूले जवाफ दिए, 'होइन! किनभने
हाम्रोमा भएको तेल तिमीहरू सबैका लागि पर्याप्त
हुँदैन। बरू, तिमीहरू आफै पसलमा गएर आफ्नो
लागि तेल किन, त्यो असल हुन्छ।

**१०**"त्यसपछि ती पाँचजना बुद्धिहीन कन्याहरू तेल
किन्न गए। जब तिनीहरू जाँदै थिए, त्यसैबेला दुलहा

आइपुगे अनि तयार रहेका सबै कन्याहरू दुलहासंग
विवाहको भोजमा सामेल भए। त्यसपछि ढोका थुनियो
अनि ताला लगाइयो।
११"केही समयपछि अरू कन्याहरू आए। तिनीहरूले
भने, 'स्वामी, स्वामी हामीलाई ढोका खोलिदिनु होस्
हामीलाई पनि भित्र पस्न दिनहोस्।'
१२"दुलहाले जवाफ दिए, 'म तिमीहरूलाई साँचो
भन्दछु। म तिमीहरूलाई चिन्दिनँ।'
१३"यसकारण सँधै सतर्क बस। तिमीहरू जान्दैनौ
कि मानिसको पुत्र कुन दिन वा कुन समयमा आउने
हुन्।"

## तीनजना नोकरको कथा

*(लूका १९:११-२७)*

१४"स्वर्गको राज्य त्यो मानिस जस्तै हुन्छ जो
आफ्नो घर देखि अर्को स्थान तर्फ यात्रा गर्छ। घरबाट
निस्कनु भन्दाअघि उसले आफ्नो नोकरहरू बोलाउँछन्
र आफ्ना चीजहरूको जिम्मा तिनीहरूलाई दिन्छन्।
१५कुन चाहिँ नोकरले के कति गर्न सक्छ भनी उसले
विचार गऱ्यो। उसले एकजना नोकरलाई पाँच तोड़ा
दियो। अर्कोलाई दुइ तोड़ा दियो। अनि तेस्रोलाई एक
तोड़ा दियो। त्यसपछि उसले आफ्नो यात्रा शुरू गऱ्यो।
१६नोकर जसलाई पाँच तोड़ा दिइएको थियो त्यो तुरन्त
व्यापार गर्न त्यो स्थान छोड़ेर हिँड़्यो।। उसले अरू
पाँच तोड़ा बढ़ाउने काम गऱ्यो। १७दुइ तोड़ा पाउनेले
पनि त्यसै गऱ्यो। उसले पनि आफ्नो सबै रूपियाँ
व्यपारमा लगायो अनि दुइ तोड़ा कमायो। १८तर एक
तोड़ा मात्र पैसा पाउने नोकर गयो र भूईमा खाल्डो
खन्यो। त्यसले त्यो पैसा खाल्डामा पुऱ्यो।'
१९"धेरै समयपछि मालिक घर फर्क्यो। उसले
नोकरहरूलाई ती रूपियाँहरू तिमीहरूले के के गऱ्यौ
भनेर सोध्यो। २०पाँच तोड़ा पाउने नोकर पैसा लिएर
मालिककहाँ आयो। त्यसले भन्यो, 'महाशय, तपाईंले
मलाई पाँच तोड़ा विश्वास गरेर जिम्मा दिनुभएको
थियो। यसकारण अरू पाँच तोड़ा कमाउनलाई मैले ती
रूपियाँ काममा लगाएर।'
२१"मालिकले जवाफ दिए, 'तिमीले राम्रो गऱ्यौ।
तिमी असल नोकर हौ जसलाई विश्वास गर्न सकिन्छ।
त्यत्ति थोरै पैसा लिएर तिमीले धेरै उन्नति गऱ्यौ।
यसकारण म तिमीलाई अरू धेरै जिम्मावारी दिन
सक्छु। आऊ र मसित खुशी मनाऊ'
२२"त्यसपछि दुइ तोड़ा पाउने नोकर मालिक कहाँ
गयो। त्यसले भन्यो, 'महाशय तपाईंले मलाई दुइ तोड़ा
जिम्मा दिनुभएको थियो। यसकारण मैले त्यो पैसा
उपयोग गरें र अरू दुइ तोड़ा कमाएँ।'
२३"मालिकले जवाफ दिए, 'तिमीले राम्रो गऱ्यौ।
तिमी असल नोकर हौ जसलाई विश्वास गर्न सकिन्छ।
त्यत्ति थोरै पैसा लिएर तिमीले धेरै उन्नति गऱ्यौ।
यसकारण म तिमीलाई अरू धेरै जिम्मावारी दिनेछु।
आऊ र मसित खुशी मनाऊ।'
२४"त्यसपछि एक तोड़ा पाउने नोकर मालिककहाँ
आयो। त्यसले भन्यो, 'महाशय, मैले तपाईंलाई धेरै
कठोर मानिसको रूपमा जान्न पाएँ। बिऊ नै नरोपी
तपाईंले अन्न बटुल्न चाहनु भयो। २५यसकारण म धेरै
भयभित भएँ। मैले तपाईंको पैसा जमीनमा लुकाएँ
तपाईंले दिनुभएको त्यो थैलो यही हो।'
२६"मालिकले जवाफ दिए, 'तँ दुष्ट र अल्छे नोकर
होस्। बिरूवा नरोपेको ठाउँमा बाली उठाउन आउने र
बिऊ नछरेको ठाउँमा अन्न बटुल्ने भनेर तैंले मलाई
भनिस्। त्यसो भए। २७तैले मेरो पैसा बैंकमा जम्मा
गर्नु पर्दथ्यो। म जब फर्केर आएको हुन्थें त्यसबेला ती
सबै पैसा पाउन सकथें। साथै त्यो पैसा माथि ब्याज
पाउँन सक्थें।'
२८"यसकारण मालिकले अरू नोकरहरूलाई भन्यो,
'त्यो नोकरबाट पैसाको थैलो खोस र जोसित दश तोड़ा
छ उसैलाई देऊ। २९जो सित जति धेरैछ उसले अरू
धेरै पाउनेछ। तर जोसित केही छैन, उसित भएको पनि
उबाट खोसिनेछ।' ३०त्यसपछि मालिकले भन्यो, 'यो
बेकामे नोकरलाई बाहिर अँध्यारोमा निकालि देऊ। जहाँ
मानिसहरू दु:ख र कष्टमा दाहा किट्दै रूवाबासी
गरिरहेका छन्।'

## मानिसको पुत्रले सबै मानिसहरूको न्याय गर्नु हुनेछ

३१"मानिसको पुत्र फेरि आउनु हुनेछ। उहाँ अत्यन्त
गौरवसँग आउनु हुनेछ। सबै स्वर्गदूतहरू पनि उहाँसंगै
आउने छन्। उहाँ राजाको रूपमा सिंहासनमा विराजमान
हुनुहुनेछ। ३२उहाँको अघि संसारभरका सबै मानिसहरू
भेला हुनेछन्। अनि मानिसको पुत्रले ती मानिसहरूलाई
दुइ अलग अलग दलमा बाँड़्नु हुनेछ। यो भेड़ा र
बाख्राहरूलाई अलग दलमा पारे जस्तै हुनेछ। ३३उहाँले
भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि राख्नुहुनेछ र बाख्राहरूलाई
आफ्नो देब्रेपट्टि राख्नु हुनेछ।
३४"राजाले आफ्नो दाहिने पट्टि बसेकाहरूलाई भन्नु
हुनेछ, 'आऊ, मेरो पिताले तिमीहरूलाई धेरै आर्शिवाद
दिनुभएको छ। आऊ र परमेश्वरले तिमीहरूको लागि
प्रतिज्ञा गर्नु भएको राज्य ग्रहण गर। सृष्टिको शुरूदेखि
नै यो तिमीहरूको निम्ति तयार गरिएको थियो। ३५यो
तिमीहरूको राज्य हो, किनभने म भोकाएको बेला
तिमीहरूले मलाई खाना दिएका थियौ। म तिर्खाएको
बेला तिमीहरूले मलाई पानी पिउन दिएका थियौ। म
एक्ले र घरबाट टाड़िएको थिएँ, अनि तिमीहरूले मलाई
आफ्नो घरमा स्वागत गरेका थियौ। ३६म नाङ्गो थिएँ,
अनि तिमीहरूले मलाई लुगाफाटा लगाउन दिएका
थियौ। म रोगी थिएँ, अनि तिमीहरूले मलाई स्याहार

गरेका थियौ। म कैदी थिएँ, तिमीहरूले मलाई हेर्न
आएका थियौ।'
३७"तब धार्मिक मानिसहरूले जवाफ दिनेछन्, 'परमप्रभु,
हामीले तपाईंलाई कहिले, भोकाउनु भएको देख्यौ अनि
हामीले भोजन दियौं? हामीले तपाईं तिर्खाउनु भएको
कहिले देख्यौ अनि हामीले पानी पिउँन दियौ? ३८हामीले
तपाईंलाई कहिले एक्लो घरदेखि टाढ़िएको देख्यौ र
हामीले तपाईंलाई कहिले आफ्ना घरमा ल्यायौ? ३९तपाईं
कहिले नाङ्गो हुनुहुन्थ्यो र हामीले तपाईंलाई लुगाफाटा
लगाउन दियौं। हामीले कहिले तपाईंलाई रोगी देख्यौं
वा कैदमा देख्यौ र हामी तपाईंलाई सहयोग गर्न
आयौ?'
४०"तब राजाले तिनीहरूलाई जवाफ दिने छन्, 'म
तिमीहरूलाई साँचो भन्दछु। यहाँ तिमीहरूले मेरा यी
मानिसहरूका निम्ति जे जति गर्‍यौ, ती जतिनै नगण्य
भएता पनि तिमीहरूले मेरा निम्ति गरेको हो।'
४१"त्यसपछि आफ्नो देब्रेपट्टि बसेका मानिसहरूलाई
राजाले भन्नेछन्, 'मदेखि दूर भई जाओ। परमेश्वरले
अघिनै तिमीहरूलाई दण्ड दिने निश्चय गर्नु भएको छ।
जाऊ सँधै जलिरहने आगोमा पस। त्यो आगो दुष्टहरू
र तिनका दूतहरूकालागि बालिएको हो। ४२तिमीहरू
गाइहाल, किनभने म भोकाएको थिएँ, तिमीहरूले केही
खान दिएनौ। म तिर्खाएको थिएँ, तिमीहरूले केही
पिउन दिएनौ। ४३म घरदेखि एक्लै र टाढ़ोमा थिएँ,
अनि तिमीहरूले मलाई आफ्नो घरमा बोलाएनौ। म
नाङ्गो थिएँ, अनि तिमीहरूले मलाई पहिरिनलाई वस्त्रहरू
दिएनौ। म रोगी थिएँ, अनि कैदमा थिएँ, तिमीहरूले
मेरो परवाह नै गरेनौं।'
४४"त्यसपछि तिनीहरूले पनि जवाफ दिए, 'परमप्रभु,
हामीले तपाईंलाई कहिले भोकाएको र तिर्खाएको
देख्यौं? हामीले कहिले तपाईंलाई एक्लो घरदेखि टाढ़ो
भएको देख्यौं? अनि हामीले तपाईंलाई कहिले नाङ्गो वा
विरामी वा कैदमा परेको देख्यौ? अनि यी सब देखेर
हामीले मद्दत गरेनौ?'
४५"त्यसपछि राजाले तिनीहरूलाई जवाफ दिए, 'म
तिमीहरूलाई साँचो भन्दछु, 'यी मेरा मानिसहरूका
निम्ति जे पनि तिमीहरूले गरेनौ, यी सबै तिमीहरूले
मेरो निम्ति गरेनौ।' ४६त्यसपछि ती दुष्ट मानिसहरू
सदा-सर्वदा दण्डित हुनको निम्ति जानेछन्। तर असल
मानिसहरू चाहिँ अनन्त जीवन प्राप्त गर्न जानेछन्।"

## यहूदी नेताहरूद्वारा येशूलाई मार्ने षड़यन्त्र

*(मर्कूस १४:१-२; लूका २२:१-२; यूहन्ना ११:४५-५३)*

२६ येशूले यी सबैकुरा भनिसकेपछि आफ्ना
चेलाहरूलाई भन्नुभयो, २"तिमीहरूलाई थाहै
छ दुइ दिनपछि निस्तार-चाड़ शुरू हुनेछ। त्यसै दिन
मानिसको पुत्रलाई क्रूसमा टाग्नलाई शत्रुहरू कहाँ
सुम्पिइनेछ।" ३तब मुख्य पूजाहारीहरू र यहूदी प्रधान
अगुवाहरू पूजाहारीको ठाउँमा भेला भए। प्रधान
पूजाहारीको नाम कैयाफा थियो। ४त्यस सभामा येशूलाई
कसरी पक्रिने भन्ने उपाय तिनीहरूले निकाले। तिनीहरूले
केही भूटो निहुँ गरेर येशूलाई पक्रिने र मार्ने निश्चय
गरे। ५तिनीहरूले भने, "निस्तार-चाड़को दिनमा हामी
येशूलाई पक्रन सक्दैनौ। हामी मानिसहरू रिसाएको र
दङ्गा गरेको चाहँदैनौ।

## एउटी स्त्रीले केही विशेष काम गर्छिन्

*(मर्कूस १४:३-९; यूहन्ना १२:१-८)*

६येशू बेथानीमा हुनुहुन्थ्यो। उहाँ कुष्टरोगी शिमोनको
घरमा हुनुहुन्थ्यो। ७जतिबेला येशू त्यहाँ हुनुहुन्थ्यो,
एउटी आईमाई उहाँ कहाँ आइन्। उनीसँग बहुमूल्य
अत्तर भरिएको एउटा सङ्गमर्मरको भुँडुल्को थियो।
येशूले खाँदैगर्नु भएको बेला तिनले येशूको शिरमा त्यो
सुगन्धित अत्तर खन्याइन्।
८चेलाहरूले त्यो देखे र आईमाईसँग रिसाए। चेलाहरूले
सोधे, "यो अत्तर किन नष्ट गरेको? ९यसलाई धेरै
दाममा बेचेर गरीबहरूलाई दिन सकिन्थ्यो।"
१०येशूले यी सब थाहा पाउनुभयो। येशूले भन्नुभयो,
"तिमीहरूले यिनलाई किन दिक्दारी दिन्छौ? यिनले मेरो
निम्ति असल कार्य गरेकी छिन। ११ती गरीब मानिसहरू
सदा तिमीहरू साथ छन्। तर म सँधै तिमीहरूको साथ
रहने छैन। १२यिनले मेरो शरीरभरि अत्तर छरिदिइन्।
यिनले मलाई म मरे पछि मृत-संस्कारको निम्ति तयार
पारेकी हुन्। १३म तिमीहरूलाई साँचो भन्दछु। यो
सुसमाचार सारा संसारमा प्रचार गरिनेछ। अनि प्रत्येक
ठाउँमा यी स्त्रीले गरेको सु-कार्यहरूलाई पनि बताइन्छ।
अनि मानिसहरूले यिनलाई सधैं सम्भने छन्।"

## यहूदा येशूको शत्रु हुन्छ

*(मर्कूस १४:१०-११; लूका २२:३-६)*

१४त्यसपछि बाहजना चेलाहरूमध्ये एकजना मुख्य
पूजाहारीहरूकहाँ गयो। त्यो चेलाको नाउँ यहूदा इस्करयोती
थियो। १५यहूदाले भन्यो, "म तिमीहरूको हातमा
येशूलाई सुम्पनेछु। यसको लागि मलाई कति पैसा
दिन्छौ?" पूजाहारीहरूले त्यसलाई चाँदीका तीस वटा
सिक्का दिए। १६त्यसबेलादेखि यहूदाले येशूलाई सुम्पिदिने
मौका खोज्न लाग्यो।

## येशूले निस्तार-चाड़को भोज खानु भयो

*(मर्कूस १४:१२-२२; लूका २२:७-१४, २१-२३; यूहन्ना १३:२१-३०)*

१७अखमिरी रोटीको पहिलो दिन, चेलाहरू येशूकहाँ
आए। चेलाहरूले भने, "निस्तार-चाड़को भोजन गर्न

हामी तपाईंलाई तयार पारिदिन्छौं। हामीले कहाँ खाना
तयार गरेको तपाईं चाहनु हुन्छ?”
१८येशूले भन्नुभयो, “शहरतिर जाऊ। मैले चिनेको
मानिसको घरमा जाऊ। उसलाई गुरूले यसो भन्नु
भएको छ भनेर भन, ‘मेरो तोकिएको समय अति
नजिक आएको छ। म निस्तार चाड़को भोजन मेरो सबै
चेलाहरूसित तिम्रो घरमा खानेछु।” १९चेलाहरूले येशूको
आज्ञा अनुसार सबैकाम गरिदिए। तिनीहरूले निस्तार-
चाड़को भोज तयार पारे। २०जब साँझ भयो, येशू
आफ्ना चेलाहरूसाथ खानामा बस्नु भएको थियो।
२१तिनीहरू सबैले भोजन खाइरहेका थिए। येशूले
भन्नुभयो, “म तिमीहरूलाई साँचो भन्दछु। तिमीहरूमध्ये
कुनै एकजनाले मलाई विश्वासघात गर्नेछौ।”
२२चेलाहरू यो सुनेर दुःखी भए। प्रत्येकले उहाँलाई
सोधे, “प्रभु, अवश्य पनि मचाहिँ होइन, ठीक हो?”
२३येशूले जवाफ दिनुभयो, “जसले मेरो कचौरामा
मसित हात चोब्यो त्यसैले मलाई विश्वासघात गर्नेछ।
२४मानिसको पुत्रले धर्मशास्त्रमा लेखिए अनुसार जानुपर्छ
र उसले मर्नैपर्छ। तर मानिसको पुत्रलाई मार्नका निम्ति
सुम्पने त्यस मानिसले नराम्रो परिणाम भोग्नु पर्नेछ।
यस्तो हुनुभन्दा त त्यो मानिस नजन्मिएको भए बेस हुने
थियो।”
२५त्यसपछि येशूलाई विश्वासघात गर्ने यहूदाले येशूलाई
भने, “गुरूज्यू, निश्चय नै म त्यो एकजना होइन ठीक
हो?”
येशूले भन्नुभयो, “हो, यो तिमी नै हौ।”

## प्रभु भोज

*(मर्कूस १४:२२-२६; लूका २२:१५-२०;
१ कोरिन्थी ११:२३-२५)*

२६खाँदै गर्दा येशूले रोटी लिनुभयो। येशूले रोटीको
निम्ति परमेश्वरलाई धन्यवाद दिनुभयो र त्यसलाई टुक्रा
पार्नुभयो। येशूले आफ्ना चेलाहरूलाई रोटी दिनुभयो। र
भन्नुभयो, “यी रोटीहरू लेओ र खाओ। यो रोटी नै
मेरो शरीर हो।”
२७त्यसपछि येशूले एक प्याला दाखरस लिनुभयो।
येशूले त्यसको लागि परमेश्वरलाई धन्यवाद दिनुभयो
अनि त्यो चेलाहरूलाई दिनुभयो। येशूले भन्नुभयो,
“तिमीहरू प्रत्येकले यसबाट पिओ। २८यो दाखरस मेरो
रगत हो। मेरो रगतले परमेश्वरबाट उहाँको
मानिसहरूकालागि नयाँ करारको प्रारम्भ गर्नेछ। यो
रगत धेरै मानिसहरूलाई तिनीहरूको पाप क्षमाको लागि
बहाइन्छ। २९म तिमीहरूलाई भन्दछु: म यो दाखरस
फेरि पिउँदिन जबसम्म मेरो पिताको राज्यमा नयाँ जस्तै
भएर हामीहरू एकै साथ पिउँदैनौ।”
३०तिनीहरू सबैले एउटा भजन गाए। त्यसपछि
उनीहरू ‘जैतून डाड़ामा’ गए।

## चेलाहरूले आफूलाई छाड़ने छन् भनी येशू भन्नुहुन्छ

*(मर्कूस १४:२७-३१; लूका २२:३१-३४;
यूहन्ना १३:३६-३८)*

३१येशूले चेलाहरूलाई भन्नुभयो, “आज मध्यरातमा
मेरो कारणले तिमीहरूले आफ्नो विश्वास हराउनेछौ।
किनभने यो धर्मशास्त्रहरूमा लेखिएको छ:

‘म गोठालोलाई प्रहार गर्नेछु, अनि बथानका भेड़ाहरू
छरपष्ट हुनेछन्’ *जकरिया १३:७*

३२तर म मरेपछि, म मृत्युदेखि बौरी उठ्नेछु।
त्यसपछि म गालील जानेछु। तिमीहरू पुग्नुअघिनै म
त्यहाँ जानेछु।”
३३पत्रुसले भने, “सबै चेलाहरूले तपाईंको कारणले
विश्वास हराउन सक्नेछन्। तर म मेरो विश्वास कहिल्यै
हराउँदिन।”
३४येशूले भन्नुभयो, “म तिमीलाई साँचो भन्दछु।
आजै राती भाले बास्नु अघि तिमीले मलाई तीनपल्ट
इन्कार गरिसकेका हुनेछौ।”
३५तर पत्रुसले जवाफ दिए, “म तपाईंलाई कहिल्यै
इन्कार गर्नेछैन तपाईं साथै मर्नु परेता पनि म तपाईंलाई
इन्कार गर्ने छैन।” अनि सबै चेलाहरूले यही कुरा
दोहोर्‍याए।

## एकान्तमा येशूको प्रार्थना

*(मर्कूस १४:३२-४२; लूका २२:३९-४६)*

३६त्यसपछि येशू आफ्ना चेलाहरूसाथ गेत्समनी भन्ने
ठाउँमा जानुभयो। येशूले तिनीहरूलाई भन्नुभयो, “तिमीहरू
यहाँ बस, म चाहिँ त्यहाँ गएर प्रार्थना गर्छु।” ३७येशूले
पत्रुस र जब्दीको दुइ छोराहरूलाई आफ्नो साथमा
लानुभयो। अनि येशू खूबै दुःखी र विचलित हुनुभयो।
३८येशूले पत्रुस र जब्दीका दुइ छोराहरूलाई भन्नुभयो,
“मेरो आत्मा दुःखै दुःखले भरिएको छ। मेरो प्राण
गहिरो शोकले मरे तुल्य भएको छ। तिमीहरू यहाँ
मसँग जागा बस अनि पर्ख।”
३९अनि येशू तिनीहरू देखि केही पर जानुभयो।
येशू भूईमा घोप्टो परेर प्रार्थना गर्न लाग्नुभयो, “मेरा
पिता, सम्भव भए मलाई यातनाको यो प्याला नदिनुहोस्।
तर यो मैले ईच्छा गरे अनुसार होइन तपाईंको ईच्छा
अनुसार होस्।” ४०त्यसपछि येशू आफ्ना चेलाहरू
भएकहाँ फर्किनुभयो। येशूले तिनीहरूलाई मस्त
निदाइरहेको पाउनुभयो। येशूले पत्रुसलाई भन्नुभयो,
“तिमी मेरो निम्ति एक घण्टा पनि जागा बस्न सक्दैनौ?
४१जागा बस अनि प्रार्थना गर, जसद्वारा तिमी परीक्षामा
पर्ने छैनौ। तिम्रो आत्मा तयार छ तर तिम्रो शरीर
कमजोर छ।”
४२त्यसपछि येशू फेरि दोस्रोपटक जानुभयो अनि
प्रार्थना गर्न लाग्नु भयो, “मेरो पिता, यदि मैले यसलाई

नपिएसम्म यो यातनाको प्याला मबाट हटाइन सम्भव
नभए तपाईंले चाहनु भए जस्तै हुन दिनु हवस्।"
**४३**येशू फेरि आफ्ना चेलाहरू भएको ठाउँमा
आउनु भयो यसपल्ट पनि येशूले तिनीहरूलाई मस्त
सुतिरहेका पाउनुभयो किनभने तिनीहरूको आँखाहरू
भारी थिए। **४४**यसकारण तिनीहरूलाई छाड़ेर येशू
केहीपर जानु भयो। अनि फेरि प्रार्थना गर्न लाग्नुभयो।
तेस्रो पटकको प्रार्थनामा पनि उहाँले त्यही याचना
गर्नुभयो।
**४५**तब येशू चेलाहरूकहाँ आएर भन्नुभयो, "तिमीहरू
अझै सुतिरहेका र विश्राम गरिरहेकै छौ? मानिसको
पुत्रलाई पापीहरूको हातमा सुम्पिने समय नजिक
आइसकेको छ। **४६**उठ! हामी गइहाल्नु पर्छ। यहाँ
मलाई विश्वासघात गर्ने आउँदैछ।"

### येशू पक्राउ पर्नु भयो

*(मर्कूस १४:४३-५०; लूका २२:४७-५३;*
*यूहन्ना १८:३-१२)*

**४७**जतिबेला येशू बातचीत गर्दै हुनुहुन्थ्यो, यहूदा
त्यहाँ आइपुग्यो। यहूदा बाह्रजना चेलाहरूमध्येका एकजना
थिए। यहूदासँग थुप्रै मानिसहरू थिए। ती मानिसहरूलाई
मुख्य पूजाहारीहरू र जनताका बूढ़ा-प्रधानहरूलाई पठाएका
थिए। यहूदाका ती मानिसहरू तरवार र भालाहरू लिएर
आएका थिए। **४८**यहूदाले येशूलाई चिनाउन भनेर
तिनीहरूलाई यो संकेत दिएको थियो। यहूदाले भन्यो,
"म जसलाई चुम्बन गर्छु उही नै येशू हो। उसैलाई
पक्रनू।" **४९**अनि यहूदा सिधै येशूकहाँ आएर भन्यो,
"हे गुरूज्यू!" त्यसपछि यहूदाले येशूलाई चुम्बन खाए।
**५०**येशूले भन्नुभयो, "हे मित्र, तिमी जे गर्न आएका
छौ त्यो गर।"
त्यत्तिनै बेला मानिसहरू आए र येशूलाई हात हाले।
अनि उहाँलाई पक्रिए। **५१**जब यस्तो भयो, तब येशूको
साथमा भएका एकजना चेलाले तरवार झिक्यो। उसले
प्रधान पूजाहारीको नोकरलाई हान्यो अनि कान चट्ट
छिनाइदियो।
**५२**येशूले तिनलाई भन्नुभयो, "तिम्रो तरवार त्यसकै
ठाउँमा हाल। जसले तरवार चलाउँछ उसलाई तरवारले
नै मार्दछ। **५३**तिमीलाई थाहा छ, मैले मेरा पितासँग
मलाई सहायता गर्नुहोस भनी विन्ती गर्ने हो भने उहाँले
स्वर्गदूतहरूका बाह्र पल्टन झट्टै पठाउनु हुन्न? **५४**तर
मैले गरे भने धर्मशास्त्रहरूमा लेखिएको कुरा कसरी
पूरा हुनेछ? धर्मशास्त्रले यो यस्तै हुनुपर्छ भन्छ।"
**५५**तब येशूले सबै मानिसहरूलाई भन्नुभयो, "तिमीहरू
मकहाँ तरवार र भालाहरू लिएर आयौ, मानौं म एक
अपराधी हुँ। म प्रत्येक दिन मन्दिरमा बसेर सिकाइरहेको
हुन्थे। अनि तिमीहरूले मलाई त्यहाँ पक्रेनौ। **५६**तर यी
सबै कुराहरू अगमवक्ताहरूले लेखेअनुसार पूरा होऊन
भनेर यस्तो भयो।" त्यसपछि येशूको सबै चेलाहरू
उहाँलाई एक्लो छोड़ेर भागे।

### येशू यहूदी अगुवाहरूको अघि

*(मर्कूस १४:५३-६५; लूका २२:५४-५५, ६३-७१;*
*यूहन्ना १८:१३-१४, १९-१४)*

**५७**येशूलाई पक्रनेहरूले उहाँलाई प्रमुख पूजाहारी
कैयाफाको घरमा पुऱ्याए। शास्त्रीहरू र बूड़ा यहूदी
अग्रजहरू त्यहाँ भेला भएका थिए। **५८**पत्रुसले येशूलाई
पछ्याए। जब येशूलाई प्रधान पूजाहारी कहाँ लगिँदै
थियो पत्रुस प्रधान पूजाहारीको घरको आँगनसम्म आए।
उनी त्यहाँ गएर पालेहरूको नजिकै बसे। अब के हुने
हो भनी पत्रुस हेर्न चाहन्थे। **५९**प्रधान पूजाहारीहरू र
यहूदी नेताहरूको सम्पूर्ण महासभाले येशूको विरुद्धमा
कुनै न कुनै झूटो खोट देखाउने कोशिस गरे जसद्वारा
तिनीहरू येशूलाई मार्न सक्थे। **६०**धेरै मानिसहरू आए
र येशूको विरुद्ध झूटा अभियोगहरू लगाए। तर
महासभाले येशूलाई मार्नसकिने त्यस्तो कुनै अभियोग
पाउन सकेन्। तब दुइजना मानिस आएर भन्न लागे,
**६१**"यो मानिसले 'म परमेश्वरको मन्दिर भत्काउन
सक्छु अनि तीन दिनभित्र फेरि म यसलाई बनाइदिन
सक्छु भनेको छ।'"
**६२**अनि प्रधान पूजाहारीले उठेर येशूलाई भन्नलागे,
"यी मानिसहरूले तपाईंको विरुद्धमा अभियोग लगाएका
छन्। के आफूमाथि लगाइएका आरोपहरूप्रति तपाईंको
केही जवाफ छैन? के तिनीहरूले ठीकै भनेका हुन्?"
**६३**येशूले केही भन्नु भएन।
तब प्रधान पूजाहारीले येशूलाई भने, "अहिले जीवित
परमेश्वरको नाउँमा शपथ लिएर तपाईंले भन्नुहोस्,
जीवित परमेश्वरको नाउँमा हामीलाई सत्य कुरा भन्नु
होस भनी म तपाईंलाई आदेश गर्छु। हामीलाई भन्नुहोस्
के तपाईं नै ख्रीष्ट, परमेश्वरको पुत्र हुनुहुन्छ?"
**६४**येशूले भन्नुभयो, "हो, म नै हुँ। तर म भन्दछु
भविष्यमा तपाईंले मानिसको पुत्रलाई परमेश्वरको दाहिनेपट्टि
बसिरहेको र स्वर्गको बादलमा आउँदै गरेको देख्नु
हुनेछ।"
**६५**प्रधान पूजाहारीले जब यो कुरा सुने उनी खुबै
क्रोधित भए। आफ्नै वस्त्र च्यात्दै उनले भन्न लागे,
"यो मानिसले परमेश्वरको निन्दा गरेको हो! हामीलाई
अरू धेरै प्रमाणको के खाँचो छ? तिमीहरू सबैले
यिनले परमेश्वरको विरुद्धमा निन्दा गरेको सुन्यौ।
**६६**तिमीहरूको के राय छ?"
यहूदीहरूले जवाफ दिए, "उनी दोषी छन् उनी मृत्यु
दण्डको योग्यछन्।"
**६७**त्यसपछि मानिसहरूले येशूको मुखमा थुकिदिए।
तिनीहरूले उहाँलाई मुक्काले हिर्काए। कसै-कसैले
येशूलाई झापट दिए। **६८**तिनीहरूले भने, "तँ अगमवक्ता

ख्रीष्ट हो भन्ने प्रमाण देखाऊ! तँलाई पिट्ने को हो?"

## येशूलाई चिन्दछु भन्न पत्रुस डराए

*(मर्कूस १४:६६-७२; लूका २२-५६-६२; यूहन्ना १८:१५-१८, २५-२७)*

६९त्यसबेला, पत्रुस आँगन बाहिर बसिरहेका थिए। एउटी नोकर्नीले आएर भनी, "तिमी पनि गालील निवासी येशूसँग थियौ।"

७०तर पत्रुसले त्यहाँ उपस्थित भएका सबै मानिसहरूको अगाड़ी यो कुरालाई अस्वीकार गरे। उनले भने, "कि तिमीहरू के कुरा गरिरहेका छौ मैले केही बुझ्िन?"

७१त्यसपछि पत्रुसले त्यो ठाउँ छोड़े। ढोकामा अर्को स्त्रीले तिनलाई देखी। त्यसले त्यहाँ भएका मानिसहरूलाई भनी, "यो मानिस पनि नासरतको येशूसँग थियो।"

७२पत्रुसले फेरि अस्वीकार गरे। उनले भने, "परमेश्वरको नाउँमा शपथ खाएर भन्दछु यो मानिस को हो म चिन्दिन!"

७३केहीसमयपछि, केही उभिरहेका मानिसहरू पत्रुसकहाँ गए र भने, "हामी जान्दछौ एक येशूको चेलाहरू मध्ये तिनी पनि हौ। तिम्रो कुरा गराईले त्यो प्रमाण दिन्छ।"

७४तब पत्रुसले धिक्कार्न लागे। दृढ़ भएर उनले भने, "म परमेश्वरको नाउँमा शपथ खाएर भन्दछु कि यो मानिस को हो म चिन्दिन।" पत्रुसले यसो भन्ने बित्तिकै भाले बास्यो। ७५तब पत्रुसलाई येशूले भनेका कुराहरूको सम्झना भयो: "भाले बास्न अघिनै मलाई तिमीले तीनपल्ट अस्वीकार गर्नेछौ।" त्यसपछि पत्रुस बाहिर गएर धुरूधुरू रोए।

## येशूलाई बड़ा हाकिम पिलातसकहाँ लगियो

*(मर्कूस १५:१; लूका २३:१-२; यूहन्ना १८:२८-३२)*

**२७** भोलिपल्ट बिहानै, सबै मुख्य पूजाहारीहरू यहूदी प्रधानहरूले येशूलाई मार्न आपसमा सरसल्लाह गरे। २तिनीहरूले येशूलाई साङ्लाले बाँधे। त्यसपछि उहाँलाई बड़ा हाकिम पिलातस कहाँ पुऱ्याए। तिनीहरूले येशूलाई पिलातसकहाँ सुम्पिदिए।

## यहूदाको आत्महत्या

*(प्रेरित १:१८-१९)*

३यहूदाले येशूलाई मृत्यु दण्ड दिएको थाहापायो। यहूदा एकजना थिए जसले येशूलाई विश्वासघात गर्ने त्यो नै थियो। यहूदालाई पछुतो लाग्यो अनि उसले तीसवटा चाँदीका सिक्का मुख्य पूजाहारीहरू र बुढ़ा यहूदी नेताहरू कहाँ फर्काइ दियो। ४यहूदाले भन्यो, "मैले पाप गरें, मैले एकजना निर्दोष मानिसलाई मार्न ल्याएँ।"

यहूदी अगुवाहरूले भने, "हामीलाई यसको वास्ता छैन। यो तिम्रो समस्या हो, हाम्रो होइन।"

५यसकारण यहूदाले चाँदीका जम्मै सिक्काहरू मन्दिरभित्र फालिदिए। त्यसपछि यहूदाले त्यो ठाउँ छाड़्यो अनि आफै झुण्डिएर आत्महत्या गऱ्यो।

६मुख्य पूजाहारीले सिक्काहरू बटुले। तिनीहरूले भने, "कानून अनुसार यस्तो पैसाहरू मन्दिरको पैसासँग मिसाउनु हुँदैन, किनभने यो पैसा कसैको मृत्युको लागि दिइएको हो।" ७त्यसपछि तिनीहरूले ती सिक्काहरूबाट कुम्हालेको खेत किन्ने निश्चय गरे। यो जमीनलाई तिनीहरूले यरूशलेममा घुम्न आउँदा मरेकाहरूको लाश गाड्ने ठाउँ बनाउने मतो गरे। ८त्यस कारणले आजसम्म त्यो खेतलाई रगतको जमीन भन्ने गरिन्छ। ९यसरी यस्तो हुनेछ भनेर यर्मिया अगमवक्ताले जे भनेका थिए सो पूर्ण भयो।

"तिनीहरूले तीस वटा चाँदीका सिक्काहरू लिए। यहूदीहरूले त्यतिनै पैसा उहाँको जीवनको लागि चुक्ता गर्ने निश्चय गरेका थिए। १०परमप्रभुले मलाई आदेश गर्नु भए झै तिनीहरूले ती तीस वटा सिक्काहरू कुम्हालेको जमीन किन्न चलाए।"*

## बड़ाहाकिम पिलातसद्वारा येशूलाई प्रश्नहरू

*(मर्कूस १५:२-५; लूका २३:३-५; यूहन्ना १८:३३-३८)*

११येशू बड़ा हाकिम पिलातसको अघाड़ि उभिनु भयो। पिलातसले उहाँलाई प्रश्न गरे। उनले सोधे, "के तिमी नै यहूदीहरूको राजा हौ?"

येशूले जवाफ दिनुभयो, "हो, म हुँ।"

१२जब मुख्य पूजाहारीहरू र बढ़ा यहूदी प्रधानहरूले येशू विरुद्ध अभियोग लगाए, उहाँले कुनै जवाफ दिनु भएन।

१३अनि पिलातसले येशूलाई भने, "तिमीले आफूमाथि लगाएका अभियोगहरू सुनेनौ। किन तिमीले तिनको जवाफ नदिएको?"

१४तर येशूले पिलातसलाई केही जवाफ दिन अस्वीकार गर्नुभयो। यसमा पिलातस चकित भए।

## येशूलाई मुक्त गर्ने पिलातसको चेष्टा असफल

*(मर्कूस १५:६-१५; लूका २३:१३-२५; यूहन्ना १८:३९-१९:१६)*

१५प्रत्येक वर्ष निस्तार चाडको समयमा बढ़ा हाकिमद्वारा उसले चाहे अनुसार थुनामा परेका एकजना मानिसहरूलाई मुक्त गर्न सक्थ्यो। १६त्यसबेला एकजना एकदमै दुष्ट मानिस कैदमा परेको थियो। त्यसको नाम बेला बरब्बा थियो। १७सबै मानिसहरू पिलातसकै घरमा भेला

---

**"तिनीहरूले ... किन्न चलाए"** जकरिया ११:१२-१३; यर्मिया ३२:६-९

भएका थिए। पिलातसले मानिसहरूलाई भने, "तिमीहरूको लागि एकजना मानिसलाई मुक्त गरिनेछ। कुन मानिसलाई मैले मुक्त गरिदिएको चाहन्छौ: बरब्बा कि ख्रीष्ट भनिने येशूलाई?"
१८पिलातस जान्दथे कि मानिसहरूले नै इर्ष्याको कारणले येशूलाई तिनीकहाँ सुम्पिएका हुन्।
१९पिलातस न्यायकर्त्ताको कुर्सीमा बसिरहेको बेला उनकी धर्मपत्नीले तिनलाई एउटा समाचार पठाइन्। समाचार यस्तो थियो: "त्यो निर्दोष मानिसको विरुद्धमा केही नगर्नुहोस्। तिनको बारेमा आज राती मैले सपना देखेकी छु। अनि त्यो समपनाले मलाई अत्यन्त विचलित तुल्याएको छ।"

२०तर मुख्य पूजाहारीहरू र यहूदी अग्रजहरूले बरब्बालाई मुक्त गरिदिनुपर्छ र येशूलाई मार्नुपर्छ भनी माग गर्न मानिसहरूलाई सुरयाए।

२१पिलातसले भने, "बरब्बा र येशू मध्ये तिमीहरूको लागि मैले कसलाई छोड़िदिनु पर्ने?"

मानिसहरूले जवाफ दिए, "बरब्बालाई मुक्त गरिदिनु हवस्!"

२२पिलातसले सोधे, "त्यसो भए ख्रीष्ट भनिने येशूलाई चाहिँ? के गर्नुपर्ने?"

सबै मानिसहरूले भने, "उसलाई क्रूसमा भुण्ड्याएर मार्नुपर्छ!"

२३पिलातसले सोधे, "किन? उसले के गल्ती गरेको छ?" तब सबैले उच्च स्वरले कराएर भने, "उसलाई क्रूसमा भुण्ड्याएर मार्नुपर्छ।"

२४अब कसै गरेर पनि मानिसहरूको निर्णय बदल्न सकिँदैन भनी पिलातसले बुझे अनि उनले यो पनि देखे कि मानिसहरू उत्तेजित भइरहेका थिए अनि झन झन जोड़ले कराउँदै थिए। पिलातसले सबैको अघि पानी लिए आफ्ना हात धोए। त्यसपछि उनले भने, "मलाई यो मानिसको मृत्युको निम्ति दोषी ठहऱ्याइने छैन। दोष तिमीहरू माथि पर्नेछ।"

२५सबै मानिसहरूले जवाफ दिए, "हामी यस मानिसको मृत्युको भागी साथ-साथै हाम्रा छोरा छोरीहरू हुनेछन्।"
२६अन्त्यमा पिलातसले तिनीहरूका निम्ति बरब्बालाई छोड़िदिए। पिलातसले केही सैनिकहरूलाई येशूलाई कोर्रा लगाँउन लगाए। त्यसपछि उनले येशूलाई क्रूसमा भुण्ड्याएर मार्नलाई तिनीहरूको हातमा सुम्पिदिए।

## पिलातसको सैनिकहरूद्वारा येशूको खिल्ली

*(मर्कूस १५:१६-२०; यूहन्ना १९:२-३)*

२७त्यसपछि पिलातसका सैनिकहरूले येशूलाई बड़ाहाकिमको महलमा ल्याई पुऱ्याए। सबै सैनिकहरू येशू वरिपरि भेला भए।
२८तिनीहरूले येशूको लुगाफाटा उतारिदिए अनि रातो वस्त्र लगाइदिए।
२९तब तिनीहरूले काँड़ाको मुकुट बनाए र येशूको टाउकोमा पहिऱ्याइदिए। अनि तिनीहरूले उहाँको दाहिने हातमा एउटा लठ्ठी थमाइदिए। त्यसपछि ती सैनिकहरूले येशूको सामन्ने घुँड़ा टेकेर खिल्ली उड़ाउन थाले। तिनीहरूले भन्न लागे, "हे यहूदीहरूको राजा हामी तिमीलाई सलाम गर्छौं।"
३०सैनिकहरूले येशूलाई थुकिदिए। अनि उहाँको लठ्ठीले उहाँ कै टाउकामा हिर्काए।
३१जब तिनीहरूले येशूको खिल्ली उड़ाइसके तब तिनीहरूले उनको वस्त्र उतारिदिए अनि फेरि उहाँकै वस्त्र लगाइदिए त्यसपछि येशूलाई भुण्ड्याएर मार्नलाई लिएर गए।

## येशूलाई क्रूसमा भुण्ड्याइयो

*(मर्कूस १५:२१-३२; लूका २३:२६-४३; यूहन्ना १९:१७-२७)*

३२सैनिकहरू येशूलाई लिएर शहरदेखि बाहिर गइरहेका थिए। सैनिकहरूले कुनै एउटा मानिसलाई जबरजस्ती गरेर येशूको क्रूस बोक्न लगाए। साइरेनिमा बस्ने त्यस मानिसको नाम शिमोन थियो।
३३तिनीहरू गलगथा भन्ने ठाउँमा आइपुगे। (गलगथाको अर्थ "खप्परे" हो)।
३४जब तिनीहरू गलगथामा पुगे। सैनिकहरूले, येशूलाई दाखरस पिउन दिए। त्यसमा पीत्त मिसाइएको थियो। येशूले त्यो चाख्नु भयो तर पिउन अस्वीकार गर्नुभयो।
३५तब सैनिकहरूले येशूलाई क्रूसमा टाँगे। त्यसपछि सैनिकहरूले येशूको लुगाफाटा आपसमा बाढ़नलाई चिट्ठा हाले।
३६तिनीहरूले त्यहाँ बसेर येशूको पहरा दिए।
३७तिनीहरूले येशूको विरुद्धमा लेखिएको एउटा दोष-पत्र उहाँको टाउकोमाथि राखिदिए। त्यसमा **"येशू यहूदीहरूका राजा हुन"** भन्ने लेखिएको थियो।
३८येशूसँगै दुइजना डाकूहरूलाई पनि क्रुसमा भुण्ड्याईएको थियो। एउटा डाकूलाई येशूको दहिनेपट्टि र अर्को डाकूलाई उहाँको देब्रेपट्टि भुण्ड्याईएको थियो।
३९आउने जाने मानिसहरूले येशूको निन्दा गर्थे तिनीहरूले टाउँको हल्लाउदै उहाँको निन्दा गर्थे र तिनीहरू यसो भन्थे।
४०"तिमीले नै भनेका हौ" मन्दिर भत्काऊ अनि म तीनदिन भित्रमा मन्दिर फेरि बनाइदिन्छु। अब आफूलाई बचाऊ! क्रूसबाट ओर्ल, यदि तिमी साँच्चै परमेश्वरको पुत्र हौ भने!"

४१मुख्य पूजाहारीहरू, शास्त्रीहरू, र अग्रज यहूदी प्रधानहरू पनि त्यहीं थिए। ती मानिसहरूले पनि येशूको खिल्ली उड़ाउन थाले।
४२तिनीहरूले भने, "उनले अरूलाई बचाएका छन्। तर आफैलाई उनले बँचाउन सकेनन्। मानिसहरूका अनुसार उनी नै इस्राएलका राजा हुन्। यदि उनी नै इस्राएलका राजा हुन भने, अब उनी आफै क्रूसबाट ओर्लेर आउनुपर्छ। त्यसपछि हामी उनलाई विश्वास गर्नेछौं।
४३उनले परमेश्वरमाथि विश्वास राखे। यसकारण अब परमेश्वरले नै उनलाई बचाउन्, यदि परमेश्वरले ईच्छा गर्नुहुन्छ भने। उहाँ आफैले भन्नु भएको छ, म नै परमेश्वरको पुत्र हुँ।"
४४अनि

त्यसै गरी येशूको छेउमा टाँगिएको डाकूले पनि उहाँको
निन्दा गर्‍यो।

## येशूको मृत्यु

*(मर्कूस १५:३३-४१; लूका २३:४४-४९;
यूहन्ना १९:२८-३०)*

४५मध्यान्ह हुँदा सम्पूर्ण देशमा नै अँध्यारो छायो।
यस्तो अन्धकार प्राय: तीन घण्टासम्म भइरहयो। ४६प्राय:
तीन बजेतिर येशू ठूलो स्वरमा कराउनु भयो, "एली,
एली, लामा सबथखानी?" यसको अर्थ, "मेरा परमेश्वर,
मेरा परमेश्वर, तपाईंले मलाई किन एक्लै छोड्नु
भयो?"*

४७छेउमा उभिरहेका केही मानिसहरूले त्यो सबै
सुने। तिनीहरूले भने, "उहाँले एलियालाई बोलाउनु
हुँदैछ।"

४८एक्कासि तिनीहरूमध्ये एक जनाले झट्टै दगुरेर
गई एउटा स्पञ्ज लिएर आयो। त्यसले त्यो स्पञ्ज
सिर्कामा भरेर एउटा लट्ठीमा बाँधेर राखेको थियो। अनि
उसले येशूलाई पिउन दिनका निम्ति त्यस लठ्ठीको
सहायताले स्पञ्ज उठायो। ४९तर अरू मानिसहरूले
भने, "हामी पर्खौं अनि हेरौं उहाँलाई बँचाउन एलिया
आउने हुन् कि होइनन्।"

५०येशू फेरि एकपल्ट ठूलो स्वरमा चिच्याउनु भयो।
अनि प्राण त्याग्नु भयो। ५१जब येशू मर्नु भयो,
मन्दिरको पर्दा आफै दुइ टुक्रा भएर च्यातियो। त्यो
टुप्पादेखि फेदसम्म वारपार च्यातियो। एकाएक भूकम्प
गयो अनि चट्टानहरू फाटे। ५२चिहानहरू उघ्रिए, अनि
परमेश्वरका मरिसकेका धेरै मानिसहरू चिहानबाट बौरी
उठे। ५३येशू बौरी उठनु भए पछि, ती मानिसहरू
चिहानबाट बौरी उठे र ती नगरका थुप्रै मानिसहरूकहाँ
देखापरे।

५४सेनाका अधिकारी र येशूलाई पहरा दिने सैनिकहरूले
भुँइचालो गएको र अरू घटनाहरू घटेको अनुभव
गरे। तिनीहरू खूबै भयभीत भए र तिनीहरूले भने,
"साँच्चै नै उहाँनै परमेश्वरको पुत्र हुनुहुन्थ्यो।"

५५क्रूस देखि धेरै टाढा बसेर धेरै आईमाईहरू पनि
हेरिरहेका थिए। ती आईमाईहरूनै गालीलदेखि येशूको
साथ देखरेख गर्न उहाँसंगै आएका थिए। ५६मरियम
मग्दलिनी, याकूब र यूसुफकी आमा मरियम अनि
जब्दीका छोराहरूकी आमा ती स्त्रीहरू मध्ये थिए।

## येशूलाई गाडियो

*(मर्कूस १५:४२-४७; लूका २३:५०-५६;
यूहन्ना १९:३८-४२)*

५७त्यसै बेलुकी यूसुफ नाम गरेको एकजना धनी
मानिस यरूशलेममा आए। अरिमिथिया नगरमा बस्ने
उनी येशूकै एकजना चेला भएका थिए। ५८यूसुफ
पिलातसको सामु आए अनि येशूको लाशको निम्ति
तिनलाई विन्ती गरे। पिलातसले आफ्ना सैनिकहरूलाई
यूसुफलाई त्यो लाश दिनु भन्ने आदेश गरे। ५९त्यसपछि
यूसुफले त्यो लाश लगेर त्यसलाई कात्रोले बेह्रे।
६०यूसुफले येशूको त्यो लाशलाई एउटा नयाँ चिहानमा
राखे जसलाई उनी आफैले भर्खरै चट्टानमा खोपी
बनाएका थिए। तब उनले एकदमै ठूलो ढुङ्गा लडाउँदै
ल्याएर चिहानको ढोका बन्द गरिदिए। यति गरेपछि
यूसुफ आफ्नो बाटो लागे। ६१मरियम मग्दलिनी, अनि
मरियम नाम गरेकी अर्को आईमाई पनि चिहानको
अर्को पट्टि बसिरहेका थिए।

## येशूको चिहानमा पहरा

६२त्यस दिनलाई तयारीको दिन भनिन्थ्यो। भोलिपल्ट,
मुख्य पूजाहारीहरू र फरिसीहरू पिलातसकहाँ पुगे।
६३तिनीहरूले भने, "स्वामी, हामीलाई थाहा छ त्यस
ठगाहाले त्यो जिउँदो छँदा 'तीन दिनपछि म फेरि बौरी
उठ्नेछु' भनेको थियो।' ६४यसकारण तीन दिनसम्म त्यो
चिहानमा पहरा दिने आदेश पालेहरूलाई दिनुहोस्।
उसका चेलाहरू आएर त्यहाँबाट उसको लाश चोरेर
लैजान सक्छन्। अनि तिनीहरूले मानिसहरूलाई 'तिनी
मरेकोबाट जागे' भन्नसक्छन्। यसपल्टको त्यो आफवाह
पहिलेको भन्दा धेरै भयानक भएर फैलिनसक्छ।"

६५पिलातसले भने, "केही सैनिकहरूलाई लिएर
जाऊ अनि सकेसम्म चिहानलाई सुरक्षित राख।"
६६यसकारण तिनीहरू त्यहाँ गए र त्यस चिहानको
मुखमा गतिलो ढुङ्गाले बन्द गरेर मोहर लगाए अनि
पालेहरू खटाएर चिहानलाई सुरक्षित बनाए।

## येशू बौरी उठेको समाचार

*(मर्कूस १६:१-८; लूका २४:१-१२; यूहन्ना २०:१-१०)*

**२८** विश्रामको भोलिपल्ट सप्ताहको पहिलो दिन
थियो। पहिलो दिनको झिसमिसे उज्यालो हुँदा
मरियम मग्दलिनी र मरियम नाम गरेकी अर्की स्त्रीहरू
चिहान हेर्न गए।

२त्यसबेला त्यहाँ ठूलो भूईचालो गयो। स्वर्गबाट
प्रभुको एउटा दूत तलतिर ओर्ले। स्वर्गदूत चिहानतर्फ
गए अनि चिहानको ढुङ्गालाई पल्टाएर पर सारे।
त्यसपछि उनी त्यसमाथि बसे। ३ती स्वर्गदूत बिजुली
जस्तै चम्किला थिए। उनको लुगाफाटा हिउँ जस्तो
सेतो थियो। ४ती स्वर्गदूतलाई देखेर सैनिकहरू डरले
कामे अनि बेहोस भएर लडे।

५त्यो स्वर्गदूतले भने, "तिमीहरू डराउनु पर्दैन। म
जान्दछु तिमीहरू येशूलाई खोजिरहेका छौ, जसलाई
क्रूसमा झुण्ड्याएर मारिएको थियो। ६तर येशू यहाँ

---

**"मेरा … छाड्नु भयो?"** भजनसंग्रह २२:१

हुनुहुन्न। उहाँ मृत्युबाट बौरी उठनु भएको छ, उहाँले
पहिले नै भन्नुभए जस्तै। आऊ, अनि स्थान हेर जहाँ
उहाँको शरीर राखिएको थियो। ७अनि झट्टै गएर
उहाँका चेलाहरूलाई भनिदेऊ। तिनीहरूलाई भन, ‘येशू
पुनर्जीवित हुनु भएको छ। उहाँ गालीलतिर जानुभएको
छ। त्यहाँ तिमीहरूको अघि नै उहाँ पुग्नु हुनेछ। त्यहाँनै
उहाँलाई तिमीहरूले देख्न पाउनेछौ।’” फेरि ती स्वर्गदूतले
भने, “मैले तिमीहरूलाई भनिदिएको छु।”

८त्यसपछि ती आईमाईहरू त्यो चिहान छोड़ेर गए।
तिनीहरू डराए, तर खुशी पनि भए। तिनीहरू उहाँका
चेलाहरूलाई त्यहाँ भएको घटनाको विषयमा सुनाउन
दगुरे। ९तर ती आईमाईहरू उहाँका चेलाहरूलाई भन्न
दगुर्दै गर्दा, येशू तिनीहरूकै अघि उभिरहनु भएको
थियो। येशूले भन्नुभयो, “अभिवादन छ!” आईमाईहरू
येशुकहाँ गए। तिनीहरूले झट्ट उहाँको पाउ पक्रेर
उहाँको उपासना गरे। १०अनि येशूले तिनीहरूलाई
भन्नुभयो, “डराउनु पर्दैन। जाऊ अनि मेरा भाइहरूलाई
गालीलमा जान भनिदेऊ। तिनीहरूले मलाई त्यहाँ देख्न
पाउनेछन्।”

## यहूदी प्रमुखहरूलाई सूचना

११तिनीहरू त्यहाँ उहाँका चेलाहरूलाई भन्न हिँड़े।
केही समयपछि चिहानलाई पहरा दिइरहेका सैनिकहरू
शहरमा गए। तिनीहरू प्रमुख पूजाहारीहरूकहाँ गए
अनि तिनीहरूलाई सम्पूर्ण घटना बारे सुनाए। १२तब
मुख्य पूजाहारीहरू अनि यहूदी अगुवाहरू भेला भएर
सर-सल्लाह गरे। तिनीहरूले सैनिकहरूलाई घुस दिने
योजना मिलाए। १३तिनीहरूले सैनिकहरूलाई भने,
“मानिसहरूलाई भन्नू कि राती हामी निदाइरहेको बेला
येशूका चेलाहरू आएर उहाँको लाश लिएर गए।
१४कतै बड़ा हाकिमको कानमा यो खबर पुग्यो भने
हामी उहाँलाई मनाएर तिमीहरूलाई कुनै पनि अप्ठेरोबाट
मुक्त गर्नेछौं।”

१५तब तिनीहरूले सो पैसा लिए अनि पूजाहारीहरूले
भने बमोजिम काम गरे। तिनीहरूको उखान यहूदीहरू
माझ फैलियो अनि तिनीहरू माझ अहिले सम्म पनि
त्यो कुरा प्रचलित छ।

## येशूका आफ्ना चेलाहरूसँग कुराकानी

*(मर्कूस १६:१४-१८; लूका २४:३६-४९;*
*यूहन्ना २०:१९-२३; प्रेरित १:६-८)*

१६एघारजना चेलाहरू गालील गए। १७येशूले
भन्नुभएको डाँड़ामा तिनीहरू पुगे। चेलाहरूले येशूलाई
डाड़ामाथि देखे। तिनीहरूले येशूको उपासना गरे। तर
अर्को शंका थियो। १८येशूले तिनीहरूकहाँ आएर
भन्नुभयो, “स्वर्ग र पृथ्वीका सारा अधिकार मलाई
दिइएको छ। १९यसकारण जाऊ र सबै देशका
मानिसहरूलाई मेरा चेलाहरू बनाऊ। तिनीहरूलाई पिता,
पुत्र र पवित्र आत्माको नाममा बप्तिस्मा देओ। २०जे
जे मैले तिमीहरूलाई आज्ञा गरे ती सबै पालन गर्न
तिनीहरूलाई सिकाओ। अनि जगत्को अन्तसम्म म
सदैव तिमीहरूका साथमा हुनेछु।”